विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## औद्योगिक सम्पत्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी सूचना

औद्योगिक सम्पत्ति सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवाला र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र **ipdivision@moics.gov.np** मा आफ्नो राय तथा सुझाव प्रतिक्रिया उपलब्ध गराइदिनुहुन अनुरोध छ।

### विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

मानव सिर्जित अन्वेषण तथा आविष्कारको संरक्षण, राष्ट्र हितको प्रवर्धन, औद्योगिक सम्पत्ति धनीको कानूनी तथा आर्थिक अधिकारको संरक्षण गर्न,

औद्योगिक सम्पत्तिको दर्ता, नियमन, प्रवर्धन र अभिलेखाङ्कन गर्नको लागि औद्योगिक सम्पत्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न,

पेटेण्ट, औद्योगिक डिजाइन, व्यापार चिन्ह, भौगोलिक सङ्केत, व्यापारिक गोपनीयता तथा परम्परागत ज्ञान लगायतका औद्योगिक सम्पत्तिको प्रवर्द्धन र व्यावसायीकरण गरी नवप्रवर्तन र औद्योगिकीकरणलाई प्रोत्साहन तथा लगानीमैत्री बातावरण निर्माण गर्न,

औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी ट्रिप्स सम्झौता र पेरिस महासन्धि लगायत अन्तर्राष्ट्रिय सन्धि तथा अभ्यास अनुरूप औद्योगिक सम्पत्ति अधिकारको संरक्षण र व्यवस्थापनलाई सुदृढ बनाउन,

औद्योगिक सम्पत्ति सम्बन्धी विशिष्टिकृत कार्यालयको स्थापना गरी औद्योगिक सम्पत्ति प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउन,

औद्योगिक सम्पत्तिको पहिचान, संरक्षण, विकास र प्रवर्धनका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य गर्न सहयोग पुग्ने देखिन्छ ।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

नेपालको संविधानको धारा २५ बमोजिम बौद्धिक सम्पत्तिको हकको प्रभावकारी कार्यान्वयन गर्ने,

आविष्कारकर्ता, उद्यमी तथा औद्योगिक सम्पत्ति धनीलाई आफ्नो बौद्धिक सिर्जना तथा आविष्कारमाथि कानूनी संरक्षण र आर्थिक लाभ प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने,

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक विकासमार्फत थप रोजगारी सृजना हुने जसले रोजगारीको हक र श्रमको हकमा पनि सकारात्मक प्रभाव पर्ने।

औद्योगिक सम्पतिको आवेदन दर्ताको गोपनीयताले व्यक्तिको गोपनीयताको हक तथा व्यावसायिक गोपनीयताको संरक्षण हुने,

परम्परागत तथा मौलिक ज्ञानको संरक्षण र व्यावसायीकरणबाट प्राप्त हुने लाभमा सम्बन्धित समुदायको समान हक कायम गर्ने,

औद्योगिक सम्पत्ति अधिकार र सामाजिक सद्भाव तथा सार्वजनिक हितबीच सन्तुलन कायम गरी नागरिकको स्वास्थ्य तथा सार्वजनिक हित सम्बन्धी संवैधानिक अधिकारको संरक्षणमा सहयोग गर्नेछ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

औद्योगिक सम्पत्ति अधिकारको प्रभावकारी पहिचान, संरक्षण, प्रवर्धन तथा व्यवसायिक प्रयोगबाट प्रविधि विकास तथा हस्तान्तरण, उत्पादन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने भएकाले समग्र राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

वस्तु तथा सेवाको गुणस्तर, विशिष्टता अभिवृद्धि गरी वस्तु तथा सेवाको मूल्य अभिवृद्धि तथा मूल्य शृङ्खला विकासमा सकारात्मक प्रभाव पार्ने,

स्वदेशी तथा विदेशी लगानी आकर्षित हुने, अनुसन्धान तथा नवप्रवर्तनमा निजी क्षेत्रको लगानी बढ्ने र ज्ञानमा आधारित अर्थतन्त्रको विकासमा सहयोग पुग्ने,

उत्पादनशील क्षेत्रमा लगानी वृद्धि, उद्यमशीलताको विकास, औद्योगिक प्रतिस्पर्धात्मकता अभिवृद्धि तथा रोजगारी सिर्जनामा योगदान पुग्ने अपेक्षा गरिएको छ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

नवप्रवर्तन, अनुसन्धान, प्रविधि विकास, उद्यमशीलता, औद्योगिकीकरण तथा संस्थागत सुशासनलाई प्रोत्साहन गरी विशेष गरी दिगो विकासको लक्ष्य ८, ९ र १६ हासिल गर्न सहयोग पुग्नेछ।

**५. विधेयकको व्यवस्थाबाट सुशासनमा पर्ने प्रभावः**

औद्योगिक सम्पत्तिको दर्ता, दर्ता भएका औद्योगिक सम्पत्तिको अभिलेखीकरण, बुलेटिन तथा वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशन, हक हस्तान्तरण, अनुमतिपत्र सम्बन्धी अभिलेख व्यवस्थापनले संस्थागत पारदर्शिता सुदृढ हुने,

औद्योगिक सम्पत्तिको दर्ता तथा संरक्षणका लागि स्पष्ट कानूनी आधार, प्रक्रिया र परीक्षक तथा सम्बन्धित निकायको जिम्मेवारी र अधिकारले निर्णय प्रक्रियालाई थप पारदर्शी, उत्तरदायी तथा पूर्वानुमानयोग्य बनाउन सहयोग पुऱ्याउने,

Kishna

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विशिष्टीकृत औद्योगिक सम्पत्ति कार्यालयमार्फत औद्योगिक सम्पत्तिको दर्ता, परीक्षण, संरक्षण, अभिलेखीकरण, नवीकरण तथा विवाद व्यवस्थापन सम्बन्धी प्रक्रियालाई स्पष्ट, व्यवस्थित र एकीकृत बनाउने भएकाले सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने,

औद्योगिक सम्पत्तिको अनधिकृत प्रयोग तथा अधिकारको उल्लङ्घन विरुद्धको संरक्षणले कानूनको शासन र नियामकीय प्रभावकारिता अभिवृद्धि गर्ने देखिन्छ ।

६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग

हरित विकाससँग सम्बन्धित प्रविधि, नवप्रवर्तन, जैविक विविधता संरक्षण तथा परम्परागत ज्ञानको संरक्षण र उपयोगलाई प्रोत्साहन गरी जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्न सकारात्मक योगदान पुऱ्याउने।

मितिः २०८३ असार १२ गते

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# औद्योगिक सम्पत्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना:** मानव सिर्जित अन्वेषण तथा आविष्कारको संरक्षण, राष्ट्र हितको प्रवर्धन, औद्योगिक सम्पत्ति धनीको कानूनी तथा आर्थिक अधिकारको संरक्षण, त्यस्तो सम्पत्तिको दर्ता, नियमन, प्रवर्धन र अभिलेखाङ्कन गर्नको लागि औद्योगिक सम्पत्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आविष्कार" भन्नाले कुनै समस्याको प्राविधिक समाधान दिने नवीनता भएको विषय सम्झनु पर्छ।

(ख) "इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन" भन्नाले इन्टिग्रेटेड सर्किटको विभिन्न तत्त्वको आन्तरिक एकीकृत जडानलाई चित्रण गरिएको द्विआयामिक वा त्रिआयामिक स्वरूप सम्झनु पर्छ।

(ग) "उपयोगी नमुना (युटिलिटी मोडल)" भन्नाले विद्यमान प्रविधिमा गरिएको सामान्य सुधारको लागि यस ऐन बमोजिम प्रदान गरिने एकाधिकार (एक्सक्लुसिभ राइट) प्राप्त आविष्कार सम्झनु पर्छ।

(घ) "औद्योगिक डिजाइन" भन्नाले नवीनता तथा औद्योगिक प्रयोजन भएको स्वतन्त्र रूपमा सिर्जना गरिएको औद्योगिक वा हस्तकला वा अन्य कुनै माध्यमबाट तयार गरिएको वस्तुको बाह्य आकार, प्रारूप, ढाँचा, बुट्टा, अलङ्कार तथा रेखा वा रङ्गको संयोजनबाट तयार गरिएको द्विआयामिक वा त्रिआयामिक स्वरूप सम्झनु पर्छ।

(ङ) "औद्योगिक प्रयोजन (इन्डस्ट्रियल एप्लिकेसन)" भन्नाले कुनै आविष्कार वा डिजाइनलाई औद्योगिक तथा व्यावसायिक बनाउन, उत्पादन गर्न वा प्रयोग गर्न सकिने उत्पादन वा प्रक्रिया सम्झनु पर्छ।

(च) "औद्योगिक सम्पत्ति" भन्नाले पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन, व्यावसायिक गोपनीयता (ट्रेड सेक्रेट), परम्परागत ज्ञान, व्यापार चिन्ह, ख्यातिप्राप्त चिन्ह (वेलनोन मार्क), भौगोलिक सङ्केत सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले दफा ७८ बमोजिमको औद्योगिक सम्पत्ति कार्यालय सम्झनु पर्छ।

(ज) "ख्यातिप्राप्त चिन्ह (वेलनोन मार्क)" भन्नाले विश्व तथा नेपालमा उपभोक्तामाझ प्रसिद्ध भई प्रयोगमा रहेको व्यापार चिन्ह सम्झनु पर्छ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(झ) "ग्राह्यता मिति" भन्नाले पेरिस महासन्धिको पक्षराष्ट्रमा पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, व्यापार चिन्ह जस्ता औद्योगिक सम्पत्ति दर्ताको लागि पहिलो आवेदन दर्ता भएको मिति (प्रायरिटी डेट) सम्झनु पर्छ।

(ञ) "चिन्ह" भन्नाले सङ्केत, शब्द, अङ्क, अक्षर, रङ्ग, चित्र र तिनको संयोजन समेत सम्झनु पर्छ।

(ट) "ट्रिप्स सम्झौता" भन्नाले विश्व व्यापार सङ्गठन अन्तर्गत सन् १९९४ को व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी सम्झौता सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "द्विआयामिक वा त्रिआयामिक स्वरूप" भन्नाले लम्बाइ, चौडाइ र उचाइसहितको बहुआयामिक विषय समावेश भएको स्वरूप सम्झनु पर्छ।

(ढ) "नवीनता (नोभेल्टी)" भन्नाले पेटेन्ट वा अन्य कुनै औद्योगिक सम्पत्तिको आवेदन मितिभन्दा अघि सार्वजनिक रूपमा प्रकाशन नभएको वा नेपाल वा पेरिस महासन्धिको पक्षराष्ट्र वा नेपाल बाहिर अन्य देशमा प्रयोगमा नरहेको आविष्कार वा प्रविधि सम्झनु पर्छ।

(ण) "परम्परागत ज्ञान" भन्नाले कुनै समुदाय विशेषको ज्ञान वा सीपको रूपमा पुस्तान्तरण हुँदै विकसित भई निरन्तरता पाएको जानकारी, प्रक्रिया वा विधि र सोको अभ्यासलाई सम्झनु पर्छ र सो शब्दले घरेलु यन्त्र, उपकरण, जडीबुटी वा आयुर्वेदिक पद्धतिबाट उपचार, कृषि, प्रविधि, पर्यावरणीय अभ्यास, औषधीजन्य तथा अन्य आध्यात्मिक वा सांस्कृतिक ज्ञान वा सीपलाई समेत जनाउँछ।

(त) "परिषद्" भन्नाले दफा ७६ बमोजिमको औद्योगिक सम्पत्ति प्रवर्धन परिषद् सम्झनु पर्छ।

(थ) "परीक्षक" भन्नाले यस ऐन बमोजिमको औद्योगिक सम्पत्तिको परीक्षण गर्न कार्यालयले तोकेको विषय विज्ञ वा कार्यालयको अधिकृत कर्मचारी सम्झनु पर्छ।

(द) "पेटेन्ट" भन्नाले यस ऐन बमोजिम कुनै आविष्कारको आविष्कारक वा आवेदकलाई एकलौटी अधिकार (एक्सक्लुसिभ राइट) प्राप्त कुनै प्रक्रिया, यन्त्र वा उपकरण वा उत्पादित वस्तु वा पदार्थ वा वस्तुको संयोजन सम्झनु पर्छ।

(ध) "पेरिस महासन्धि" भन्नाले सन् १८८३ को औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरिस महासन्धि सम्झनु पर्छ।

(न) "बुलेटिन" भन्नाले कार्यालयबाट औद्योगिक सम्पत्ति सम्बन्धी सूचना समावेश गरी विद्युतीय वा अन्य माध्यमबाट दाबी विरोध तथा सार्वजनिक जानकारी गराउने प्रयोजनको लागि यस ऐन बमोजिम प्रकाशन गरिने सूचना सम्झनु पर्छ।

(प) "भौगोलिक सङ्केत (जियोग्राफिकल इन्डिकेसन)" भन्नाले कुनै निश्चित भौगोलिक स्थान वा क्षेत्रमा उत्पादन एवम् प्रशोधन भएको वस्तु र सो वस्तुमा त्यस्तो क्षेत्रको विशिष्ट गुण, ख्याति वा अन्य विशेषता विद्यमान रहेको सङ्केत दिने चिन्ह वा भौगोलिक नाम वा तिनको संयोजन समेत सम्झनु पर्छ।

कृष्ण बहादुर राउत
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

(फ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ब) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानूनी व्यक्तिलाई समेत जनाउँछ।

(भ) "व्यापार चिन्ह (ट्रेडमार्क)" भन्नाले कुनै व्यक्तिले आफ्नो उत्पादित वस्तु वा सेवालाई अर्को व्यक्तिले उत्पादन गरेको वस्तु वा सेवाभन्दा भिन्न देखाउन प्रयोग गरिने चिन्ह सम्झनु पर्छ र सो शब्दले अन्तरसम्बन्धित चिन्ह, प्रमाणीकरण चिन्ह, सामूहिक चिन्ह, सेवा चिन्ह वा शृङ्खला चिन्हलाई समेत जनाउँछ।

(म) "सजातीय नाम (जेनेरिक नेम)" भन्नाले नेपालको भूभागभित्र प्रयोग गरिने समान वा उस्तै किसिमको वस्तु वा सेवालाई वर्णन गर्ने चलनचल्तीको शब्द वा चिन्ह सम्झनु पर्छ।

## परिच्छेद-२
## पेटेन्ट सम्बन्धी व्यवस्था

३. पेटेन्टयोग्य विषय हुने: (१) मानव सिर्जित नवीनता, आविष्कारको चरण र औद्योगिक प्रयोजन भएको आविष्कार पेटेन्टयोग्य हुनेछ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "आविष्कारको चरण" भन्नाले मौजुदा ज्ञानको तुलनामा प्राविधिक रूपमा समुन्नत वा आर्थिक रूपमा महत्त्व रहेको वा ती दुवैको सम्भावना भएको र त्यस्तो विषयमा सम्बन्धित विषयक्षेत्रको दक्ष व्यक्ति समेत स्पष्ट भइनसकेको कुनै विषयको आविष्कारको चरण सम्झनु पर्छ।

(२) उपदफा (१) को अधीनमा रही देहायका विषय यस ऐन बमोजिम पेटेन्टयोग्य हुन सक्नेछन्:-

(क) कुनै नयाँ प्रक्रिया (प्रोसेस) को सिर्जना वा भइरहेको कामको नयाँ शैली, प्रणाली, पद्धति, तरिका वा विधि,

(ख) विद्यमान यन्त्र वा उपकरण (मेसिन) को कार्यक्षमतामा अभिवृद्धि गर्ने वा कार्यबोझ घटाउन नयाँ शैली, पद्धति वा प्रणालीको विकास वा नयाँ यन्त्र वा उपकरण,

(ग) विद्यमान प्रकृतिको भन्दा केही वा पूर्णतः भिन्न हुने गरी मानिसले वा मेसिनले बनाउने वस्तु वा उत्पादन (म्यानुफ्याक्चर्ड प्रोडक्ट),

(घ) दुई वा दुईभन्दा बढी ठोस, तरल वा ग्याँसको अवस्थामा रहेको वस्तुको रासायनिक संयोजन वा सम्मिश्रण (कम्पोजिसन अर फर्मुलेसन अफ म्याटर्स अर अब्जेक्ट्स) बाट बनेको नयाँ पदार्थ वा वस्तु।

(३) उपदफा (१) बमोजिम पूर्वजानकारी (प्रायर आर्ट) मा उल्लेख नभएको कुनै आविष्कारमा नवीनता भएको मानिनेछ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "पूर्वजानकारी (प्रायर आर्ट)" भन्नाले पेटेन्टको आवेदन मिति वा ग्राह्यता मितिभन्दा अगावै लिखित रूपमा सार्वजनिक भएको जानकारी सम्झनु पर्छ।

Krishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

४. <u>पेटेन्ट दर्ता गराउन आवेदन दिनु पर्ने:</u> (१) यस ऐन बमोजिम पेटेन्ट दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजात तथा विवरण संलग्न गरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ:-

(क) आविष्कारकको पूरा नाम, ठेगानासहितको विवरण,

(ख) ग्राह्यता मितिको दाबी गरेको भए सोको सम्बन्धित निकायबाट प्रमाणित गरिएको देहायका कागजात तथा विवरण,-

(अ) सुरु आवेदन गरिएको देश (पेरिस महासन्धिको पक्षराष्ट्र) को नाम,

(आ) सुरु आवेदन दर्ता भएको मिति र सम्बन्धित देशको औद्योगिक सम्पत्ति दर्ता गर्ने निकाय वा कार्यालयबाट जारी भएको प्रमाणित दर्ता नम्बर खुल्ने कागजात,

(इ) आवेदक आफैं आविष्कारक नभएमा आविष्कारकको सहमति वा हक प्रमाणित गर्ने कागजात।

(ग) विषय (टाइटल) सहितको आविष्कारको वर्णन वा सारवस्तु (एब्सट्रयाक्ट), सारांश र विस्तृत विवरण तथा आविष्कारको दाबी सम्बन्धमा विस्तृत रूपमा देहायका कागजात तथा विवरण समेत खुलेको पेटेन्ट प्रतिवेदन:-

(अ) पेटेन्टको हकमा प्राविधिक परिभाषा (डिफिनिसन अफ टेक्निकल फिल्ड),

(आ) आविष्कारबाट हुने उपयोगको विश्लेषण (एडभान्टेजियस इफेक्ट्स),

(इ) पेटेन्टको उपयोग विधि, प्रक्रिया र फाइदा (युजेज, प्रोसेस एन्ड बेनेफिट्स),

(ई) आविष्कारको पृष्ठभूमि र पेटेन्टको सम्बन्धमा भएको पूर्वज्ञान (प्रायर आर्ट) को विवरण,

(उ) आवेदन सूक्ष्म जैविक प्रक्रिया वा त्यसबाट उत्पादन हुने उत्पादनको सम्बन्धमा भएमा वा सूक्ष्म जीवको उपयोग हुने अवस्थामा र सम्बन्धित क्षेत्रको विज्ञले बुझ्न सक्ने गरी पर्याप्त रूपमा उल्लेख गर्न नसकिने भएमा र त्यस्तो पदार्थ सर्वसाधारणमा उपलब्ध नभएको अवस्थामा आवेदनसाथ त्यस्तो पदार्थ अन्तर्राष्ट्रिय भण्डारण (डिपोजिटरी) संस्थामा पेस गरेको निस्सा,

(ऊ) आविष्कार कुनै सिद्धान्त वा सूत्रमा आधारित भए सो सिद्धान्त वा सूत्र समेत खुलेको कागजात,

(ऋ) आविष्कारको नक्साङ्कन (ड्रइङ तथा डिजाइन) र सोको व्याख्या,

(ए) पेटेन्ट अधिकार सुरक्षित गर्न खोजेको दाबीको विवरण (क्लेम्स),

(ऐ) पेटेन्ट प्रतिवेदन तथा विवरणसहितको नक्सा तथा लेखाङ्कन।

(घ) पेटेन्ट नवीन भएको तथा पेरिस महासन्धिको पक्षराष्ट्रमा अरु कसैको नाममा दर्ता नभएको स्वघोषणा,

(ङ) आवेदनको वर्णन खण्डमा सम्बन्धित क्षेत्रमा दक्ष व्यक्तिले पर्याप्त रूपमा बुझ्न सक्ने गरी आविष्कारको वर्णन,

(च) आवेदकको पेटेन्ट दाबी स्पष्ट, संक्षिप्त र वर्णन खण्डले समर्थन गरेको,

कृष्ण बहादुर राउत
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

(छ) विदेशमा दर्ता भइसकेको पेटेन्ट सम्बन्धी आवेदनको हकमा विदेशमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रति।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

५. **पेटेन्ट दर्ता नहुने:** (१) देहायको कुनै अवस्था भएमा त्यस्तो पेटेन्ट दर्तायोग्य वा ग्राह्य हुने छैनः-

(क) पहिले अरू कसैको नाममा नेपाल वा विश्व व्यापार संगठनको सदस्य राष्ट्र वा पेरिस महासन्धिको पक्षराष्ट्रमा दर्ता भएको,

(ख) दर्ता गर्न चाहेको पेटेन्टबाट सर्वसाधारण जनताको स्वास्थ्य, पर्यावरण, धार्मिक सहिष्णुता, सामाजिक तथा सांस्कृतिक सद्भाव, सार्वजनिक हित, सदाचार वा राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पर्ने,

(ग) कुनै चिकित्सा, स्वास्थ्य परीक्षण, शारीरिक अभ्यास, शल्यक्रिया वा मानिसलाई रोग मुक्त गर्ने तरिका वा पशुपन्छी उपचार गर्ने प्रक्रिया समावेश भएको,

तर त्यस्तो तरिका वा प्रक्रियाको लागि उत्पादित यन्त्र, उपकरण वा वस्तु सम्बन्धी आविष्कारको पेटेन्ट दर्ता गर्न बाधा पर्ने छैन।

(घ) प्राकृतिक रूपमा उत्पादन हुने बिउ, वनस्पतिको विभिन्न प्रजाति, पशुपन्छी वा वनस्पतिको पूरा वा आंशिक रूप र तिनको उत्पादन, सन्तान उत्पादनको जीव विज्ञानको प्रक्रिया र विधि समावेश भएको,

तर सूक्ष्म जीवाणुयुक्त र गैरजैविक प्रक्रियाको हकमा पेटेन्ट दर्ता गर्न बाधा पर्ने छैन।

(ङ) गणितीय पद्धति, व्यावसायिक योजना, नियम तथा तरिका, कम्प्युटर प्रोग्राम वा एल्गोरिदम,

(च) बौद्धिक प्रतिभा प्रदर्शन, खेल प्रदर्शन तथा खेल खेल्ने तरिका वा नियम,

(छ) पूर्वज्ञात प्रक्रियाबाट कुनै वस्तुको उपयोगको विधि र कृषिजन्य अभ्यास ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वनस्पतिको नयाँ प्रजाति र जीवको प्रजनन् सम्बन्धी मौलिक स्वरूप (सुई जेनेरिस) मा छुट्टै कानूनी व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

६. **पेटेन्टको आवेदन उपरको प्रारम्भिक परीक्षण:** (१) कार्यालयले दफा ४ को उपदफा (१) बमोजिम पेटेन्ट दर्ताको लागि प्राप्त आवेदनको सम्बन्धमा त्यस्तो आवेदन गरेको मितिले पैंतिस दिन भित्र कार्यालयले प्रारम्भिक परीक्षण गरी अनुसूची-३ मा उल्लेख भएका कागजात तथा विवरण समावेश भए वा नभएको यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदकले आवेदनसाथ संलग्न गर्नु पर्ने कागजात तथा विवरण संलग्न गरेको नदेखिएमा त्यस्तो कागजात तथा विवरण पेस गर्नको लागि कार्यालयले सम्बन्धित आवेदकलाई लिखित सूचना दिनु पर्नेछ।

(३) आवेदकले उपदफा (२) बमोजिम माग भएको कागजात तथा विवरण अनुसूची-४ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

Krishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(४) आवेदकले उपदफा (३) बमोजिम कागजात तथा विवरण पेस गरेपश्चात् कार्यालयले थप कारबाही अघि बढाउनु पर्नेछ।

(५) पेटेन्ट दर्ताको लागि प्राप्त आवेदनको यस दफा बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदन पूर्ण र रीतपूर्वकको भएको देखिएमा कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी अनुसूची-२ बमोजिमको शुल्क लिई दफा ७ बमोजिम सारभूत परीक्षण गर्नको लागि परीक्षकलाई तोक्नु पर्नेछ।

७. **पेटेन्टको आवेदन उपरको सारभूत परीक्षण:** (१) दफा ६ को उपदफा (५) बमोजिम सारभूत परीक्षणको लागि तोकिएको आवेदनको सम्बन्धमा परीक्षकले अनुसूची-५ बमोजिमको ढाँचामा सारभूत परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सारभूत परीक्षण प्रतिवेदन तयार गर्दा यस परिच्छेद बमोजिमको विषय, कागजात वा विवरण र देहायका विषयमा परीक्षण गर्नु पर्नेछः-

(क) आविष्कारमा नवीनता भए वा नभएको,

(ख) आविष्कारको चरण समावेश भए वा नभएको, र

(ग) औद्योगिक प्रयोजन भए वा नभएको।

(३) यस दफा बमोजिम सारभूत परीक्षण गर्दा परीक्षकले नेपाल सरकारको मातहतको निकाय, प्राज्ञिक वा वैज्ञानिक संस्था, स्वतन्त्र विज्ञ वा व्यक्तिसँग राय परामर्श लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम परीक्षकले सारभूत परीक्षण प्रतिवेदन तयार गर्दा आविष्कार हुने आवेदनको प्रकृति र गहनता हेरी परीक्षणका लागि जिम्मेवारी तोकिएको मितिले नौ महिनाभित्र पेटेन्ट दर्ता गर्न मिल्ने वा नमिल्ने आधार र कारण खुलाई रायसहितको प्रतिवेदन कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनसमेतका आधारमा कार्यालयले पेटेन्टको दर्ता गर्न मिल्ने वा नमिल्ने निर्णय तीस दिनभित्र गरी सोको जानकारी सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेटेन्ट दर्ता नहुने गरी गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित आवेदकले निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र पेटेन्ट दर्ता हुनु पर्ने आधार र कारण खुलाई पुनः परीक्षणको लागि कार्यालयको प्रमुख समक्ष आवेदन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिमको आवेदन उपर जाँचबुझ गर्दा आवेदकले खुलाएको आधार र कारण समेतलाई विचार गरी कार्यालयको प्रमुखले एक पटकको लागि तीन महिनाभित्र पुनः सारभूत परीक्षण गरी प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको प्रतिवेदनसमेतका आधारमा कार्यालयले पेटेन्टको दर्ता गर्न मिल्ने वा नमिल्ने निर्णय गरी सात दिनभित्र सम्बन्धित आवेदकलाई जानकारी दिनु पर्नेछ।

(९) यस दफा बमोजिम पेटेन्ट दर्ता गर्ने गरी निर्णय भएकोमा सो उपर दाबी विरोध पेस गर्न अनुसूची-८ बमोजिमको ढाँचामा बुलेटिनमा सूचना प्रकाशन गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

८. <u>दाबी विरोध र सुनुवाईः</u> (१) दफा ७ को उपदफा (९) बमोजिम बुलेटिनमा प्रकाशित सूचना उपर कसैको दाबी विरोध भएमा आवेदन खारेजीको लागि आवश्यक प्रमाण कागजातसहित कार्यालयमा अनुसूची-२ बमोजिमको दाबी विरोध शुल्क दाखिल गरी अनुसूची-९ बमोजिमको ढाँचामा दाबी विरोधको लागि बुलेटिनमा प्रकाशन भएको मितिले नब्बे दिनभित्र उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै आवेदन उपर कार्यालयमा दाबी विरोधको उजुरी परेमा त्यस्तो आवेदनको विवरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(३) कार्यालयको प्रमुखले उपदफा (२) बमोजिम अभिलेख गरिएको दाबी विरोधको उजुरी उपर उजुरीको प्रतिलिपि संलग्न गरी पन्ध्र दिनभित्र लिखित जवाफ पेस गर्न सम्बन्धित पेटेन्ट दर्ताको आवेदकलाई आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भए तापनि सम्बन्धित पेटेन्ट दर्ताको आवेदकलाई लिखित जवाफ पेश गर्न कार्यालयको प्रमुखले निजको आवेदनका आधारमा एक पटक मात्र बढीमा पन्ध्र दिनसम्मको थप म्याद दिन सक्नेछ।

(५) कार्यालयको प्रमुखले उपदफा (३) र (४) बमोजिमको म्यादभित्र लिखित जवाफ पेस भए वा नभए पनि सो म्याद समाप्त भएपछि दाबी विरोधको उजुरी उपर सुनुवाईको मिति तोक्नु पर्नेछ।

(६) कार्यालयले उपदफा (१) बमोजिमको दाबी विरोधको उजुरी पर्न आएमा सोको जाँचबुझको क्रममा आवश्यकता अनुसार सम्बन्धित निकाय वा व्यक्तिको राय लिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम तोकिएको मितिमा कार्यालयले दाबी विरोधको उजुरी उपर छानबिन तथा सुनुवाई गरी त्यस्तो पेटेन्ट दर्ताको आवेदन खारेज गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(८) कार्यालयले उपदफा (७) बमोजिम भएको निर्णयको अभिलेख राखी सोको जानकारी सम्बन्धित पक्षलाई दिई वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

९. <u>पेटेन्ट दर्ता प्रमाणपत्र जारी गर्नेः</u> (१) कार्यालयले यस परिच्छेद बमोजिम जारी हुने पेटेन्ट दर्ता गरी अभिलेख राख्नु पर्नेछ।

तर राष्ट्रिय सुरक्षाको दृष्टिले गोप्य मानिएको पेटेन्टको सम्बन्धमा कार्यालयले छुट्टै दर्ता किताब खडा गरी गोप्य रूपमा अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको पेटेन्टको जानकारी दर्ता भएको मितिले सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(३) कार्यालयले अनुसूची-२ बमोजिमको शुल्क लिई अनुसूची-६ बमोजिमको ढाँचामा पेटेन्ट दर्ता प्रमाणपत्र जारी गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ता प्रमाणपत्र जारी भएको पेटेन्टको बारेमा सर्वसाधारणको जानकारीको लागि आवेदकको नाम, प्रमाणपत्र नम्बर र मिति, आविष्कारको नाम (टाइटल), आवेदनको सारसंक्षेप (एब्स्ट्रयाक्ट) सहितको विवरण खुलाई कार्यालयले वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(५) उपदफा (१) बमोजिम दर्ता प्रमाणपत्र जारी भएको पेटेन्टको सम्बन्धमा कसैले अध्ययन, अनुसन्धान वा प्राज्ञिक प्रयोजनको लागि जानकारी प्राप्त गर्न चाहेमा अनुसूची-२ बमोजिमको आवेदन दर्ताको जानकारी शुल्क दाखिल गरी कार्यालयमा आवेदन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम आवेदन प्राप्त भएमा कार्यालयले आवेदकलाई तोकिए बमोजिमको विवरण उपलब्ध गराउन सक्नेछ।

१०. <u>उपयोगी नमुनामा परिवर्तन गर्न सक्ने:</u> (१) दर्ता हुन नसक्ने पेटेन्ट वा पेटेन्टको हक प्राप्त हुन नसकेमा आवेदकले आफ्नो आविष्कार दफा २१ बमोजिम उपयोगी नमुनाको रूपमा दर्ता गरी हक प्राप्त गर्न चाहेमा कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदकले उपयोगी नमुनाको हक प्राप्तिको आवेदनसाथ अनुसूची-२ बमोजिमको उपयोगी नमुनामा परिवर्तन शुल्क दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आवेदन प्राप्त भएमा नवीनता र औद्योगिक प्रयोजन भएको कुनै आविष्कारलाई कार्यालयले उपयोगी नमुनाको रूपमा दर्ता गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम उपयोगी नमुनाको हक प्राप्तिको ग्राह्यता मितिको गणना आवेदन दिएको मितिबाट हुनेछ।

११. <u>पेटेन्ट धनीको अधिकार:</u> (१) यस ऐन बमोजिम दर्ता भएको पेटेन्ट धनीलाई त्यस्तो पेटेन्टको सम्बन्धमा देहायको अधिकार प्राप्त हुनेछः-

(क) आफूले आविष्कार गरेको पेटेन्टमा आफ्नो नाम उल्लेख गर्ने,

(ख) निर्दिष्ट हक, अधिकार निर्वाध रूपले भोगचलन गर्ने,

(ग) आफ्नो नाममा दर्ता कायम रहेको पेटेन्ट उत्पादन, व्यवसायीकरण, अन्य सम्पत्ति सरह बिक्री वा हक हस्तान्तरण गर्ने,

(घ) प्रक्रिया सम्बन्धी पेटेन्ट (प्रोसेस पेटेन्ट) भएमा कुनै अनधिकृत व्यक्ति वा एकाईलाई त्यस्तो प्रक्रियाको उपयोग गर्न, त्यस्तो प्रक्रियाबाट उत्पादन गर्न, उत्पादित वस्तुको उपयोग गर्न, बिक्रीको प्रस्ताव गर्न, बिक्री गर्न वा आयात गर्नबाट निषेध गर्ने वा रोक्का राख्ने,

(ङ) वस्तुसँग सम्बन्धित पेटेन्ट (प्रोडक्ट पेटेन्ट) भएमा कुनै अनधिकृत व्यक्ति वा निकायलाई त्यस्तो वस्तु उत्पादन गर्न, उपयोग गर्न, बिक्रीको प्रस्ताव गर्न, बिक्री गर्न वा आयात गर्नबाट निषेध गर्ने,

(च) दर्ता कायम रहेको पेटेन्ट करार गरी अन्य व्यक्तिलाई निश्चित समयको लागि प्रयोग गर्न दिने वा अनुमतिपत्र करार गरी आफू र अन्य व्यक्तिले एकै समयमा वा फरक फरक अवधि वा एकै क्षेत्रमा वा फरक फरक क्षेत्रमा प्रयोग गर्न पाउने गरी प्रयोग गर्न दिने, र

(छ) आफ्नो अधिकार हनन् भएमा कानूनी उपचार प्राप्त गर्ने।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रचलनको लागि पेटेन्ट धनीले कार्यालय वा प्रचलित कानून बमोजिम सम्बन्धित अधिकारप्राप्त निकायमा आवेदन दिन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको पेटेन्ट अन्य कसैले नक्कल गर्न, भ्रम सिर्जना हुने गरी कुनै वस्तु वा सेवाको उत्पादन, बिक्री, वितरण, भण्डारण

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वा आयात गर्न वा पेटेन्ट धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गर्न वा गराउन हुँदैन।

(४) परम्परागत तथा मौलिक ज्ञान, जैविक विविधता तथा आनुवांशिक स्रोतको उपयोग गरी प्रचलित कानून बमोजिम पेटेन्टयोग्य आविष्कार गरेमा त्यस्तो आविष्कार हुँदा प्रयोग भएको सम्पत्तिको स्रोत समेत खुलाउनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "जैविक विविधता तथा आनुवांशिक स्रोत" भन्नाले वनस्पति, पशुपन्छी, प्राणी, जीव, सूक्ष्मजीव (माइक्रोअर्गानिजम) वा यस्तै अन्य वंशानुगत एकाईको रूपमा रहेको जैविक वस्तु सम्झनु पर्छ र सो शब्दले त्यस्तो एकाईको बीउ, बिजन तथा प्रजननलाई समेत जनाउँछ।

(५) उपदफा (४) बमोजिम आविष्कार गरेको पेटेन्टको औद्योगिक वा व्यावसायिक उपयोगबाट प्राप्त लाभको बाँडफाँट सम्बन्धी व्यवस्था सम्बन्धित पक्षबिचको आपसी करार सम्झौता बमोजिम हुनेछ।

१२. <u>पेटेन्ट अधिकारको सीमाः</u> दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि पेटेन्ट धनीले तेस्रो पक्षलाई देहायको कार्य गर्नबाट रोक्ने वा निषेध गर्ने अधिकार हुने छैनः-

(क) पेटेन्ट धनीको आर्थिक हितमा प्रतिकूल असर नपर्ने गरी व्यक्तिगत वा गैरनाफामूलक कार्यमा पेटेन्टको उपयोग गर्न,

(ख) सम्बन्धित विषयमा प्राज्ञिक अनुसन्धान वा परीक्षणको प्रयोजनको लागि पेटेन्टको उपयोग गर्न,

तर त्यस्तो पेटेन्टको अनुसन्धान वा परीक्षणको व्यावसायिक उपयोग गर्न पाइने छैन।

(ग) यस ऐन बमोजिम अनिवार्य अनुमतिपत्र प्रदान गर्न वा त्यस्तो अनिवार्य अनुमतिपत्र अन्तर्गत नेपाल सरकारले आफैं वा नेपाल सरकारले तोकिए बमोजिमको व्यक्ति वा निकाय मार्फत उपयोग गर्न।

१३. <u>पेटेन्ट धनीको संयुक्त अधिकार हुनेः</u> (१) कार्यालयले दुई वा दुईभन्दा बढी व्यक्तिले संयुक्त रूपमा गरेको आविष्कारमा संयुक्त रूपमा पेटेन्ट अधिकार प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिको नाममा पेटेन्ट दर्ता प्रमाणपत्र जारी भई संयुक्त अधिकार कायम भएको अवस्थामा पेटेन्ट दर्ताको आवेदनमा गरेको करार सम्झौता अनुसार दफा ११ बमोजिमको पेटेन्ट अधिकार प्राप्त हुनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "करार सम्झौता" भन्नाले पेटेन्ट धनीले अर्को व्यक्ति वा उद्यमीलाई दफा ११ मा उल्लेख गरिएको सबै वा कुनै अधिकार उपयोग गर्न अनुमति दिएको लिखित सम्झौता सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम करार सम्झौता नभएको अवस्थामा सबै पेटेन्ट धनीलाई दफा ११ बमोजिम समान अधिकार प्राप्त हुनेछ।

१४. <u>पेटेन्ट अधिकार सम्बन्धी विशेष व्यवस्थाः</u> (१) दुई वा दुईभन्दा बढी व्यक्तिले स्वतन्त्र रूपमा एकै प्रकारको आविष्कार गरेमा पहिले आवेदन गर्ने व्यक्तिलाई पेटेन्टको अधिकार प्राप्त हुनेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

तर ग्राह्यता मितिको सुविधा प्राप्त आवेदनको हकमा त्यस्तो आवेदन फिर्ता लिएको, परित्याग गरेको वा अस्वीकृत भएको अवस्थामा बाहेक ग्राह्यता मितिको आधारमा पहिले आवेदन गर्ने व्यक्तिलाई पेटेन्टको अधिकार प्राप्त हुनेछ।

(२) दफा ४ बमोजिम पेटेन्ट दर्ताको लागि परेको आवेदन उपर प्रारम्भिक र सारभूत परीक्षणबाट पेटेन्ट जारी गर्नु पर्ने देखिएमा आविष्कारक वा निजले इच्छाएको व्यक्तिलाई पेटेन्टको अधिकार प्राप्त हुनेछ।

(३) कुनै निकाय वा संस्थाको कर्मचारीको हैसियतमा कार्यरत व्यक्तिले गरेको आविष्कारको हकमा सम्बन्धित पक्षबीच कुनै करार भएको भए सोही करारमा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम करार नभएको अवस्थामा त्यस्तो निकाय वा संस्थाको नाममा पेटेन्ट अधिकार कायम हुनेछ।

(५) साबिकको आविष्कारलाई सुधार गरिएको वा थप गरिएको आविष्कार एकीकृत वा पूरक पेटेन्ट (सप्लिमेन्ट्री पेटेन्ट) योग्य हुने भएमा अवधि थप नहुने गरी कार्यालयले एकीकृत पेटेन्ट अधिकार प्रदान गर्न सक्नेछ।

१५. <u>पेटेन्ट आवेदन गोप्य राख्नु पर्ने:</u> (१) पेटेन्ट दर्ताको लागि कार्यालयमा पेस भएको आवेदन वा दर्ता भएको पेटेन्टको कुनै वा सम्पूर्ण विषयवस्तु सार्वजनिक नहुँदासम्म कार्यालयले गोप्य राख्नु पर्नेछ।

तर गोप्य राखिएको कुनै पेटेन्ट सम्बन्धी आवेदन सम्बन्धित पेटेन्ट धनी वा निजको कानूनी प्रतिनिधिलाई पेटेन्ट सम्बन्धी कागजात वा विवरणको प्रतिलिपि उपलब्ध गराउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको पेटेन्ट नेपाल सरकारले राष्ट्र हित र राष्ट्रिय सुरक्षाको लागि आवश्यक देखेमा ग्रहण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले ग्रहण गरेको आविष्कार वा पेटेन्टको मूल्याङ्कन गरी कार्यालयले सम्बन्धित धनीलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. <u>अधिकार त्याग गर्न सक्ने:</u> (१) पेटेन्ट धनीले पेटेन्ट अधिकार त्याग गर्न चाहेमा पेटेन्ट उपयोग गर्न कसैलाई अनुमति दिएको भए अनुमति दिइएको व्यक्तिको स्वीकृति र अनुमति नदिएको भए कारणसहित सक्कल प्रमाणपत्र समेत संलग्न गरी कार्यालयमा तोकिए बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदनमा कार्यालयले पेटेन्ट धनीलाई सनाखत गराई त्यस्तो आवेदन उपर आवश्यक जाँचबुझ गरी पेटेन्टमा आवेदकको हक समाप्त भएको निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पेटेन्ट अधिकार त्याग सम्बन्धी निर्णय कार्यालयको अभिलेखमा जनाई वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

१७. <u>अनिवार्य अनुमतिपत्र सम्बन्धी विशेष व्यवस्था:</u> (१) कार्यालयले देहायको अवस्थामा पेटेन्ट धनीको स्वीकृति बिना कुनै सरकारी निकाय वा अन्य व्यक्तिलाई समेत समयावधि किटान गरी पेटेन्ट वा आविष्कारको उपयोग गर्न अनिवार्य अनुमतिपत्र जारी गर्न सक्नेछ:-

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(क) राष्ट्र हित, राष्ट्रिय सुरक्षा वा जनस्वास्थ्य वा अर्थतन्त्रको क्षेत्रमा गम्भीर खलल पार्ने अवस्था वा सङ्कटकालीन अवस्था भएमा,

(ख) आफैंले पेटेन्ट प्रयोग गर्न इन्कार गरेमा वा इजाजत प्रदान गर्न अस्वाभाविक सर्त राखेमा,

(ग) अत्यावश्यक वस्तु वा सेवाको अस्वाभाविक मूल्य कायम गरेमा वा आपूर्ति व्यवस्था सङ्कुचन गरे वा गराएमा,

(घ) न्यायिक वा प्रशासनिक निकायले पेटेन्ट धनी वा अनुमतिपत्रबाहकले गैरप्रतिस्पर्धात्मक कार्य गरेको भनी ठहर गरेको अवस्था भएमा,

(ङ) कुनै एक पेटेन्ट अर्को पेटेन्टको सहयोग बिना स्वतन्त्र रूपमा प्रयोग गर्न नसकिने भएमा।

(३) कार्यालयले उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई समयावधि किटान गरी पेटेन्ट वा आविष्कारको उपयोग गर्न अनिवार्य अनुमतिपत्र दिएमा त्यस्तो अनुमतिपत्र प्रासकर्तासँग दफा ११ बमोजिमको अधिकार प्रयोग गर्ने सम्बन्धमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित करार गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम अनिवार्य अनुमतिपत्र जारी गर्दा कार्यालयले पेटेन्टको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति वा रोयल्टी वा दुबै प्रदान गर्न सक्नेछ।

(५) कार्यालयले उपदफा (१) बमोजिम अनिवार्य अनुमतिपत्र जारी गरेको जानकारी तत्काल सम्बन्धित पेटेन्ट धनीलाई दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको क्षतिपूर्ति र रोयल्टी निर्धारण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>अनिवार्य अनुमतिपत्रको सर्तः</u> अनिवार्य अनुमतिपत्र देहायका सर्तको अधिनमा रही जारी गरिनेछः-

(क) पेटेन्ट प्रयोग गरिने उद्देश्य र समयावधि,

(ख) अनिवार्य अनुमतिपत्रको अवधिमा समेत सम्बन्धित पेटेन्ट उपयोग गर्न पाउने विषय,

(ग) अनिवार्य अनुमतिपत्रमा एकलौटी अधिकार (एक्सक्लुसिभ राइट) नहुने विषय,

(घ) अन्य पक्षलाई अनिवार्य अनुमतिपत्र हस्तान्तरण गर्न मिल्ने वा नमिल्ने विषय,

१९. <u>अनिवार्य अनुमतिपत्रको संशोधन र खारेजीः</u> (१) अनिवार्य अनुमतिपत्र जारी भएको पेटेन्टमा पेटेन्ट धनी वा अनिवार्य अनुमतिपत्र प्रासकर्ताले कुनै नयाँ तथ्यसहित आवेदन दिएमा कार्यालयले त्यस्तो अनुमतिपत्रमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२) अनिवार्य अनुमतिपत्र प्रासकर्ताले दफा १८ बमोजिमको सर्त पालना नगरेमा कार्यालयले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(३) अनिवार्य अनुमतिपत्र प्रासकर्ताले कार्यालयमा आवेदन दिई त्यस्तो अनुमतिपत्र त्याग गर्न सक्नेछ।

(४) कार्यालयले अनिवार्य अनुमतिपत्रको संशोधन, खारेजी र त्याग गरेको सूचना वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

२०. पेटेन्टको अभिलेखीकरण गराउनु पर्ने: (१) कार्यालयले यस परिच्छेद बमोजिम दर्ता भई प्रमाणपत्र जारी भएका पेटेन्टको तोकिए बमोजिमको विवरण सार्वजनिक जानकारी एवम् अभिलेखीकरणको लागि बार्षिक रुपमा नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) पेटेन्ट धनीले पेटेन्टको हक हस्तान्तरण गरेमा वा अन्य व्यक्तिलाई प्रयोग गर्न स्वीकृति दिएकोमा सोको अभिलेखीकरणको लागि अनुसूची-७ बमोजिमको ढाँचामा कार्यालयमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको आवेदन परेमा कार्यालयले अनुसूची-२ बमोजिमको अभिलेखीकरण शुल्क लिई पेटेन्ट धनीले पेटेन्टको हक हस्तान्तरण गरेको वा अन्य व्यक्तिलाई प्रयोग गर्न स्वीकृति दिएको व्यहोरा अभिलेखीकरण गरिदिनु पर्नेछ।

(४) पेटेन्ट धनीले यस ऐन बमोजिम दर्ता भएको पेटेन्टको एक प्रति नक्सा वा नमुना राष्ट्रिय अभिलेखालयमा पेस गर्न सक्नेछ ।

## परिच्छेद-३
## उपयोगी नमुना सम्बन्धी व्यवस्था

२१. उपयोगी नमुना दर्ता गराउन आवेदन दिनु पर्ने: (१) यस ऐन बमोजिम उपयोगी नमुना दर्ता गर्न चाहने व्यक्तिले दफा ४ बमोजिम पेटेन्टको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(२) कुनै नवीनता र औद्योगिक प्रयोजन भएको आविष्कार उपदफा (१) बमोजिम आवेदन गरी कार्यालयमा उपयोगी नमुनाको रूपमा दर्ता गराउन सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आविष्कारकले एकै आविष्कारको हकमा पेटेन्ट र उपयोगी नमुना दुवैको लागि आवेदन गर्न पाउने छैन।

(४) पेटेन्ट र उपयोगी नमुना दुवैको लागि आवेदन परेको रहेछ भने जुन विषयमा पहिलो आवेदन परेको हो सोही विषयको आवेदन दर्ताको लागि मान्य हुनेछ।

(५) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क र सारभूत परीक्षण शुल्क दाखिल गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम कार्यालयमा प्राप्त हुन आएको आवेदनको दफा २० को उपदफा (३) बमोजिम छुट्टै अभिलेख राख्नु पर्नेछ।

२२. उपयोगी नमुना उपर हक प्राप्ति: (१) उपयोगी नमुना कार्यालयमा दर्ता गराई अनुसूची-२ बमोजिमको दर्ता प्रमाणपत्र शुल्क दाखिल गरी अनुसूची-६ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्राप्त भएपछि मात्र त्यस्तो उपयोगी नमुनाको प्रयोग अनुमति प्राप्त गर्न वा त्यस्तो अनुमतिको हक हस्तान्तरण गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको उपयोगी नमुना अन्य कसैले नक्कल गर्न, भ्रम सिर्जना हुने गरी कुनै वस्तु वा सेवाको उत्पादन, बिक्री, वितरण, भण्डारण वा आयात गर्न वा उपयोगी नमुना धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गर्न वा गराउन हुँदैन।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

२३. <u>पेटेन्ट सम्बन्धी व्यवस्था लागु हुने:</u> उपयोगी नमुना सम्बन्धमा यस परिच्छेदमा उल्लेख नभएको विषयमा यस ऐन बमोजिम पेटेन्टको लागि लागु हुने अन्य व्यवस्था उपयोगी नमुनाको हकमा समेत आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित लागु हुनेछ।

## परिच्छेद- ४

## <u>औद्योगिक डिजाइन सम्बन्धी व्यवस्था</u>

२४. <u>औद्योगिक डिजाइन दर्ता गराउन आवेदन दिनु पर्ने:</u> (१) यस ऐन बमोजिम औद्योगिक डिजाइन दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजात तथा विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा आवेदन दिनु पर्नेछः-

(क) औद्योगिक डिजाइनको शीर्षक, वर्णन, ड्रइङ्ग, नाप, नक्शा, फोटो र डिजाइन दाबीको व्यहोरा,

(ख) ग्राह्यता मितिको दाबी गरेको भए सोको सम्बन्धित देशको कागजात प्रमाणित गर्ने आधिकारिक निकायबाट प्रमाणित गरिएको देहायका कागजात तथा विवरण,-

(अ) सुरु आवेदन गरिएको देश (पेरिस महासन्धिको पक्षराष्ट्र वा विश्व व्यापार संगठनको सदस्य राष्ट्र) को नाम,

(आ) सुरु आवेदन दर्ता भएको मिति र सम्बन्धित देशको औद्योगिक सम्पत्ति दर्ता गर्ने निकाय वा कार्यालयबाट जारी भएको प्रमाणित दर्ता नम्बर खुल्ने कागजात,

(इ) आवेदक आफैं औद्योगिक डिजाइन धनी नभएमा त्यस्तो औद्योगिक डिजाइन धनीको सहमति वा हक प्रमाणित गर्ने कागजात।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

२५. <u>औद्योगिक डिजाइन दर्ता नहुने:</u> देहायको कुनै अवस्था भएमा औद्योगिक डिजाइन दर्ता हुने छैनः-

(क) अरू कसैको नाममा नेपाल वा पेरिस महासन्धिको पक्षराष्ट्र वा विश्व व्यापार संगठनको सदस्य राष्ट्रमा दर्ता भएको पाइएमा,

(ख) प्रचलित नेपाल कानूनले बन्देज लगाएको विषय,

(ग) औद्योगिक सम्पत्ति सम्बन्धी नेपाल पक्ष भएको कुनै अन्तर्राष्ट्रिय सन्धि सम्झौता विपरीतको विषय,

(घ) राष्ट्रिय वा सार्वजनिक हित वा सर्वसाधारण जनताको सदाचार वा नैतिकतामा प्रतिकूल असर पर्ने विषय,

(ङ) कुनै व्यक्तिको प्रतिष्ठामा प्रतिकूल असर पर्ने विषय,

(च) कार्यालयले पहिले अस्वीकृत गरिसकेको विषय,

(छ) कुनै कार्यमूलक (फङ्कसनल) डिजाइन भएको,

(ज) नवीनता नभएमा वा स्वतन्त्रपूर्वक सिर्जना गरिएको नभएमा ।

२६. <u>औद्योगिक डिजाइन आवेदन उपरको प्रारम्भिक परीक्षण:</u> (१) दफा २४ बमोजिम औद्योगिक डिजाइनको दर्ता आवेदनको सम्बन्धमा त्यस्तो आवेदन गरेको मितिको पैंतिस दिन भित्र

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कार्यालयले प्रारम्भिक परीक्षण गरी अनुसूची-३ मा उल्लेख भएका कागजात तथा विवरण समावेश भए वा नभएको यकिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदकले आवेदनसाथ संलग्न गर्नु पर्ने कागजात तथा विवरण संलग्न गरेको नदेखिएमा त्यस्तो कागजात तथा विवरण बढीमा नब्बे दिनभित्र पेस गर्नको लागि समयावधि दिई कार्यालयले सम्बन्धित आवेदकलाई लिखित सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र आवेदकले माग भए बमोजिमको कागजात तथा विवरण अनुसूची-४ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र माग गरिएको कागजात तथा विवरण पेस नगरेमा दफा २४ बमोजिमको आवेदन आवेदकले परित्याग गरेको मानिनेछ।

(५) औद्योगिक डिजाइन दर्ताको लागि प्राप्त आवेदनको सम्बन्धमा यस दफा बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदन पूर्ण र रीतपूर्वकको भएको देखिएमा कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी दफा २७ बमोजिम सारभूत परीक्षण गर्नको लागि अनुसूची-२ बमोजिमको सारभूत परीक्षण शुल्क लिई परीक्षक तोक्नु पर्नेछ।

२७. **<u>औद्योगिक डिजाइनको आवेदन उपरको सारभूत परीक्षण:</u>** (१) दफा २६ को उपदफा (५) बमोजिम सारभूत परीक्षणको लागि पेस भएको औद्योगिक डिजाइन दर्ता आवेदनको सम्बन्धमा परीक्षकले अनुसूची-५ बमोजिमको ढाँचामा सारभूत परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सारभूत परीक्षण गरी प्रतिवेदन तयार गर्दा यस परिच्छेद बमोजिमको विषय, कागजात वा विवरण लगायत औद्योगिक डिजाइनमा नवीनता, औद्योगिक प्रयोजन र अर्को कुनै औद्योगिक डिजाइनसँग सारभूत रूपले फरक भए वा नभएको समेत परीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा आवश्यकता बमोजिम सम्बन्धित विषय विशेषज्ञको राय समेत लिन सकिनेछ।

(४) उपदफा (१) बमोजिम परीक्षकले सारभूत परीक्षण प्रतिवेदन तयार गर्दा दर्ताको लागि आवेदन दिएको औद्योगिक डिजाइन दर्ता गर्न मिल्ने भएमा दर्ताको लागि स्वीकृत गर्ने निर्णयको लागि र दर्ता गर्न नमिल्ने देखिएमा सोको आधार र कारण खुलाई दर्ता गर्न नसकिने निर्णयको लागि रायसहित बढीमा नब्बे दिन भित्र कार्यालयको प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णयको लागि पेस भएको विषयमा कार्यालयको प्रमुखले पेस भएको मितिले एक्काइस दिनभित्र निर्णय गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित आवेदकले निर्णयको जानकारी पाएको मितिले एक्काइस दिनभित्र औद्योगिक डिजाइन दर्ता हुनु पर्ने आधार र कारण खुलाई पुनः परीक्षणको लागि कार्यालयको प्रमुख समक्ष आवेदन दिन सक्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(७) उपदफा (६) बमोजिमको आवेदन उपर जाँचबुझ गर्दा आवेदकले खुलाएको आधार र कारणसमेत विचार गरी कार्यालयको प्रमुखले एक पटकको लागि तीस दिनभित्र पुनः सारभूत परीक्षण गरी प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको प्रतिवेदन समेतका आधारमा कार्यालयले औद्योगिक डिजाइन दर्ता गर्न मिल्ने वा नमिल्ने निर्णय गरी सात दिनभित्र सम्बन्धित आवेदकलाई जानकारी दिनु पर्नेछ।

(९) यस दफा बमोजिम औद्योगिक डिजाइन दर्ता गर्ने गरी निर्णय भएकोमा सो उपर दाबी विरोध भए पेस गर्न अनुसुची-८ बमोजिमको ढाँचामा बुलेटिनमा सूचना प्रकाशन गर्नु पर्नेछ।

२८. <u>दाबी विरोध र सुनुवाईः</u> (१) दफा २७ को उपदफा (९) बमोजिम बुलेटिनमा प्रकाशित सूचना उपर कसैको दाबी विरोध भएमा आवेदन खारेजीको लागि आवश्यक प्रमाण कागजातसहित कार्यालयमा अनुसूची-२ बमोजिमको दाबी विरोध शुल्क दाखिल गरी अनुसूची-९ बमोजिमको ढाँचामा दाबी विरोधको लागि बुलेटिनमा प्रकाशन भएको मितिले नब्बे दिनभित्र उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै आवेदन उपर कार्यालयमा दाबी विरोधको उजुरी परेमा त्यस्तो आवेदनको विवरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख गरिएको दाबी विरोधको उजुरी उपर कार्यालयले सोको प्रतिलिपि साथै राखी पन्ध्र दिनभित्र लिखित जवाफ पेस गर्न सम्बन्धित औधोगिक डिजाइनको दर्ता आवेदकलाई आदेश दिन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएतापनि सम्बन्धित औद्योगिक डिजाइन दर्ताको आवेदकलाई लिखित जवाफ पेश गर्न कार्यालयको प्रमुखले निजको आवेदनका आधारमा एक पटक मात्र बढीमा पन्ध्र दिनसम्मको थप म्याद दिन सक्नेछ।

(५) कार्यालयको प्रमुखले उपदफा (३) र (४) बमाजिमको म्यादभित्र लिखित जवाफ पेश भए वा नभए पनि सो म्याद समाप्त भएपछि दाबी विरोधको उजुरीउपर सुनुवाईको मिति तोक्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको दाबी विरोधको उजुरी पर्न आएमा कार्यालयले सोको जाँचबुझको क्रममा आवश्यकता अनुसार सम्बन्धित निकाय वा व्यक्तिको राय लिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम तोकिएको मितिमा कार्यालयले दाबी विरोधको उजुरी उपर छानबिन तथा सुनुवाई गरी त्यस्तो औद्योगिक डिजाइन दर्ताको आवेदन खारेज गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(८) कार्यालयले उपदफा (७) बमोजिम भएको निर्णयको अभिलेख राखी सोको जानकारी सम्बन्धित पक्षलाई दिई वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

२९. <u>औद्योगिक डिजाइन दर्ता प्रमाणपत्र जारी गर्नेः</u> (१) यस परिच्छेद बमोजिम सारभुत परिक्षणबाट स्वीकृत भएको औद्योगिक डिजाइन कार्यालयले अभिलेख राखी सोको जानकारी निर्णय भएको सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(२) कार्यालयले उपदफा (१) बमोजिम अभिलेखीकरण गरेको औद्योगिक डिजाइनको अनुसूची-२ बमोजिमको शुल्क लिई अनुसूची-६ बमोजिमको ढाँचामा औद्योगिक डिजाइन दर्ता प्रमाणपत्र जारी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता प्रमाणपत्र जारी भएको औद्योगिक डिजाइनको बारेमा सर्वसाधारणको जानकारीको लागि आवेदकको नाम, प्रमाणपत्र नम्बर र मिति, आवेदनको सारसंक्षेप (एब्स्ट्रयाक्ट) सहितको विवरण खुलाई कार्यालयले वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।

३०. **औद्योगिक डिजाइन धनीको अधिकार:** (१) यस ऐन बमोजिम औद्योगिक डिजाइन धनीलाई त्यस्तो औद्योगिक डिजाइनको सम्बन्धमा देहायको अधिकार प्राप्त हुनेछ:-

(क) निर्दिष्ट हक, अधिकार निर्वाध रूपले भोगचलन गर्ने,

(ख) औद्योगिक डिजाइन धनीले आफ्नो नाममा दर्ता कायम रहेको औद्योगिक डिजाइन अन्य सम्पत्ति सरह बिक्री वा हक हस्तान्तरण गर्ने,

(ग) दर्ता भएको औद्योगिक डिजाइन आफैं उत्पादन गर्न वा आफ्नो उत्पादनमा प्रयोग गर्ने,

(घ) दर्ता कायम रहेको औद्योगिक डिजाइन करार गरी अन्य व्यक्तिलाई निश्चित समयको लागि प्रयोग गर्न दिन वा अनुमतिपत्र करार गरी आफू र अन्य व्यक्तिले एकै समयमा वा फरक फरक अवधि वा एकै क्षेत्र वा फरक फरक क्षेत्रमा प्रयोग गर्न पाउने गरी प्रयोग गर्न दिने,

(ङ) दर्ता कायम रहेको औद्योगिक डिजाइनलाई समानुपातिक रूपमा सानो वा ठूलो आकारमा उत्पादन वा बिक्री गर्ने,

(च) औद्योगिक डिजाइन धनीले आफ्नो मञ्जुरी बिना आफ्नो नाममा दर्ता कायम रहेको औद्योगिक डिजाइन वा त्यस्तो डिजाइनको नक्कल गरी तेस्रो पक्षलाई वस्तु उत्पादन, बिक्री वा आयात गर्नबाट रोक लगाउने।

(२) यस ऐन बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको औद्योगिक डिजाइन अन्य कसैले नक्कल गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्न, भण्डारण तथा आयात गर्न वा यस ऐन बमोजिम आफ्नो नाममा नामसारी नगराई वा धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट व्यावसायिक प्रयोजनमा प्रयोग गर्न वा गराउन पाइने छैन।

## परिच्छेद-५

## व्यापार चिन्ह (ट्रेडमार्क) सम्बन्धी व्यवस्था

३१. **व्यापार चिन्ह दर्ता गराउन आवेदन दिनु पर्ने:** (१) यस ऐन बमोजिम व्यापार चिन्ह दर्ता गराउन चाहने व्यक्तिले देहायका कागजात तथा विवरण संलग्न गरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ:-

(क) शब्द, अङ्क, अक्षर, चिन्ह, चित्र, रङ्ग वा तिनको संयोजन रहेको व्यापार चिन्हको लागि आवेदन गर्नु परेमा सोको नमुनासहितको विवरण,

(ख) ग्राह्यता मितिको दाबी गरेको भए सम्बन्धित देशको आधिकारिक निकायबाट प्रमाणित गरिएको देहायका कागजात तथा विवरण,-

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(अ) सुरु आवेदन गरिएको देश (पेरिस महासन्धिको पक्षराष्ट्र वा विश्व व्यापार संगठनको सदस्य राष्ट्र) को नाम,

(आ) सुरु आवेदन दर्ता भएको मिति र सम्बन्धित देशको औद्योगिक सम्पत्ति दर्ता गर्ने निकाय वा कार्यालयबाट जारी भएको प्रमाणित दर्ता नम्बर खुल्ने कागजात,

(इ) आवेदक आफैं व्यापार चिन्ह धनी नभएमा त्यस्तो व्यापार चिन्ह धनीको सहमति वा निज आवेदकको हक प्रमाणित गर्ने कागजात।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

(३) एकै व्यक्तिले व्यापार चिन्हको फरक फरक वर्गमा आवेदन गर्न चाहेमा प्रत्येक वर्गको लागि थप शुल्क दाखिल गरी एकैपटक फरक फरक आवेदन गर्न सक्नेछ।

३२. <u>व्यापार चिन्ह दर्ता नहुने:</u> देहायको कुनै अवस्था भएको कुनै व्यापार चिन्ह दर्ता हुने छैन:-

(क) राष्ट्र हित, सार्वजनिक हित, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, सार्वजनिक सदाचार वा नैतिकताको विपरीत हुने,

(ख) कुनै व्यक्ति, जाति, समुदाय, संस्कृति वा संस्थाको ख्याति वा मर्यादामा नकारात्मक असर पर्ने वा भ्रम सिर्जना गर्ने,

(ग) राष्ट्रिय झण्डा, निशाना छाप तथा राज्यको निकायको प्रतिक चिन्ह र तिनले ग्रहण गरेको नियन्त्रण तथा वारेन्टी इङ्गित गर्ने औपचारिक प्रतिक चिन्ह वा प्रमाण चिन्ह, हातहतियार खरखजाना,

(घ) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको चिन्ह,

(ङ) राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा अन्तरसरकारी सङ्घ, सङ्गठनको प्रतीक चिन्ह, संक्षिप्त रूप र नाम,

(च) सम्बन्धित व्यक्तिको लिखित सहमति बिना पेस भएको कुनै व्यक्तिको मुहारचित्र,

(छ) एउटै वर्गको वस्तु वा सेवाको लागि पहिले आवेदन पेस भएको वा दर्ता कायम रहेको व्यापार चिन्हसँग मिल्दोजुल्दो वा भ्रम सिर्जना हुने,

(ज) पहिले आवेदन पेस भएको वा दर्ता कायम रहेको वा ग्राह्यता मितिको समय बाँकी रहेको फरक वर्ग भए तापनि उस्तै वा सम्बन्धित वस्तु वा सेवाको व्यापार चिन्हसँग भ्रम सिर्जना हुने,

(झ) कार्यालयमा दर्ता कायम रहेको व्यापार चिन्हको अघि वा पछि उपसर्ग वा प्रत्यय जोडी आवेदन भएको,

(ञ) ट्रिप्स सम्झौता वा पेरिस महासन्धिको पक्षराष्ट्रमा ख्यातिप्राप्त चिन्हको रूपमा दर्ता भएको व्यापार चिन्हसँग हुबहु मिल्ने वा भ्रम सिर्जना हुने चिन्ह,

(ट) भौगोलिक सङ्केतको आधारमा वस्तु वा सेवाको प्रकृति, गुण, विशेषताको भ्रम सिर्जना गर्ने, वस्तु वा सेवाको गुण मात्र जनाउने वा भौगोलिक स्रोतको सङ्केत दिने,

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ठ) कुनै निश्चित आकार नतोकिएको रङ्ग मात्र भएको,

(ड) नाङ्गो आँखाले देख्न नसकिने, भिन्नता नछुट्टिने वा कुनै भिन्नताको पहिचान गर्न नसकिने भएको,

(ढ) कुनै पनि वस्तु वा सेवाको प्रकार, परिमाण, गुण, गुणस्तर, विशेषता, प्रयोजन जनाउने वा सम्बन्धित वस्तु वा सेवाको सजातीय नाम वा वर्णनात्मक नाम जनाउने,

(ण) विश्व स्वास्थ्य सङ्गठनको जेनेरिक सूचीमा परेको औषधीको नाम भएको,

(त) खेलकुद लगायत आधिकारिक सङ्घ,संस्थाको चिन्हसँग मिल्दोजुल्दो,

(थ) दर्ता भएको कम्पनीको चिन्हसँग मिल्दोजुल्दो भएको,

(द) प्रचलित कानून बमोजिम निषेध गरिएको चिन्ह।

३३. <u>व्यापार चिन्हको आवेदन उपरको प्रारम्भिक परीक्षण:</u> (१) दफा ३१ को उपदफा (१) बमोजिम व्यापार चिन्हको लागि प्राप्त आवेदनको सम्बन्धमा त्यस्तो आवेदन गरेको मितिले पैंतिस दिन भित्र कार्यालयले प्रारम्भिक परीक्षण गरी अनुसूची-३ मा उल्लेख भएका कागजात तथा विवरण समावेश भए वा नभएको यकिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदकले आवेदनसाथ संलग्न गर्नु पर्ने कागजात तथा विवरण संलग्न गरेको नदेखिएमा त्यस्तो कागजात तथा विवरण पैंतिस दिनभित्र पेस गर्नको लागि समयावधि दिई कार्यालयले सम्बन्धित आवेदकलाई लिखित सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र आवेदकले माग भए बमोजिमको कागजात तथा विवरण अनुसूची-४ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र माग गरिएको कागजात तथा विवरण पेस नगरेमा दफा ३१ बमोजिमको आवेदन आवेदकले परित्याग गरेको मानिनेछ।

(५) व्यापार चिन्ह दर्ताको लागि प्राप्त आवेदनको सम्बन्धमा यस दफा बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदन पूर्ण र रीतपूर्वकको भएको देखिएमा कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी दफा ३४ बमोजिम सारभूत परीक्षण गर्नको लागि अनुसूची-२ बमोजिमको सारभूत परीक्षण शुल्क दाखिल गर्न लगाई गरी परीक्षक तोक्नु पर्नेछ।

३४. <u>व्यापार चिन्हको आवेदन उपरको सारभूत परीक्षण:</u> (१) दफा ३३ को उपदफा (५) बमोजिम सारभूत परीक्षणको लागि पेस भएको व्यापार चिन्ह दर्ताको आवेदनको सम्बन्धमा परीक्षकले अनुसूची-५ बमोजिमको ढाँचामा सारभूत परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदनको सारभूत परीक्षण प्रतिवेदन तयार गर्दा यस परिच्छेद बमोजिमको विषय, कागजात, विवरण लगायत व्यापार चिन्ह अर्को कुनै व्यापार चिन्हसँग सारभूत रूपले फरक भए वा नभएको परीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण प्रतिवेदन तयार गर्दा आवश्यकता बमोजिम सम्बन्धित विषय विशेषज्ञको राय समेत लिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम परीक्षकले सारभूत परीक्षण प्रतिवेदन तयार गर्दा दर्ताको लागि आवेदन दिएको व्यापार चिन्ह दर्ता गर्न योग्य देखिएमा सो व्यहोरा उल्लेख गरी र

कृष्ण बहादुर राउत
सचिव
...उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

दर्ता गर्न नमिल्ने देखिएमा सोको आधार र कारण खुलाई दर्ता गर्न नसकिने निर्णयको लागि बढीमा साठी दिनभित्र रायसहित कार्यालयको प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णयको लागि पेस भएको विषयमा कार्यालयको प्रमुखले पेस भएको मितिले पन्ध्र दिनभित्र निर्णय गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित आवेदकले निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र व्यापार चिन्ह दर्ता हुनु पर्ने आधार र कारण खुलाई पुनः परीक्षणको लागि कार्यालयको प्रमुख समक्ष आवेदन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिमको आवेदन उपर कार्यालयले जाँचबुझ गर्दा आवेदकले खुलाएको आधार र कारण समेतलाई विचार गरी कार्यालयको प्रमुखले एक पटकको लागि एक्काइस दिनभित्र पुनः सारभूत परीक्षण गरी प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेछ।

(८) उपदफा (६) बमोजिमको आवेदन उपर विचार गर्दा समेत आवेदन माग बमोजिमको व्यापार चिन्ह दर्ता गर्न नमिल्ने देखिएमा सोको आधार र कारण खुलाई कार्यालयको प्रमुखले पन्ध्र दिन भित्र निर्णय गरी सम्बन्धित आवेदकलाई जानकारी दिनु पर्नेछ।

(९) यस दफा बमोजिम व्यापार चिन्ह दर्ता गर्ने गरी निर्णय भएकोमा सो उपर दाबी विरोध पेश गर्न कार्यालयले अनुसूची-८ बमोजिमको ढाँचामा बुलेटिनमा सूचना प्रकाशन गर्नु पर्नेछ।

३५. <u>दाबी विरोध र सुनुवाईः</u> (१) दफा ३४ को उपदफा (१०) बमोजिम बुलेटिनमा प्रकाशित सूचना उपर कसैको दाबी विरोध भएमा आवेदन खारेजीको लागि आवश्यक प्रमाण कागजातसहित कार्यालयमा अनुसूची-२ बमोजिमको दाबी विरोध शुल्क दाखिल गरी अनुसूची-९ बमोजिमको ढाँचामा बुलेटिनमा प्रकाशन भएको मितिले नब्बे दिनभित्र दाबी विरोधको लागि उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै आवेदन उपर कार्यालयमा दाबी विरोधको उजुरी परेमा त्यस्तो आवेदनको विवरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख गरिएको दाबी विरोधको उजुरी उपर कार्यालयले सोको प्रतिलिपि साथै राखी पन्ध्र दिनमा नबढाई लिखित जवाफ पेस गर्न सम्बन्धित व्यापार चिन्ह धनीलाई आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र लिखित जवाफ पेस नभए पनि सो म्याद समाप्त भएपछि कार्यालयले दाबी विरोधको उजुरी उपर सुनुवाईको मिति तोक्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको दाबी विरोधको उजुरी पर्न आएमा कार्यालयले सोको जाँचबुझको क्रममा आवश्यकता अनुसार सम्बन्धित निकाय वा व्यक्तिको राय लिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम तोकिएको मितिमा कार्यालयले दाबी विरोधको उजुरी उपर छानबिन तथा सुनुवाई गरी त्यस्तो व्यापार चिन्ह दर्ता आवेदन खारेज गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(७) कार्यालयले उपदफा (६) बमोजिम भएको निर्णयको अभिलेख राखी सोको जानकारी सम्बन्धित पक्षलाई दिई वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

३६. <u>व्यापार चिन्ह दर्ता प्रमाणपत्र जारी गर्नेः</u> (१) कार्यालयले यस परिच्छेद बमोजिम स्वीकृत भएको व्यापार चिन्ह दर्ता गरी अभिलेख राखी सोको जानकारी निर्णय भएको सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम अभिलेखीकरण गरेको व्यापार चिन्ह अनुसूची-२ बमोजिमको शुल्क लिई अनुसूची-६ बमोजिमको ढाँचामा व्यापार चिन्ह दर्ता प्रमाणपत्र जारी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता प्रमाणपत्र जारी भएको व्यापार चिन्ह कार्यालयले वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

३७. <u>व्यापार चिन्ह धनीको अधिकारः</u> (१) यस ऐन बमोजिम दर्ता भएको व्यापार चिन्ह धनीलाई त्यस्तो व्यापार चिन्हको सम्बन्धमा देहायको अधिकार प्राप्त हुनेछः-

(क) निर्दिष्ट हक अधिकार निर्वाध रूपले प्रयोग गर्ने,

(ख) व्यापार चिन्ह धनीले आफ्नो नाममा दर्ता कायम रहेको व्यापार चिन्ह अन्य सम्पत्ति सरह बिक्री वा हक हस्तान्तरण गर्ने,

(ग) दर्ता भएको व्यापार चिन्ह आफ्नो उत्पादन र व्यापारमा प्रयोग गर्ने,

(घ) दर्ता कायम रहेको व्यापार चिन्ह करार गरी अन्य व्यक्ति वा निकायलाई निश्चित समयको लागि प्रयोग गर्न दिने वा करार गरी आफू र अन्य व्यक्ति वा निकायले एकै समयमा वा फरक फरक समयमा वा एकै क्षेत्रमा वा फरक फरक क्षेत्रमा प्रयोग गर्न पाउने गरी अन्य व्यक्ति वा निकायलाई प्रयोग गर्न दिने,

(ङ) व्यापार चिन्ह धनीले आफ्नो मञ्जुरी बिना आफ्नो नाममा दर्ता कायम रहेको व्यापार चिन्ह वा त्यस्तो व्यापार चिन्हको नक्कल हुने खालको व्यापार चिन्ह तेस्रो पक्षलाई प्रयोग गर्नबाट रोक लगाउन सम्बन्धित निकायमा आवेदन दिने।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यापार चिन्ह अन्य कसैले नक्कल गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण, भण्डारण तथा आयात गर्न, व्यापार चिन्हको रूपमा प्रयोग गर्न वा यस ऐन बमोजिम आफ्नो नाममा नामसारी नगराई वा लिखित रूपमा व्यापार चिन्ह धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गर्न वा गराउन हुँदैन।

३८. <u>व्यापार चिन्ह प्रयोगमा ल्याएको जानकारी दिनु पर्नेः</u> (१) दफा ३६ बमोजिम व्यापार चिन्ह दर्ता प्रमाणपत्र जारी भएपछि व्यापार चिन्ह धनीले दर्ता भएको मितिले तीन वर्षभित्र आफ्नो उत्पादन वा सेवामा प्रयोग गरेको प्रमाणसहित कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ।
(२) उपदफा (१) बमोजिमको अवधिभित्र लिखित जानकारी नदिएमा त्यस्तो व्यापार चिन्ह स्वतः खारेज भएको मानिनेछ।

(३ ) उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै अवस्थालाई व्यापार चिन्ह प्रयोगमा ल्याएको मानिनेछः-

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(क) व्यापार चिन्ह धनी आफैंले सम्बन्धित वस्तु वा सेवामा प्रयोग गरेको,

(ख) व्यापार चिन्ह धनीको स्वीकृतिमा कार्यालयमा अभिलेखीकरण गरी अन्य व्यक्ति वा संस्थाले प्रयोगमा ल्याएको,

(ग) हक हस्तान्तरण वा करार गरी लिने पक्षले प्रयोगमा ल्याएको,

(घ) वस्तु वा सेवाको प्रत्यक्ष व्यावसायिक कारोबार भएको वा विद्युतीय माध्यमको प्रयोगद्वारा बिक्री वा कारोबार भएको।

(३) व्यापार चिन्हको प्रयोग गर्दा जुन वर्ग वा स्वरूप र प्रयोजनको लागि दर्ता भएको हो सोही अनुसार प्रयोग गर्नु पर्नेछ।

तर दर्ता भएको व्यापार चिन्हको आकारलाई समानुपातिक रूपमा ठूलो वा सानो बनाई प्रयोग गर्न बाधा पर्ने छैन।

३९. <u>दर्ता खारेज हुन सक्ने:</u> (१) देहायको अवस्था भएमा कार्यालयले व्यापार चिन्हको दर्ता खारेज गर्न सक्नेछः-

(क) कुनै दर्ता भएको व्यापार चिन्हमा दफा ३२ को अवस्था प्रमाणित भएमा,

(ख) दफा ३८ बमोजिमको म्यादभित्र व्यापार चिन्ह प्रयोगमा नल्याएमा,

(ग) आवेदन पेस भएको वा दर्ता भएको व्यापार चिन्ह सो आवेदन पेस वा दर्ता भएको मितिभन्दा अगावै अन्य व्यक्तिको नाममा आवेदन पेस वा दर्ता भएको कार्यालयको अभिलेखमा देखिएमा,

(घ) कुनै ख्यातिप्राप्त चिन्हको नक्कल गरी सारभूत रूपमा मिल्दोजुल्दो व्यापार चिन्ह प्रयोग गरेको पाइएमा,

(ङ) कुनै अन्य निकायमा पहिला नै दर्ता भएको व्यापारिक नाम (ट्रेड नेम) व्यापार चिन्हको रूपमा दर्ता गराएको पाइएमा,

(च) दफा ९९ को उपदफा (२) बमोजिम नवीकरण वा अद्यावधिक नगराएमा।

(२) उपदफा (१) बमोजिम व्यापार चिन्हको दर्ता खारेज गर्नुअघि कार्यालयले त्यस्तो व्यापार चिन्ह धनीलाई स्पष्टीकरण पेस गर्ने उचित मौका दिनु पर्नेछ।

(३) कुनै व्यापार चिन्ह अन्य निकायमा दर्ता गरी व्यापारिक नामको रूपमा प्रयोग गरेको पाइएमा कार्यालयले त्यस्तो व्यापारिक नाम (ट्रेड नेम) खारेज गर्न सो दर्ता गर्ने निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिसको आधारमा त्यस्तो व्यापारिक नाम दर्ता गर्ने निकायले सो व्यापारिक नाम (ट्रेड नेम) खारेज गर्नु पर्नेछ।

(५) यस ऐन बमोजिम आवेदन वा दर्ता भएको कुनै व्यापार चिन्ह त्यस्तो व्यापार चिन्ह दर्ताको लागि आवेदन दिएको मितिभन्दा अगावै पेरिस महासन्धि वा ट्रिप्स सम्झौताको पक्षराष्ट्रमा दर्ता भई ख्यातिप्राप्त रहेछ भने नेपालमा दर्ता भएको व्यापार चिन्हबाट आफूलाई हानि नोक्सानी पुगेको भनी सम्बन्धित व्यापार चिन्ह धनी वा निजको प्रतिनिधिले प्रमाणसहित कार्यालयमा उजुरी गर्न सक्नेछ।

तर यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएको व्यापार चिन्हको हकमा यो व्यवस्था लागु हुने छैन।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(६) उपदफा (५) बमोजिमको उजुरी उपर जाँचबुझ गर्दा व्यहोरा उचित देखिएमा कार्यालयले ख्यातिप्राप्त चिन्ह धनीलाई उचित क्षतिपूर्ति भराई त्यस्तो व्यापार चिन्ह खारेज गर्न सक्नेछ।

४०. **व्यापार चिन्हको सङ्केत अङ्कित गर्नु पर्ने:** यस ऐन बमोजिम दर्ता भएको व्यापार चिन्ह प्रयोग गरी वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्दा गोलो घेराभित्र अङ्ग्रेजी वर्णमालाको आर (®) अङ्कित गर्नु पर्नेछ।

४१. **व्यापार चिन्ह प्रयोग गर्न नपाइने:** कुनै व्यापार चिन्ह यस ऐन बमोजिम दर्ता नगराई दर्ता भएको व्यापार चिन्ह (रजिष्टर्ड ट्रेडमार्क) को रूपमा प्रयोग गर्न पाइने छैन।

४२. **ख्यातिप्राप्त चिन्हको दर्ता तथा संरक्षण:** (१) यस ऐन बमोजिम ख्यातिप्राप्त चिन्ह दर्ता गर्न चाहने व्यक्तिले दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

(३) ख्यातिप्राप्त चिन्ह अनुसूची-११ बमोजिमको वर्गीकरण अनुसार फरक-फरक वस्तु वा सेवाको वर्गमा संरक्षण गर्न चाहेमा सम्बन्धित ख्यातिप्राप्त चिन्ह धनीले अनुसूची-२ बमोजिमको हरेक वर्गको लागि छुट्टाछुट्टै आवेदन दर्ता शुल्क दाखिल गरी उपदफा (१) बमोजिम आवेदन गरी यस ऐन बमोजिम दर्ता गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएको ख्यातिप्राप्त चिन्हको अनुसूची-६ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र जारी गर्नुअघि कार्यालयले सम्बन्धित आवेदकलाई अनुसूची-२ बमोजिमको दर्ता प्रमाणपत्र शुल्क दाखिल गर्न लगाउनु पर्नेछ।

(५) उपदफा (१) वा (३) विपरीत कसैले अरूको नामको कुनै ख्यातिप्राप्त चिन्ह दर्ता गराएको वा प्रयोग गरेको भनी सम्बन्धित ख्यातिप्राप्त चिन्ह धनीले कार्यालयमा उजुरी दिएमा सो उजुरी उपर आवश्यक जाँचबुझ गरी उजुरीकर्ताको माग दाबी उचित देखिएमा कार्यालयले त्यस्तो ख्यातिप्राप्त चिन्हको दर्ता रद्द गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता रद्द गर्नुअघि कार्यालयले त्यस्तो ख्यातिप्राप्त चिन्ह धनीलाई स्पष्टीकरण पेस गर्ने उचित मौका दिनु पर्नेछ।

४३. **ख्यातिप्राप्त चिन्ह निर्धारण गर्ने आधार:** ख्यातिप्राप्त चिन्ह निर्धारण गर्दा देहायका आधार लिइनेछः-

(क) व्यापार चिन्ह दर्ता भएको वस्तु वा सेवा,

(ख) व्यापार चिन्ह उपयोग गरिएको अवस्था,

(ग) प्रस्तावित वस्तु वा सेवाको उत्पादन वा बेचबिखन भएको भौगोलिक क्षेत्र र त्यहाँको सर्वसाधारण उपभोक्ता बीच त्यस्तो वस्तु र सेवाको स्थापित पहिचान र ख्याति,

(घ) व्यापार चिन्ह प्रयोगमा ल्याएको वस्तु वा सेवाको अवधि,

(ङ) व्यापार चिन्ह उपयोग भएको वस्तु वा सेवाको बजार हिस्सा,

(च) व्यापार चिन्हको व्यावसायिक मूल्य (ख्यातिको मूल्य),

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(छ) व्यापार चिन्हको विज्ञापन, प्रचारप्रसार तथा प्रवर्धनमा भएको खर्च र समयावधि,

(ज) उपभोक्ता माझ प्रयोग र लोकप्रियताको अवस्था,

(झ) विदेशमा भए सम्बन्धित औद्योगिक सम्पत्ति कार्यालय वा अदालतले ख्यातिप्राप्त चिन्ह सम्बन्धमा गरेको निर्णय,

(ञ) विश्व प्रसिद्ध संस्था वा सञ्चार माध्यम तथा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको म्यागेजिनले सूचीकरण गरेको वा पुरस्कृत गरेको अवस्था।

४४. <u>सामूहिक चिन्ह दर्ता सम्बन्धी व्यवस्था</u> (१) प्रचलित कानून बमोजिम दर्ता भएको संस्था तथा संस्थामा आबद्ध सदस्यले मात्र प्रयोग गर्न पाउने गरी सामूहिक चिन्ह दर्ताको लागि दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने कागजात तथा विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "सामूहिक चिन्ह (कलेक्टिभ मार्क)" भन्नाले समान उद्देश्य भएको एकै प्रकारको वस्तु वा सेवा उत्पादन गर्न प्रचलित कानून बमोजिम स्थापना भएको संस्थाले आफूसँग आबद्ध सदस्यले मात्र प्रयोग गर्न पाउने गरी कार्यालयमा दर्ता गराएको व्यापार चिन्ह सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क र सारभूत परीक्षण शुल्क दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सामूहिक चिन्हको लागि कार्यालयमा आवेदन गर्दा आवेदनमा सामूहिक व्यापार चिन्ह भनी प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ र अन्य व्यापार चिन्ह दर्ता गर्दा पेस गर्नु पर्ने कागजातको अतिरिक्त देहायका कागजात संलग्न गर्नु पर्नेछः -

(क) सामूहिक चिन्हको लागि आवेदन गर्ने संस्थाको विधान,

(ख) सामूहिक चिन्ह प्रयोग सम्बन्धी कार्यविधि,

(ग) सामूहिक चिन्ह प्रयोग गर्ने सम्बन्धमा सदस्यसँग भएको सम्झौताको प्रमाणित प्रतिलिपि।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिम पेस भएको कार्यविधिमा देहायका विषय समावेश भएको हुनु पर्नेछः-

(क) आवेदक संस्थाको सदस्यताको सर्त,

(ख) सामूहिक व्यापार चिन्ह प्रयोग गर्ने सर्त,

(ग) वस्तु वा सेवाको उत्पादन प्रक्रिया र गुणस्तर सम्बन्धी मापदण्ड,

(घ) वस्तु वा सेवा उत्पादकले पालना गर्नु पर्ने आचारसंहिता सम्बन्धी विषय,

(ङ) नियामक संस्था र प्रयोगकर्ता बीच सामूहिक चिन्ह प्रयोगको सम्बन्धमा हुने सम्झौता र दुवै पक्षले पालना गर्नु पर्ने सर्त,

(च) निर्धारित मापदण्ड, आचरण र सर्त पालना भए वा नभएको अनुगमन गरी पालना गराउने र पालना नभएमा वा चिन्हको दुरूपयोग भएमा गरिने कारबाही वा हुने सजाय सम्बन्धी व्यवस्था।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

तर सामूहिक चिन्ह दर्ता गर्न चाहने संस्थाले एकै प्रकारको वस्तु उत्पादन गर्ने अन्य उत्पादकलाई त्यस्तो संस्थाको पूर्वनिर्धारित नियम र सर्त पालना गर्ने गरी सदस्यता प्राप्त गर्न बन्देज लगाउन पाइने छैन।

(५) उपदफा (४) बमोजिम पेस भएको कार्यविधि त्यस्तो संस्थाको साधारणसभा वा भेलाको कम्तीमा सामान्य बहुमतबाट र सरकारी वा अर्धसरकारी निकायको हकमा सो निकायको अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेस भएको आवेदन स्वीकारयोग्य देखिएमा कार्यालयले त्यस्तो आवेदन दर्ता गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम प्रस्तावित सामूहिक चिन्हको नाम, चिन्ह, विधान वा कार्यविधि लगायतका कागजातमा संशोधन गर्नु पर्ने भएमा कार्यालयले पन्ध्र दिनभित्र सो व्यहोरा सम्बन्धित आवेदकलाई जानकारी गराउनु पर्नेछ।

(८) यस ऐन बमोजिम अन्य व्यापार चिन्ह दर्ता गर्दा पूरा गर्नु पर्ने प्रक्रिया पूरा गरी कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा सामूहिक व्यापार चिन्ह दर्ता प्रमाणपत्र जारी गर्नेछ।

(९) उपदफा (८) बमोजिम सामूहिक चिन्ह प्राप्त गरेको कुनै संस्थाको सदस्यले अन्य सदस्यलाई विमुख गरी त्यस्तो सामूहिक चिन्ह प्रयोग गरेको वा उपदफा (४) बमोजिमको सम्झौता विपरीत प्रयोग गरेको वा सम्बन्धित वस्तु वा सेवाको विशेषता सम्बन्धमा सर्वसाधारणमा भ्रम सिर्जना वा सार्वजनिक सरोकारको हित विपरीत सामूहिक चिन्ह प्रयोग गरेमा सो विरुद्ध सरोकारवाला कुनै पनि व्यक्तिले कार्यालयमा उजुरी गर्न सक्नेछ।

(१०) कुनै संस्थाको नाममा दर्ता भएको सामूहिक चिन्ह त्यस्तो संस्थाको सदस्य नभएको व्यक्ति वा निकायले प्रयोग गर्न पाउने छैन।

४५. <u>अन्तरसम्बन्धित चिन्ह सम्बन्धी व्यवस्थाः</u> (१) कुनै व्यक्तिले कार्यालयमा एकै उद्योगको विभिन्न उत्पादनसँग अन्तरनिहित सम्बन्ध दर्शाउने गरी व्यापार चिन्ह दर्ताको लागि आवेदन गर्न सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "अन्तरसम्बन्धित चिन्ह (एसोसिएटेड मार्क)" भन्नाले एकै उद्योगद्वारा सोही उद्योगको उत्पादनसँग अन्तरनिहित सम्बन्ध दर्शाउने गरी ग्राहक वा उपभोक्तालाई वस्तु वा सेवाको पहिचानमा सहजता प्रदान गर्न प्रयोग हुने दुई वा दुईभन्दा बढी व्यापार चिन्ह (ट्रेडमार्क) को संयोजन सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम व्यापार चिन्ह दर्ताको लागि आवेदन गर्दा प्रत्येक आवेदनमा एकभन्दा बढी सङ्ख्यामा व्यापार चिन्ह भए प्रत्येक व्यापार चिन्ह दर्ताको लागि दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

४६. <u>श्रृङ्खला चिन्ह सम्बन्धी व्यवस्थाः</u> (१) कुनै व्यक्तिले आफ्नो उत्पादित वस्तु वा सेवासँग सम्बन्धित व्यापार चिन्हसँग सारभूत रूपमा फरक नदेखिने गरी प्रयोगमा रहेको व्यापार

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

चिन्हमा प्रत्यय वा उपसर्ग जोडी त्यसको आकार तथा प्रस्तुति सामान्य रूपमा वा रङ्ग फरक पारी श्रृङ्खला चिन्ह (सिरिज मार्क) दर्ताको लागि आवेदन गर्न सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "श्रृङ्खला चिन्ह (सिरिज मार्क)" भन्नाले व्यापार चिन्हसँग सारभूत रूपमा फरक नदेखिने गरी प्रयोगमा रहेको कुनै व्यावसायिक प्रतिष्ठानको मूल व्यापार चिन्हमा प्रत्यय वा उपसर्ग जोडी सामान्य रूपमा त्यसको आकार तथा अवस्थिति वा रङ्ग फरक पारी एकै आवेदनबाट दर्ताको लागि माग गरिएको व्यापार चिन्ह सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम व्यापार चिन्ह दर्ताको लागि आवेदन गर्दा प्रत्येक आवेदनमा एकभन्दा बढी सङ्ख्या भएमा श्रृङ्खला चिन्ह दर्ताको लागि दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आवेदनसाथ प्रत्येक व्यापार चिन्हको अनुसूची-२ बमोजिमको अलग अलग आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

४७. प्रमाणीकरण चिन्ह सम्बन्धी व्यवस्था: (१) कुनै वस्तु वा सेवामा खास गुण वा विशेषता विद्यमान छ भनी प्रमाणीकरण गर्न प्रचलित कानून बमोजिम स्थापित संस्था वा सरकारी निकायले प्रमाणीकरण चिन्ह (सर्टिफिकेशन मार्क) दर्ता गराउन दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "प्रमाणीकरण चिन्ह (सर्टिफिकेशन मार्क)" भन्नाले कुनै व्यावसायिक प्रतिष्ठानले उत्पादन गरेको उत्पादनमा निश्चित गुण वा विशेषता रहेको छ भनी प्रमाणीकरण गर्न अधिकारप्राप्त निकायले प्रमाणित गरी दिएको चिन्ह सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क र सारभूत परीक्षण शुल्क दाखिल गर्नु पर्नेछ।

४८. व्यापार चिन्ह सम्बन्धी व्यवस्था लागु हुने: व्यापार चिन्ह सम्बन्धी अन्य व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित ख्यातिप्राप्त चिन्ह, सामूहिक चिन्ह, अन्तरसम्बन्धित चिन्ह, श्रृङ्खला चिन्ह वा प्रमाणीकरण चिन्हमा समेत लागु हुनेछ।

४९. दर्ता नगरिएको व्यापार चिन्ह उल्लङ्घन (पासिङ्ग अफ) सम्बन्धी व्यवस्था: (१) कुनै व्यक्तिले दर्ता नभएको व्यापार चिन्हमा एकाधिकार पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले अन्य व्यक्तिको वस्तु, सेवा वा साखको नक्कल गरी वस्तु वा सेवाको उत्पादन गरेमा त्यस्तो कार्यबाट मर्का पर्ने व्यक्तिले कानूनी उपचार प्राप्त गर्न र दर्ता नगरी निरन्तर प्रयोगमा रहेको प्रसिद्ध व्यापार चिन्ह उल्लङ्घनमा कुनै व्यक्तिलाई कानूनी कारबाही गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (२) बमोजिम कानूनी कारबाही गर्न सकिने अवस्था भएमा देहायको आधारमा दर्ता नगरिएको व्यापार चिन्ह उल्लङ्घन भएको प्रमाणित गर्ने दायित्व कानूनी उपचार माग गर्ने व्यक्तिको हुनेछः-

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(क) निजले कुनै निश्चित भौगोलिक क्षेत्रमा वस्तु वा सेवाको बिक्री वितरणको लागि विज्ञापन वा प्रचारप्रसार गरी प्रसिद्ध भएको,

(ख) निजको व्यापार व्यवसायलाई हानि नोक्सानी पुऱ्याउने नियतले व्यापार चिन्हको नक्कल, वस्तु वा सेवाको स्वरूपको प्रयोग गरेको, विज्ञापनिक नारा, डिजाइन, प्रयुक्त रङ्गको प्रयोग वा प्याकेजिङको नक्कल गरी उपभोक्तालाई भ्रममा पारेको,

(ग) निजको व्यापार व्यवसायको ख्यातिमा हानि नोक्सानी पुगेको वा वस्तु वा सेवाको कारोबारमा कमी आएको, र

(घ) खण्ड (ख) र (ग) को अवस्थाको रोकथामको लागि निजले यथासक्य प्रयास गरेको।

(४) उपदफा (३) को खण्ड (घ) बमोजिमको प्रयासबाट उल्लङ्घन रोकथाम हुन नसकेमा निजले कानूनी कारबाहीको लागि अदालत समक्ष उल्लङ्घन विरूद्ध रोकथामको आदेश जारी गरिपाउन र सो आवेदनमार्फत् व्यापार चिन्ह उल्लङ्घनको मालसामान नष्ट गराउनको लागि निवेदन दिन सक्नेछ।

तर निजले हानि नोक्सानी बापत क्षतिपूर्तिको लागि दाबी गर्न सक्ने छैन।

५०. <u>व्यापारिक नाम (ट्रेड नेम) को संरक्षण</u>: (१) व्यापार व्यवसायको औपचारिक नामको रूपमा प्रयोग गर्रिंदै आएको व्यापारिक नाम (ट्रेड नेम) को दर्ता बिना पनि संरक्षण प्राप्त हुनेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "व्यापारिक नाम (ट्रेड नेम)" भन्नाले कुनै एक व्यापार व्यवसायलाई अन्य व्यापार व्यवसायभन्दा फरक देखाउन प्रयोग हुने नाम वा सङ्केत सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यावसायिक प्रतिष्ठानले आफ्नो व्यापार व्यवसायको नाम दर्ता गराउन चाहेमा दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-११ को वर्ग ३५ अन्तर्गत सेवा चिन्हको वर्गमा दर्ताको लागि आवेदन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम व्यापारिक नामको दर्ता व्यापार चिन्हको दर्ता प्रक्रिया बमोजिम हुनेछ।

५१. <u>व्यापार सङ्केतको समग्र स्वरूप (ट्रेड ड्रेस) को संरक्षण</u>: (१) व्यापार सङ्केतको समग्र स्वरूपको रूपमा प्रयोग गर्रिंदै आएको व्यापार सङ्केतको स्वरूपलाई दर्ता बिना पनि संरक्षण प्राप्त हुनेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "व्यापार सङ्केतको समग्र स्वरूप (ट्रेड ड्रेस)" भन्नाले कुनै व्यावसायिक प्रतिष्ठानले उपभोक्ता समक्ष आफ्नो वस्तु वा सेवाको स्रोत र पहिचान अन्य व्यावसायिक प्रतिष्ठानभन्दा फरक देखाउन प्रयोग गरिने रङ्ग वा रङ्गको संयोजन, प्याकेजिङ्ग, वस्तुको आकार, फरकपनको अनुभूति गर्न सकिने वस्तु वा संरचनाको स्वरूप तथा डिजाइन समेत सम्झनु पर्छ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यावसायिक प्रतिष्ठानले अन्य व्यावसायिक प्रतिष्ठानभन्दा आफ्नो व्यवसायको छुट्टै पहिचान बनाउन व्यापार सङ्केतको समग्र स्वरूपको संरक्षणको लागि दफा ३१ बमोजिम व्यापार चिन्हको लागि आवेदन गर्दा खुलाउनु पर्ने विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-११ को वर्ग ३५ अन्तर्गत सेवा चिन्हको वर्गमा दर्ताको लागि आवेदन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम व्यापार सङ्केतको समग्र स्वरूपको दर्ता व्यापार चिन्हको दर्ता प्रक्रिया बमोजिम हुनेछ।

## परिच्छेद-६

## भौगोलिक सङ्केत सम्बन्धी व्यवस्था

५२. भौगोलिक सङ्केतको दर्ता गराउन आवेदन दिनु पर्नेः (१) प्रचलित कानून बमोजिम स्थापित निकाय वा उत्पादकको संस्था वा सङ्गठनले कुनै कृषिजन्य, खाद्य तथा पेय पदार्थ, प्राकृतिक वस्तु, हस्तकला वा औद्योगिक उत्पादनमा प्रयोग गर्ने गरी भौगोलिक सङ्केतको दर्ता गराउन चाहेमा देहायका कागजात तथा विवरण संलग्न गरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछः-

(क) दर्ता गर्न खोजिएको भौगोलिक सङ्केतको नाम,

(ख) भौगोलिक सङ्केत प्रयोग हुने उत्पादनको नाम,

(ग) भौगोलिक सङ्केत प्रयोग गर्ने सम्बन्धी विधान तथा कार्यविधि,

(घ) भौगोलिक सङ्केत प्रयोग हुने उत्पादनको गुण, ख्याति तथा विशेषता,

(ङ) भौगोलिक सङ्केत प्रयोग हुने वस्तु उत्पादन हुने भौगोलिक क्षेत्र,

(च) भौगोलिक सङ्केत प्रयोग हुने वस्तु उत्पादन तथा सङ्ग्रह गर्ने विधि,

(छ) भौगोलिक सङ्केत प्रयोग हुने वस्तु सोही भौगोलिक क्षेत्रबाट उत्पन्न भएको आधार,

(ज) अन्य देशमा दर्ता भएको भौगोलिक सङ्केत भए त्यस्तो देशमा भौगोलिक सङ्केतको रूपमा मान्यता वा दर्ता प्राप्त गरेको प्रमाणपत्रको सम्बन्धित देशको आधिकारिक निकायले प्रमाणित गरेको कागजात,

(झ) भौगोलिक सङ्केत प्रयोग हुने उत्पादन वा वस्तुको गुणस्तर वा अन्य विशेषता भए वा नभएको जाँचबुझ तथा नियमन गर्ने निकाय तथा अधिकारीको नाम र ठेगाना।

तर त्यस्तो आवेदक सम्बन्धित भौगोलिक क्षेत्रभित्र उत्पादन हुने विशिष्ट वस्तु र त्यस्तो वस्तु उत्पादकको सामूहिक हित र सरोकारसँग सम्बन्धित हुनु पर्नेछ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "उत्पादक" भन्नाले कृषि वा खाद्यजन्य पदार्थको उत्पादन, प्रशोधन र प्याकेजिङ्ग गर्ने वा प्राकृतिक तथा औद्योगिक वस्तु वा



कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

हस्तकलाजन्य वस्तुको उत्खनन्, उत्पादन, प्रशोधन वा प्याकेजिङ्ग गर्ने प्रचलित कानून बमोजिम संस्थापित संघ, संस्था वा समूह सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

(३) भौगोलिक विशिष्टता (जियोग्राफिकल स्पेसिफिकेसन) को कारणले कुनै खास प्रकारको विशिष्ट गुण, ख्याति तथा विशेषता भएको कुनै वस्तुको विकास वा प्रवर्धन गर्न सरकारी वा अर्धसरकारी निकायले समेत उपदफा (१) बमोजिम दर्ता गराउन सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "भौगोलिक विशिष्टता (जियोग्राफिकल स्पेसिफिकेसन)" भन्नाले भौगोलिक सङ्केतको आवेदनमा उल्लिखित भौगोलिक सङ्केतको विस्तृत प्राविधिक विवरण सम्झनु पर्छ र सो शब्दले वस्तु उत्पादन हुने भौगोलिक क्षेत्र, उत्पादनको अवस्था तथा भौगोलिक सङ्केतको वस्तुको गुण तथा गुण नियन्त्रणको प्रक्रियालाई समेत जनाउँछ।

(४) अन्य देशमा दर्ता भइसकेको भौगोलिक सङ्केतको चिन्ह समेत उपदफा (१) बमोजिम दर्ता गराउन सक्नेछ।

(५) नेपाल वा अन्य देश बीच दुई पक्षीय सम्झौताको माध्यमबाट समेत एकअर्का देशको भौगोलिक सङ्केत अङ्कित वस्तुलाई संरक्षण प्रदान गर्न सकिनेछ।

५३. <u>व्यापार चिन्हको रूपमा दर्ता नहुने:</u> (१) यस ऐन बमोजिम भौगोलिक सङ्केतको रूपमा दर्ता भएको सङ्केत व्यापार चिन्हको रूपमा दर्ता गरिने छैन।

तर यो ऐन जारी हुनुभन्दा अगावै दर्ता भएको भौगोलिक सङ्केतको परिभाषासँग मिल्दो किसिमको व्यापार चिन्हलाई यो ऐन लागु भएको मितिले एक वर्षभित्र अन्य नाममा परिवर्तन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र नाम परिवर्तन नगर्ने व्यापार चिन्हको हकमा कार्यालयले भौगोलिक सङ्केतको आवेदन लिई दर्ता प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

(३) यस दफा बमोजिम व्यापार चिन्हको नाम परिवर्तन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. <u>भौगोलिक सङ्केतको वस्तुको संरक्षण प्राप्त नहुने:</u> देहाय बमोजिमको अवस्थामा भौगोलिक सङ्केत अङ्कित वस्तुको संरक्षण प्राप्त हुने छैन:-

(क) भौगोलिक सङ्केतको परिभाषासँग मेल नखाएमा,

(ख) भौगोलिक सङ्केतको प्रयोग सार्वजनिक व्यवस्था वा नैतिकता विरुद्ध भएमा,

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि "भौगोलिक सङ्केतको प्रयोग" भन्नाले भौगोलिक सङ्केतयुक्त वस्तुको उत्पादन, बिक्री, निर्यात वा आयात गर्दा त्यस्तो वस्तुलाई अरू वस्तुसँग छुट्याउन प्रयोग गरिने सङ्केतको साथै त्यस्तो भौगोलिक सङ्केतयुक्त वस्तुको प्रवर्धन तथा सञ्चार सामग्रीको प्रस्ताव गर्ने कार्य सम्झनु पर्छ।

(ग) भौगोलिक सङ्केत भएको देशमा संरक्षण प्राप्त हुन छोडेमा वा प्रयोगमा नरहेमा,

(घ) नेपालमा परम्परागत रूपमा साझा भाषामा प्रयोग भएको भौगोलिक सङ्केतको प्रचलित शब्दसँग सम्बन्धित वस्तुको नाम मिल्न गएमा,



कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ङ) भौगोलिक सङ्केत नेपालको कुनै भूभाग, क्षेत्र वा स्थानको वनस्पतिको किसिम वा पशुपन्छीको नक्षको नामसँग मिल्न गएमा,

(च) भौगोलिक सङ्केतको चिन्ह प्रयोग भएको वस्तु लामो अवधिसम्म प्रयोग भएको वा प्रसिद्ध वा ख्यातिप्राप्त भए तापनि भौगोलिक स्थान वा क्षेत्रभन्दा फरक स्थानमा उत्पादन भएमा।

तर यस ऐन बमोजिम दर्ता भएको भौगोलिक सङ्केतको नामसँग मिल्दोजुल्दो नाम भौगोलिक सङ्केतको वस्तुको ख्यातिप्राप्त चिन्ह मानिने छैन।

५५. <u>समानार्थी (होमोनिम्स) भौगोलिक सङ्केतको दर्ता</u>: यस ऐन बमोजिम पहिले संरक्षण प्राप्त भौगोलिक सङ्केत र पछि संरक्षण प्राप्त हुन सक्ने भौगोलिक सङ्केत बीच व्यवहारमा पर्याप्त भिन्नता भएमा कार्यालयले देहाय बमोजिमको विषयलाई सुनिश्चित गरी समानार्थी (होमोनिम्स) भौगोलिक सङ्केतलाई दर्ता गर्नु पर्नेछः-

(क) भौगोलिक सङ्केतको वस्तु उत्पादन गर्ने सम्बन्धित उत्पादकलाई समान व्यवहार गर्ने,

(ख) भौगोलिक सङ्केतको वस्तुको वास्तविक सङ्केतको बारेमा उपभोक्तालाई भ्रम सिर्जना हुन नदिने।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "समानार्थी (होमोनिम्स) भौगोलिक सङ्केत" भन्नाले शब्द तथा उच्चारणमा एकै लाग्ने किसिमको विभिन्न भौगोलिक क्षेत्र वा देशमा उत्पादन भएको भौगोलिक सङ्केतयुक्त वस्तु वा सेवा सम्झनु पर्छ।

५६. <u>भौगोलिक सङ्केतको अनुचित प्रयोग गर्न नहुने</u>: कसैले पनि भौगोलिक सङ्केतको सम्बन्धमा देहायको कार्य गर्न वा गराउन हुँदैनः-

(क) कुनै पनि माध्यमबाट वस्तुको नामाकरण वा प्रस्तुतिमा उपभोक्तालाई भ्रमित गर्ने तरिकाले वस्तुको भौगोलिक सङ्केतयुक्त क्षेत्र बाहेक कुनै अन्य भौगोलिक क्षेत्रमा उत्पन्न भएको भनी सार्वजनिक रूपमा अभिव्यक्ति दिने,

(ख) प्रत्यक्ष वा अप्रत्यक्ष व्यावसायिक फाइदाको लागि दर्ता गरिएको भौगोलिक सङ्केतको दुरूपयोग गर्न वा ख्यातिबाट लाभ उठाउने,

(ग) भौगोलिक सङ्केतको रूपमा दर्ता भई मापदण्ड पालन नगर्ने उत्पादक वा भौगोलिक सङ्केतले सङ्केत गरेको ठाउँमा उत्पन्न नभएको उत्पादन वा भौगोलिक सङ्केतको जस्तै अनुभूति दिने किसिमको अन्य प्रयोजनमा नक्कल वा विधि प्रयोग गर्ने,

(घ) अनुचित प्रतिस्पर्धा वा असल अभ्यास विपरीत कार्य गर्ने, व्यापारिक गतिविधिमा परिवर्तन ल्याउने किसिमले भ्रम सिर्जना गर्ने वा व्यावसायिक गतिविधिलाई नोक्सान पुऱ्याउने।

५७. <u>सजातीय नाम (जेनेरिक नेम) को विपरीत नहुने</u>: (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक सङ्केतको उत्पादनमा सजातीय नाम (जेनेरिक नेम) समावेश भएमा त्यस्तो सजातीय नामको प्रयोगलाई कानून विपरीत मानिने छैन।

(२) यो ऐन बमोजिम दर्ता भएको भौगोलिक सङ्केतको नामलाई सजातीय नाम मानिने छैन।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

५८. **भौगोलिक सङ्केतको आवेदन उपरको प्रारम्भिक परीक्षण:** (१) दफा ५२ बमोजिम भौगोलिक सङ्केत दर्ताको लागि प्राप्त आवेदनको सम्बन्धमा आवेदन प्राप्त मितिले पैंतिस दिनभित्र कार्यालयले प्रारम्भिक परीक्षण गरी अनुसूची-३ मा उल्लेख भएका कागजात तथा विवरण समावेश भए वा नभएको यकिन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदकले आवेदनसाथ संलग्न गर्नु पर्ने कागजात तथा विवरण संलग्न गरेको नदेखिएमा त्यस्तो कागजात तथा विवरण पेस गर्नको लागि कार्यालयले सम्बन्धित आवेदकलाई लिखित सूचना दिनु पर्नेछ।

(३) आवेदकले उपदफा (२) बमोजिम माग भएको कागजात तथा विवरण अनुसूची-४ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

(४) आवेदकले उपदफा (३) बमोजिम कागजात तथा विवरण पेस गरे पश्चात् थप कारबाही अगाडि बढाइनेछ।

(५) भौगोलिक सङ्केत दर्ताको लागि प्राप्त आवेदनको सम्बन्धमा कार्यालयले यस दफा बमोजिम प्रारम्भिक परीक्षण गर्दा आवेदन पूर्ण र रीतपूर्वकको भएको देखिएमा कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा प्रारम्भिक परीक्षण प्रतिवेदन तयार गरी दफा ५९ बमोजिम सारभूत परीक्षण गर्नको लागि अनुसूची- २ बमोजिमको सारभूत परीक्षण शुल्क लिई परीक्षक तोक्नु पर्नेछ।

५९. **भौगोलिक सङ्केतको आवेदन उपरको सारभूत परीक्षण:** (१) दफा ५८ को उपदफा (५) बमोजिम सारभूत परीक्षणको लागि पेस भएको भौगोलिक सङ्केत दर्ताको आवेदनको सम्बन्धमा परीक्षकले अनुसूची-५ बमोजिमको ढाँचामा सारभूत परीक्षण प्रतिवेदन तयार गरी नब्बे दिनभित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षकले भौगोलिक सङ्केतको सम्बन्धमा सारभूत परीक्षण गरी प्रतिवेदन तयार गर्दा देहायको विषय यकिन गर्नु पर्नेछः-

(क) यस ऐनमा परिभाषा गरिए बमोजिम भौगोलिक सङ्केतको परिभाषा अनुरुप भए वा नभएको,

(ख) आवेदन गरिएको भौगोलिक सङ्केत वा सोको नाम प्रचलित कानून, नैतिक मूल्य मान्यता, धार्मिक आस्था, प्रचलनमा रहेको प्रथा वा सार्वजनिक व्यवस्था विपरीत भए वा नभएको,

(ग) अन्य देशमा दर्ता भएको भौगोलिक सङ्केत त्यस्तो देशमा संरक्षण वा प्रयोगमा भए वा नभएको,

(घ) प्रचलनमा रहेको वा मिल्दोजुल्दो नाम भएको भौगोलिक सङ्केतलाई हानि पुऱ्याए वा नपुऱ्याएको,

(ङ) प्रस्तावित भौगोलिक सङ्केत अर्को भौगोलिक सङ्केतसँग समानार्थी भए वा नभएको र दुवै सङ्केत बीच कुनै भिन्नता भए वा नभएको,

(च) नेपालको भू-भागमा प्रयोग भइरहेको समानार्थी शब्द भए वा नभएको,

(छ) वनस्पतिको किसिम वा पशु नश्लको नामसँग मिल्न गए वा नगएको र उत्पादित वस्तुको वास्तविक सङ्केतको विरुद्ध उपभोक्तालाई भ्रम पार्न सक्ने सम्भावना भए वा नभएको।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(३) कार्यालयले उपदफा (१) बमोजिमको सारभूत परीक्षण प्रतिवेदनबाट दफा ५३, ५४, ५५, ५६ र ५७ को अवस्था भए वा नभएको विषयमा अध्ययन गरी भौगोलिक सङ्केत दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा तीस दिनभित्र राय पेश गर्न सम्बन्धित विषय विज्ञ सम्मिलित विज्ञ परामर्श समूह गठन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त रायसमेतका आधारमा कार्यालयको प्रमुखले पन्ध्र दिनभित्र निर्णय गरी सोको जानकारी सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित आवेदकले निर्णयको जानकारी पाएको मितिले एक्काइस दिनभित्र भौगोलिक सङ्केत दर्ता हुनु पर्ने आधार र कारण खुलाई पुनः परीक्षणको लागि कार्यालयको प्रमुख समक्ष आवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको आवेदन उपर जाँचबुझ गर्दा आवेदकले खुलाएको आधार र कारण उचित देखेमा कार्यालयको प्रमुखले एक पटकको लागि तीस दिनभित्र पुनः सारभूत परीक्षण गरी प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनसमेतका आधारमा कार्यालयको प्रमुखले भौगोलिक सङ्केत दर्ता गर्न मिल्ने वा नमिल्ने निर्णय गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(८) कार्यालयले यस दफा बमोजिम स्वीकृत भौगोलिक सङ्केतको अभिलेख राखी सोको जानकारी निर्णय भएको सात दिनभित्र सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

(९) यस दफा बमोजिम भौगोलिक सङ्केत दर्ता गर्ने गरी निर्णय भएकोमा सो उपर दाबी विरोध पेश गर्न अनुसूची-८ बमोजिमको ढाँचामा बुलेटिनमा सूचना प्रकाशन गर्नु पर्नेछ।

६०. <u>दाबी विरोध र सुनुवाईः</u> (१) दफा ५९ को उपदफा (१०) बमोजिम बुलेटिनमा प्रकाशित सूचना उपर कसैको दाबी विरोध भएमा आवेदन खारेजीको लागि आवश्यक प्रमाण कागजातसहित कार्यालयमा अनुसूची-२ बमोजिमको दाबी विरोध शुल्क दाखिल गरी बुलेटिनमा सूचना प्रकाशन भएको मितिले नब्बे दिन भित्र दाबी विरोधको लागि अनुसूची-९ बमोजिमको ढाँचामा उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै आवेदन उपर कार्यालयमा दाबी विरोधको उजुरी परेमा त्यस्तो आवेदनको विवरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख गरिएको दाबी विरोधको उजुरी उपर कार्यालयले सोको प्रतिलिपि साथै राखी पन्ध्र दिनमा नबढाई लिखित जवाफ पेस गर्न सम्बन्धित भौगोलिक सङ्केत आवेदकलाई आदेश दिन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएतापनि सम्बन्धित भौगोलिक सङ्केत आवेदकलाई लिखित जवाफ पेश गर्न कार्यालयको प्रमुखले निजको आवेदनको आधारमा एक पटक मात्र बढीमा पन्ध्र दिनसम्मको थप म्याद दिन सक्नेछ।

(५) कार्यालयको प्रमुखले उपदफा (३) र (४) बमोजिमको म्यादभित्र लिखित जवाफ पेस भए वा नभए पनि सो म्याद समाप्त भएपछि दाबी विरोधको उजुरी उपर सुनुवाईको मिति तोक्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(६) उपदफा (१) बमोजिमको दाबी विरोधको उजुरी पर्न आएमा कार्यालयले सोको जाँचबुझको क्रममा आवश्यकता अनुसार सम्बन्धित निकाय वा व्यक्तिको राय लिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम तोकिएको मितिमा कार्यालयले दाबी विरोधको उजुरी उपर छानबिन तथा सुनुवाई गरी त्यस्तो भौगोलिक सङ्केत दर्ता आवेदन खारेज गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(८) कार्यालयले उपदफा (७) बमोजिम भएको निर्णयको अभिलेख राखी सोको जानकारी सम्बन्धित पक्षलाई दिई वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

६१. **भौगोलिक सङ्केतको दर्ता प्रमाणपत्र जारी गर्ने:** (१) कार्यालयले दफा ६० को उपदफा (८) बमोजिम अभिलेखीकरण गरेको भौगोलिक सङ्केतको अनुसूची-६ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको भौगोलिक सङ्केत दर्ता प्रमाणपत्र सम्बन्धित आवेदकले लिनुअघि अनुसूची-२ बमोजिमको दर्ता प्रमाणपत्र शुल्क दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ता प्रमाणपत्र जारी भएको भौगोलिक सङ्केतको बारेमा सर्वसाधारणको जानकारीको लागि आवेदकको नाम, प्रमाणपत्र नम्बर र मिति, आवेदनको सारसंक्षेप (एब्स्ट्रयाक्ट) सहितको विवरण खुलाई कार्यालयले वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ता प्रमाणपत्र जारी भएको भौगोलिक सङ्केतको सम्बन्धमा कसैले अध्ययन अनुसन्धान वा प्राज्ञिक प्रयोजनको लागि जानकारी प्राप्त गर्न चाहेमा अनुसूची-२ बमोजिमको आवेदन दर्ताको जानकारी शुल्क दाखिल गरी कार्यालयमा आवेदन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम आवेदन प्राप्त भएमा कार्यालयले आवेदकलाई तोकिए बमोजिमको विवरण उपलब्ध गराउन सक्नेछ।

६२. **भौगोलिक सङ्केतको आवेदन संशोधन :** (१) कुनै सरोकारवाला पक्षको आधिकारिक समूह वा व्यक्तिले देहाय बमोजिमको विषय उल्लेख गरी कार्यालयमा भौगोलिक सङ्केतको आवेदन संशोधनको लागि आवेदन दिन सक्नेछ:-

(क) दर्ता कायम रहेको भौगोलिक सङ्केत प्रस्तावित भौगोलिक सङ्केतसँग मेल नखाएको,

(ख) दर्ता गरिएको भौगोलिक सङ्केतको वस्तुको भौगोलिक सङ्केतको वस्तुको रूपमा विशेषता परिवर्तन भएको,

(२) उपदफा (१) बमोजिम आवेदन प्राप्त भएमा कार्यालयले दफा ५८ र ५९ को प्रक्रिया पूरा गरी त्यस्तो भौगोलिक सङ्केतको आवेदन संशोधन गर्न सक्नेछ।

६३. **भौगोलिक सङ्केतको आवेदन खारेजी:** (१) कुनै सरोकारवाला पक्षको आधिकारिक समूह वा व्यक्तिले देहाय बमोजिमको विषय उल्लेख गरी कार्यालयमा भौगोलिक सङ्केतको आवेदन खारेजीको लागि आवेदन दिन सक्नेछ:-

(क) दर्ता गरिएको भौगोलिक सङ्केतको धनीले खारेज गर्न अनुरोध गरेको,

(ख) दर्ता गरिएको भौगोलिक सङ्केतको वस्तुले भौगोलिक सङ्केतको वस्तुको रूपमा आफ्नो विशेषता गुमाएको,

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ग) अन्य देशको भौगोलिक सङ्केत आफ्नो देशमा संरक्षित नभएमा वा सो देशमा प्रयोगमा नरहेको,

(२) उपदफा (१) बमोजिम आवेदन प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो भौगोलिक सङ्केतको आवेदन खारेज गर्न सक्नेछ।

६४. **भौगोलिक सङ्केतको राष्ट्रिय चिन्ह (लोगो):** (१) नेपाल सरकारले नेपालभित्र उत्पादन भई भौगोलिक सङ्केतको रूपमा कार्यालयमा दर्ता भएको भौगोलिक सङ्केतको वस्तु वा सेवाको पहिचानमा सहजता प्रदान गर्न त्यस्तो भौगोलिक सङ्केतको राष्ट्रिय चिन्ह (लोगो) स्वीकृत गरी कार्यान्वयनमा ल्याउनेछ।

(२) भौगोलिक सङ्केतको राष्ट्रिय चिन्हको डिजाइन र प्रयोगको ढाँचा तोकिए बमोजिम हुनेछ।

६५. **भौगोलिक सङ्केत धनीको अधिकार:** (१) भौगोलिक सङ्केत धनीलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) भौगोलिक सङ्केत वस्तुको उत्पादनमा प्रयोग गर्ने,

(ख) कुनै अनधिकृत व्यक्तिलाई भौगोलिक सङ्केत प्रयोग हुने वस्तु उत्पादन, बिक्री र आयात गर्न निषेध गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक सङ्केत धनीलाई त्यस्तो सङ्केत कसैलाई प्रयोगको अनुमति दिने वा हक हस्तान्तरण गर्ने अधिकार हुने छैन।

६६. **भौगोलिक सङ्केत प्रयोग सम्बन्धी विशेष व्यवस्था:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक सङ्केतको प्रयोग देहाय बमोजिम हुनेछः-

(क) १५ अप्रिल, १९९४ भन्दा पहिलाको कम्तीमा दश वर्षको अवधिको लागि वा सो मितिभन्दा अगावै असल नियतले नेपालको नागरिक, स्थायी बसोबास वा आप्रवासीले वस्तु तथा सेवाको सम्बन्धमा अर्को देशको कुनै खास भौगोलिक सङ्केतको नेपालमा सम्बन्धित वस्तु वा सेवा निरन्तर र समान प्रयोग गर्न रोक लगाएको नमानिने,

(ख) विश्व व्यापार सङ्गठनको सदस्यता पूर्व असल मनसायको साथ आवेदन गरिएको वा दर्ता भएको वा प्रयोगमा रहेको कुनै भौगोलिक सङ्केत अन्य पक्षराष्ट्रमा संरक्षण प्राप्त भौगोलिक सङ्केतसँग मिल्दोजुल्दो भए तापनि नेपालभित्र त्यस्तो भौगोलिक सङ्केतको प्रयोग गर्ने अधिकारलाई बाधा पुऱ्याएको नमानिने,

(ग) परम्परागत रूपमा प्रचलनमा रहेको भाषाको कुनै शब्द कुनै पक्षराष्ट्रमा प्रयोग भएको वस्तु वा सेवाको सङ्केतसँग मिल्दोजुल्दो भए तापनि नेपालभित्र त्यस्तो भाषाको कुनै शब्दलाई भौगोलिक सङ्केतको रूपमा प्रयोग गर्ने अधिकारलाई बाधा पुऱ्याएको नमानिने,

(घ) भौगोलिक सङ्केतको प्रतिकूल प्रयोग थाहा भएको मितिभन्दा अघिको भएमा भौगोलिक सङ्केत दर्ता भएको मितिबाट मात्र लागु भएको मानिने,

(ङ) यस ऐन बमोजिम सङ्केत प्रयोग वा दर्ताको सम्बन्धमा गरिएको सहुलियतको लागि संरक्षित भौगोलिक सङ्केतको प्रतिकूल प्रयोग नेपालमा थाहा पाएको मितिदेखि वा सङ्केत दर्ता भएको मितिले पाँच वर्षभित्र कार्यालयभित्र पेस गर्नु पर्ने,

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(च) सर्वसाधारणमा भ्रम सिर्जना नहुने गरी कुनै व्यक्ति वा निजको पूर्वजको नाम व्यवसायमा प्रयोग गर्ने अधिकारमा बन्देज नलगाइने।

## परिच्छेद-७
## इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन सम्बन्धी व्यवस्था

६७. **इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ता गराउन आवेदन दिनु पर्ने:** (१) यस ऐन बमोजिम इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजात तथा विवरण संलग्न गरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ:-

(क) ग्राह्यता मितिको दाबी गरेको भए सम्बन्धित देशको आधिकारिक निकायबाट प्रमाणित देहायका कागजात तथा विवरण;-

(अ) सुरु आवेदन गरिएको देश (पेरिस महासन्धिको पक्षराष्ट्र वा ट्रिप्स सम्झौताको पक्षराष्ट्र) को नाम,

(आ) सुरु आवेदन दर्ता भएको मिति र सम्बन्धित देशको औद्योगिक सम्पत्ति दर्ता गर्ने निकाय वा कार्यालयबाट जारी भएको प्रमाणित दर्ता नम्बर खुल्ने कागजात,

(इ) आवेदक आफैं इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन धनी नभएमा त्यस्तो इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन धनीको सहमति वा निज आवेदकको हक प्रमाणित गर्ने कागजात।

(ख) इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको वर्गीकरण, वर्णन र डिजाइनको दावी सम्बन्धमा विस्तृत रूपमा खुलेको कागजात,

(ग) इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको उपयोग गरिने वस्तुको विवरण र अन्तर्राष्ट्रिय वर्गीकरण,

(२) उपदफा (१) बमोजिमको आवेदनसाथ अनुसूची-२ बमोजिमको आवेदन दर्ता शुल्क दाखिल गर्नु पर्नेछ।

<u>स्पष्टीकरण</u>: यस परिच्छेदको प्रयोजनको लागि "इन्टिग्रेटेड सर्किट" भन्नाले कुनै विद्युतीय कार्य सम्पादन गराउने उद्देश्यले सबै वा केही तत्त्व एकीकृत रूपमा कुनै वस्तुमा जडान गरेर बनाइएको र कम्तीमा एउटा तत्त्व सक्रिय रहेको तयारी वा अर्धतयारी वस्तु सम्झनु पर्छ।

६८. **इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन उपर हक प्राप्ति:** (१) दफा ७१ बमोजिम कुनै व्यक्तिले आफूले सिर्जना गरेको इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन कार्यालयमा दर्ता गराई प्रमाणपत्र प्राप्त गरेपछि सो इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन उपर यस ऐन बमोजिमको हक प्राप्त गर्न सक्नेछ।

(२) दफा ७१ बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भई प्रमाणपत्र जारी भएको इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन अन्य कसैले नक्कल गरी प्रयोग गर्न, उत्पादन वा बिक्री वितरण वा भण्डारण वा आयात गर्न वा यस ऐन बमोजिम नामसारी नगराई वा अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गर्न वा गराउन हुँदैन।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

६९. **इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको आवेदनको प्रारम्भिक परीक्षणः** (१) इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ता गर्न दफा ६७ बमोजिम प्राप्त आवेदन उपर कार्यालयले दफा २६ बमोजिम प्रारम्भिक परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ताको लागि प्राप्त आवेदनको सम्बन्धमा अनुसूची-३ बमोजिमका विषय यकिन गरी दफा ७० बमोजिम सारभूत परीक्षणको लागि परीक्षक समक्ष पेस भएपछि कार्यालयले सम्बन्धित आवेदकलाई अनुसूची-२ बमोजिमको सारभूत परीक्षण शुल्क दाखिल गर्न लगाउनु पर्नेछ।

७०. **इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको आवेदन उपरको सारभूत परीक्षणः** (१) इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको आवेदनको प्रारम्भिक परीक्षणपछि परीक्षकले दफा २७ बमोजिम त्यस्तो इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको अनुसूची-५ बमोजिमको ढाँचामा सारभूत परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदनको सारभूत परीक्षण प्रतिवेदन तयार गर्दा आवश्यक भएमा सम्बन्धित विषय विशेषज्ञको राय लिन सकिनेछ।

(३) दाबी विरोध र सुनुवाई सम्बन्धमा दफा २८ को प्रक्रिया बमोजिम गर्नुपर्नेछ।

७१. **इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ताको प्रमाणपत्र जारी गर्नेः** (१) दफा ७० बमोजिम सारभूत परीक्षण गर्दा दर्ता गर्न योग्य देखिएमा कार्यालयले अभिलेखीकरण गरी अनुसूची-६ बमोजिमको ढाँचामा इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ता प्रमाणपत्र जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन दर्ता प्रमाणपत्र सम्बन्धित आवेदकले लिनुअघि अनुसूची-२ बमोजिमको दर्ता प्रमाणपत्र शुल्क दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृत भएको इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन कार्यालयले सर्वसाधारणको जानकारीको लागि वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-८

## व्यावसायिक गोपनीयता तथा अस्वस्थ प्रतिस्पर्धा विरुद्धको संरक्षण सम्बन्धी व्यवस्था

७२. **व्यावसायिक गोपनीयता भङ्ग गर्न नहुनेः** (१) कुनै संस्था, कम्पनी वा प्रतिष्ठानको कामदार, कर्मचारी वा प्रतिष्ठानसँग आबद्ध व्यक्तिले व्यवसायसँग सम्बन्धित व्यापारिक सूचना, प्राविधिक ज्ञान, व्यावसायिक योजना जस्ता प्रतिष्ठानको हितको लागि गोप्य राख्नु पर्ने विषयवस्तुको चुहावट गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम संस्था, कम्पनी वा प्रतिष्ठानले व्यावसायिक गोपनीयता (ट्रेड सिक्रेट) संरक्षणको लागि आवश्यकता अनुसार आफ्ना कामदार, कर्मचारी वा प्रतिष्ठानसँग आबद्ध व्यक्तिसँग गोपनीयता कायम गर्ने सम्झौता (ननडिस्क्लोजर एग्रिमेन्ट) गर्न सक्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "व्यावसायिक गोपनीयता (ट्रेड सिक्रेट)" भन्नाले सार्वजनिक रूपले खुलस्त नगरिएको, गोपनीयता कायम गर्न आवश्यक भएको कुनै व्यावसायिक महत्त्व र मूल्य भएको सूचना वा जानकारी सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम व्यावसायिक गोपनीयता कायम गर्न संस्था, कम्पनी वा प्रतिष्ठानले उचित प्रबन्ध गरेको हुनु पर्नेछ र त्यस्तो व्यावसायिक गोपनीयताको विषयको व्यावसायिक मूल्य (ब्राण्ड भ्यालु) समेत हुन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको सम्झौता उल्लङ्घन भएमा सोको उपचार प्रचलित कानून बमोजिम प्राप्त हुनेछ।

(५) व्यावसायिक गोपनीयताको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. अस्वस्थ प्रतिस्पर्धा विरुद्धको संरक्षण: (१) यस ऐन बमोजिम संरक्षण प्राप्त औद्योगिक सम्पत्ति अधिकारको हनन् हुने गरी अस्वस्थ प्रतिस्पर्धा गर्न पाइने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका कार्य भएमा अस्वस्थ प्रतिस्पर्धा गरेको मानिनेछः-

(क) व्यक्ति वा प्रतिष्ठानको औद्योगिक वा व्यावसायिक प्रतिस्पर्धा गर्दा सदाचार र इमान्दारीको पालना नहुने कुनै पनि कार्य भएमा,

(ख) व्यक्ति वा प्रतिष्ठानको औद्योगिक वा व्यावसायिक उत्पादन वा कारोबारसँग भ्रम सिर्जना हुने गरी वस्तु उत्पादन वा सेवा प्रवाह गर्ने वा आफ्ना क्रियाकलाप सञ्चालन गर्ने कार्य भएमा,

(ग) व्यक्ति वा प्रतिष्ठानको औद्योगिक वा व्यावसायिक साख र उत्पादित वस्तु विरुद्ध झुट्टा वा भ्रम सिर्जना हुने गरी व्यावसायिक कारोबार सञ्चालन गर्ने कार्य भएमा,

(घ) वस्तु वा सेवाको सम्बन्धमा सर्वसाधारणमा भ्रम सिर्जना हुने गरी कुनै सङ्केत वा बोलेर वा व्यवहारले वस्तुको उत्पादन, व्यवसायीकरण, प्रचार वा सेवा प्रवाह गर्ने कार्य भएमा।

## परिच्छेद-९

## परम्परागत तथा मौलिक ज्ञान सम्बन्धी व्यवस्था

७४. परम्परागत तथा मौलिक ज्ञान सम्बन्धी व्यवस्था: (१) कार्यालयले औद्योगिक सम्पत्तिसँग सम्बन्धित परम्परागत तथा मौलिक ज्ञानको पहिचान, सूचीकरण, संरक्षण तथा अभिलेखाङ्कनको लागि आवश्यक विद्युतीय संरक्षण प्रणाली वा अन्य उपयुक्त अभिलेखाङ्कनको ढाँचा निर्माण गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले संरक्षण गरिने परम्परागत तथा मौलिक ज्ञानको उत्पति, विकास, उपयोगिता, विस्तार, निरन्तरता, सम्बन्धित समुदायको नाम विशेष भए सो समेत र त्यस्तो ज्ञानको विवरणात्मक टिपोट वा व्याख्या, मिति वा प्रचलनमा आएको अवधि, बनावट, चित्र, नक्सा, आकृति, श्रव्यदृश्य, ध्वनि वा अन्य ऐतिहासिक तथ्य प्रमाण वा आधार समेत संलग्न गरी सोको अनुक्रमणिका तयार गरी प्रमाणीकरण र अभिलेखाङ्कन गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(३) उपदफा (२) बमोजिम कुनै क्षेत्र वा समुदायको नाममा अभिलेखाङ्कन भएको परम्परागत तथा मौलिक ज्ञानको व्यवसायीकरणबाट प्राप्त हुने लाभमा त्यस्तो क्षेत्र वा समुदायको सबै सदस्यको समान हक हुनेछ।

(४) परम्परागत तथा मौलिक ज्ञानको अभिलेखाङ्कन गर्दा त्यस्तो ज्ञानको निरन्तरता र हस्तान्तरण भई आएको सम्बन्धित समुदायको अग्राधिकार हुने गरी गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम परम्परागत तथा मौलिक ज्ञानमा आधारित कुनै औद्योगिक सम्पत्तिमा अधिकार स्थापित गर्दा सम्बन्धित निकायको पूर्व स्वीकृति आवश्यक पर्नेछ।

(६) यस ऐन बमोजिम परम्परागत तथा मौलिक ज्ञानको उपयोग गरी गरेको आविष्कारको संरक्षणको लागि आवेदन गर्दा त्यस्तो जैविक विविधताको स्रोतको तोकिए बमोजिमको ढाँचामा स्वघोषणा गर्नु पर्नेछ।

(७) औद्योगिक सम्पत्तिसँग सम्बन्धित परम्परागत तथा मौलिक ज्ञान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७५. <u>परम्परागत तथा मौलिक ज्ञानको अभिलेखाङ्कन तथा लाभको बाँडफाँटः</u> (१) परम्परागत तथा मौलिक ज्ञानको संरक्षण तथा त्यसको उपयोगबाट प्राप्त हुने लाभको बाँडफाँट सम्बन्धमा छुट्टै कानूनद्वारा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएको विषयमा छुट्टै कानूनद्वारा व्यवस्था नभएसम्म यस ऐनमा भएको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित लागु हुनेछ।

(२) परम्परागत तथा मौलिक ज्ञानको अभिलेखाङ्कन सूचीकरण वा लाभको बाँडफाँट र स्वामित्वको विषयमा दुई वा दुईभन्दा बढी समुदायको दाबी प्रस्तुत भई विवाद भएमा त्यसको अन्तिम न्यायिक निरूपण नभएसम्म नेपाल सरकारको नाममा अभिलेखाङ्कन हुनेछ।

## परिच्छेद–१०

## <u>परिषद् तथा कार्यालय सम्बन्धी व्यवस्था</u>

७६. <u>औद्योगिक सम्पत्ति प्रवर्धन परिषद्ः</u> (१) यस ऐन बमोजिम औद्योगिक सम्पत्तिको संरक्षण, प्रवर्धन, समन्वय गर्न देहाय बमोजिमको एक औद्योगिक सम्पत्ति प्रवर्धन परिषद् रहनेछः-

(क) मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - अध्यक्ष
(ख) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने) - सदस्य
(ग) उपकुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य
(घ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य
(ङ) सचिव, कृषि वन तथा पर्यावरण मन्त्रालय - सदस्य
(च) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य
(छ) सचिव, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय - सदस्य
(ज) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य
(झ) सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय - सदस्य
(ञ) सचिव, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य
(ट) औद्योगिक सम्पत्ति विज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिलासहित दुई जना - सदस्य

Krishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ठ) कार्यालयको प्रमुख - सदस्य-सचिव

(२) परिषद्ले उद्योग वा वाणिज्य क्षेत्रको प्रतिनिधि, विश्वविद्यालय, अनुसन्धानमूलक निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यालयले औद्योगिक सम्पत्ति प्रवर्धन परिषद्को सचिवालयको रूपमा काम गर्नेछ।

(४) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(६) परिषद्को बैठक सञ्चालन सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (१) को खण्ड (ट) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

७७. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक सम्पत्ति सम्बन्धी विभिन्न विधाको संरक्षण, प्रवर्धन र व्यवसायीकरणको लागि आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) औद्योगिक सम्पत्ति प्रशासन सम्बन्धी आवधिक रूपमा समीक्षा गरी आवश्यक सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) औद्योगिक सम्पत्ति अधिकार सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयनको समीक्षा गरी नेपाल सरकारलाई सुझाव दिने,

(घ) औद्योगिक सम्पत्ति अधिकारको विषयको पहिचान, संरक्षण तथा विकासमा सङ्घ, प्रदेश तथा स्थानीय तह बीच समन्वय गर्ने,

(ङ) नेपाल सरकार, मन्त्रिपरिषद्बाट परिषद्ले गर्ने भनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका अन्य कार्य गर्ने।

(२) परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार समितिको सदस्य, कार्यालय वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

७८. **औद्योगिक सम्पत्ति कार्यालयः** (१) यस ऐन बमोजिम औद्योगिक सम्पत्ति प्रशासन सम्बन्धी कार्य गर्नको लागि नेपाल सरकारले नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारी कार्यालयको प्रमुख रहने गरी औद्योगिक सम्पत्ति कार्यालय स्थापना गर्नेछ।

(२) यस ऐन बमोजिम औद्योगिक सम्पत्ति प्रशासन, दाबी विरोध तथा उजुरी उपर सुनुवाई सम्बन्धी अर्धन्यायिक कार्यसम्पादन गर्ने वा गराउने अधिकार कार्यालयको प्रमुखलाई हुनेछ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको कार्यालयको कार्य प्रकृति अनुसार सङ्गठन संरचना, दरबन्दी तथा अन्य व्यवस्था नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरे बमोजिम हुनेछ।

Krishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(४) उपदफा (१) बमोजिम स्थापना भएको कार्यालयलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक सम्पत्ति वा बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्ने अन्य कार्य सम्पादन गर्न सक्ने गरी थप जिम्मेवारी प्रदान गर्न सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "बौद्धिक सम्पत्ति" भन्नाले औद्योगिक सम्पत्ति, प्रतिलिपि अधिकार र सम्बद्ध अधिकार, वनस्पतिको नयाँ प्रजाति, परम्परागत तथा मौलिक ज्ञान, परम्परागत सांस्कृतिक अभिव्यक्तिसहित प्रचलित नेपाल कानून र नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिले बौद्धिक सम्पत्तिको रूपमा परिभाषित गरेका विषय सम्झनु पर्छ।

७९. <u>कार्यालयको काम, कर्तव्य र अधिकार:</u> (१) कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक सम्पत्ति सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने,

(ख) औद्योगिक सम्पत्तिको दर्ता, अभिलेखीकरण, संरक्षण, नियमन तथा औद्योगिक सम्पत्ति प्रशासन सम्बन्धी काम गर्ने,

(ग) औद्योगिक सम्पत्तिको विषयमा अध्ययन, अनुसन्धान तथा प्रवर्धन गर्ने,

(घ) औद्योगिक सम्पत्तिको सिर्जना, संरक्षण तथा व्यावसायिक उपयोगको लागि प्रोत्साहन, परामर्श, समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) औद्योगिक सम्पत्तिको सूचना आदान प्रदान र क्षमता विकासको लागि सूचना केन्द्र, प्रविधि सहयोग केन्द्र एवम् तालिम केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(च) प्रविधि हस्तान्तरण सम्झौता अभिलेखाङ्कन तथा रोयल्टी सम्बन्धी काम गर्ने,

(छ) औद्योगिक सम्पत्ति सम्बन्धी अन्तर्राष्ट्रियस्तरमा हुने सभा, सम्मेलनमा सहभागिता जनाउने,

(ज) औद्योगिक सम्पत्ति अधिकारको संरक्षण र उपयोगको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(झ) औद्योगिक सम्पत्तिको परीक्षण गर्न कार्यालयको कुनै अधिकृतस्तरको कर्मचारीलाई परीक्षक तोक्ने,

(ञ) औद्योगिक सम्पत्तिको अधिकार उल्लङ्घन गरी हुने वस्तु वा सेवा उत्पादनमा रोक लगाउने तथा त्यसरी उत्पादन र सङ्ग्रह गरिएको वस्तु वा सेवा जफत तथा नष्ट गर्ने,

(ट) औद्योगिक सम्पत्तिसँग सम्बन्धित समसामयिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधि, खोज, अनुसन्धान समावेश गरी वार्षिक पुस्तिका प्रकाशन गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयको प्रमुखले आफूले सम्पादन गर्नु पर्ने काममध्ये न्यायिक काम बाहेक अन्य कुनै काम आफ्नो कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## परिच्छेद–११

## औद्योगिक सम्पत्ति अधिकार उल्लङ्घनको कसूर र सजाय

८०. **कसूर गरेको मानिने:** कसैले देहाय बमोजिमको कार्य गरे वा गराएमा औद्योगिक सम्पत्ति अधिकार उल्लङ्घनको कसूर गरेको मानिनेछ:-

(क) दफा ११ को उपदफा (३) बमोजिम पेटेन्ट नक्कल गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वा वितरण, भण्डारण तथा आयात गरेमा वा पेटेन्ट धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गरेमा,

(ख) दफा २२ को उपदफा (२) बमोजिम उपयोगी नमुना, दफा ३० को उपदफा (२) बमोजिम औद्योगिक डिजाइन, दफा ६९ को उपदफा (२) बमोजिम इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन नक्कल गरी कुनै प्रक्रियाको प्रयोग वा वस्तुको उत्पादन वा बिक्री वा वितरण, भण्डारण तथा आयात गरेमा वा उपयोगी नमुना, औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन धनीको लिखित रूपमा अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गरेमा,

(ग) दफा ३७ को उपदफा (२) बमोजिम व्यापार चिन्ह नक्कल गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण, भण्डारण तथा आयात गर्न, व्यापार चिन्हको रूपमा प्रयोग गर्न वा आफ्नो नाममा नामसारी नगराई वा लिखित रूपमा व्यापार चिन्ह धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गरेमा,

(घ) दफा ५० बमोजिम व्यापारिक नाम वा दफा ५१ बमोजिम व्यापार सङ्केतको समग्र स्वरूपको अनधिकृत रूपमा प्रयोग गरेमा,

(ङ) दफा ५६ बमोजिम भौगोलिक सङ्केतको अनुचित प्रयोग, दफा ६४ बमोजिमको भौगोलिक सङ्केतको राष्ट्रिय चिन्ह (लोगो) को दुरूपयोग र दफा ६५ बमोजिम भौगोलिक सङ्केतको अनधिकृत प्रयोग गरेमा,

(च) दफा ७२ बमोजिम व्यावसायिक गोपनीयता भङ्ग गरेमा,

(छ) दफा ७३ बमोजिम अस्वस्थ्य प्रतिस्पर्धा गरेमा,

(ज) दफा ७४ को उपदफा (५) बमोजिम स्रोतको उपयोगको लागि सम्बन्धित निकायको पूर्व स्वीकृति नलिएमा वा

(झ) दफा ७४ को उपदफा (६) बमोजिम जैविक विविधताको स्रोतको स्वःघोषणा नगरेमा।

८१. **जरिबाना असुल गरी वस्तु जफत गर्ने:** (१) कसैले देहायको कसूर गरे वा गराएमा कार्यालयको प्रमुखले देहाय बमोजिम जरिबाना असुल गरी कसूरसँग सम्बन्धित वस्तु जफत गर्नेछ:-

(क) दफा ८० को खण्ड (क), (घ) र (च) बमोजिमको कसूर गरे वा गराएमा पाँच लाख रुपैयाँदेखि दश लाख रूपैयाँ जरिबाना,

(ख) दफा ८० को खण्ड (ख) बमोजिमको कसूर गरेमा तीन लाख रुपैयाँदेखि पाँच लाख रूपैयाँ जरिबाना,

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ग) दफा ८० को खण्ड (ग), (ङ) वा (छ) बमोजिमको कसूर गरे वा गराएमा दश लाख रूपैयाँदेखि पन्ध्र लाख रूपैयाँसम्म जरिबाना,

(घ) दफा ८० को खण्ड (ज) वा (झ) बमोजिमको कसूर गरे वा गराएमा पाँच लाख रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिबाना ।

(२) उपदफा (१) बमोजिमको सजाय पाएको व्यक्तिले यस ऐन अन्तर्गतको कसूर पुन: गरेमा त्यस्तो व्यक्तिलाई प्रत्येक पटकको लागि सो दफा बमोजिम हुने जरिबानाको दोब्बर जरिबाना हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

८२. <u>जिम्मेवार व्यक्तिले कसूर गरेको मानिने</u>: (१) कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यो ऐन अन्तर्गतको कसूर मानिने कुनै काम गरेकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ।

(२) उपदफा (१) बमोजिम जिम्मेवार व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्तो काम गर्ने सम्बन्धित धनी वा हिस्सेदार र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कसूर हुँदाका बखत कायम रहेको कार्यकारी प्रमुखको रुपमा काम गर्ने व्यक्तिले कसूर गरेको मानिनेछ।

तर त्यस्तो धनी वा हिस्सेदार, सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक नियुक्ति हुनुअगावै त्यस्तो काम भए गरेको वा सो काम गर्ने निर्णय त्यस्तो व्यक्तिको मञ्जुरी बिना भएको हो भन्ने कुरा प्रमाणित भएमा जसले त्यस्तो काम गरेको छ सोही व्यक्तिले कसूर गरेको मानिनेछ।

८३. <u>प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने</u>: यस ऐन बमोजिम कसूर ठहरिने काम कारबाही अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कार्यमा प्रचलित कानून बमोजिम कारबाही गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद–१२
## <u>उजुरी सम्बन्धी व्यवस्था</u>

८४. <u>उजुरी दिन सक्ने</u>: (१) कसैले दफा ८० बमोजिमको कुनै काम कारबाही गरेको भनी सम्बन्धित व्यक्तिले आवश्यक प्रमाण कागजात संलग्न गरी कार्यालयमा अनुसूची-१२ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ।

(२) उजुरीसँग सम्बन्धित प्रमाण कागजात नेपाली वा अङ्ग्रेजी भाषा बाहेकको अन्य भाषामा भएमा त्यस्तो विदेशी भाषालाई नेपाली वा अङ्ग्रेजी भाषामा अनुवाद गरी नोटरी पब्लिकबाट प्रमाणित गराई उजुरीसाथ संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त हुन आएको उजुरी कार्यालयले अनुसूची-१० बमोजिमको ढाँचाको उजुरी दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको उजुरी उपर जाँचबुझ गरी कार्यालयको प्रमुखले नब्बे दिनभित्र निर्णय गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(५) यस दफा बमोजिम परेको उजुरीमा कार्यालय प्रमुखले गरेको निर्णयको कार्यान्वयन कार्यालयले गर्नु पर्नेछ र त्यस्तो निर्णय कार्यान्वयन सम्बन्धमा कार्यालयले जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्नेछ।

८५. **क्षतिपूर्ति भराई दिने:** दफा ८० बमोजिमको कुनै कसूर गरी हानि नोक्सानी पुऱ्याएकोले क्षतिपूर्ति पाउँ भनी उजुरी दिएमा वा दफा ८४ बमोजिम कार्यालयमा दर्ता भएको उजुरी उपर जाँचबुझ गर्दा कसैलाई हानि नोक्सानी पुऱ्याएको देखिएमा कार्यालयको प्रमुखले वास्तविक हानि नोक्सानी यकिन गरी कसुर गर्ने व्यक्तिबाट उजुरीकर्तालाई हानि नोक्सानी भए बराबरको रकम क्षतिपूर्तिको रूपमा भराई दिनु पर्नेछ।

८६. **संक्षिप्त कार्यविधि अपनाउने:** यस ऐन अन्तर्गतको उजुरीको कारबाही र किनारा गर्दा कार्यालयको प्रमुखले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

८७. **पुनरावेदन गर्न सक्ने:** यस ऐन बमोजिम उजुरी उपर कार्यालयको प्रमुखले गरेको निर्णय वा औद्योगिक सम्पत्तिका सम्बन्धमा कार्यालयबाट भएको अन्तिम निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले तिस दिनभित्र उच्च अदालतको वाणिज्य इजलासमा पुनरावेदन गर्न सक्नेछ।

८८. **जफत गरिएको मालसामान लिलाम गर्ने:** (१) यस ऐन बमोजिमको कसूरमा जफत गरिएको मालसामान कार्यालयबाट निर्णय भई पुनरावेदनको म्याद नाघेको मितिले छ महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी लिलाम गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम कसूर प्रमाणित हुन नसकेमा पुनरावेदनको म्याद नाघेको मितिले छ महिनाभित्र स्थानीय प्रशासनको रोहवर राखी सम्बन्धित व्यक्ति वा पक्षलाई भरपाई गरी जफत गरिएको मालसामान फिर्ता दिनु पर्नेछ।

८९. **अनुगमन वा जाँचबुझ गर्न सक्ने:** (१) कार्यालयले खटाएको कर्मचारीले दर्ता भएको औद्योगिक सम्पत्तिको सही प्रयोग भए वा नभएको सम्बन्धमा जुनसुकै बखत अनुगमन गर्न सक्नेछ।

(२) कार्यालयको प्रमुखले कुनै उजुरीको सिलसिलामा आवश्यक देखिएमा वा औद्योगिक सम्पत्तिको अनधिकृत रूपमा प्रयोग गरी वास्तविक धनीलाई हानि नोक्सानी पुऱ्याएको हो वा होइन भनी आवश्यक अनुगमन तथा जाँचबुझ गर्न वा गराउन सक्नेछ।

९०. **रोक लगाउने र जफत गर्न सक्ने:** (१) यस ऐन बमोजिम अनुगमन गर्दा औद्योगिक सम्पत्ति सम्बन्धी अधिकार उल्लङ्घन गरी कुनै वस्तु उत्पादन वा बिक्री वितरण गरेको पाइएमा कार्यालयको प्रमुखले त्यस्तो वस्तुको उत्पादन वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको वस्तु जफत वा सेवा बन्द गर्न कार्यालयको प्रमुखले सम्बन्धित कारखाना, कार्यस्थल वा गोदामको खानतलासी गर्न वा गराउन सक्नेछ।

९१. **हदम्याद:** यस ऐन अन्तर्गतको कुनै अधिकारको उल्लङ्घन भएकोमा वा कसूर गरेकोमा सोको जानकारी पाएको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ।

## परिच्छेद-१३

## विविध

Kishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

९२. **<u>सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य:</u>** (१) भौगोलिक सङ्केत, परम्परागत तथा मौलिक ज्ञानको पहिचान, संरक्षण तथा अभिलेखाङ्कन गरी सोको प्रवर्धन, विकास, समन्वय र सहकार्य गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(२) प्रदेश सरकार र स्थानीय तहसँग सहकार्य तथा साझेदारीमा नेपाल सरकारले आवश्यकता अनुसार भौगोलिक सङ्केत, परम्परागत तथा मौलिक ज्ञान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछ।

९३. **<u>ग्राह्यता मितिको सुविधा:</u>** (१) कसैले पेरिस महासन्धि अनुसारको ग्राह्यता मितिको सुविधा माग गरी औद्योगिक सम्पत्ति दर्ताको आवेदन गर्न चाहेमा पेरिस महासन्धिको कुनै पक्षराष्ट्रमा प्रथम पटक आवेदन दिएको मितिले देहायको औद्योगिक सम्पत्तिको लागि देहाय बमोजिमको अवधिभित्र ग्राह्यता मिति दाबीको प्रमाणसहित आवेदन दिनु पर्नेछः-

(क) पेटेन्ट र युटिलिटी मोडलको हकमा बाह्र महिनाभित्र,

(ख) औद्योगिक डिजाइन र व्यापार चिन्हको हकमा छ महिनाभित्र।

(२) उपदफा (१) बमोजिम ग्राह्यता मितिको दाबी गरी आवेदन गरेको आवेदकलाई पेरिस महासन्धिमा उल्लिखित ग्राह्यता मितिको सुविधा प्राप्त हुनेछ।

९४. **<u>संशोधनको मौका दिन सकिने:</u>** (१) औद्योगिक सम्पत्तिको आवेदकले दर्ता गरेको आवेदनमा सारभूत रूपमा भिन्नता नपर्ने गरी आवेदनमा संशोधन गर्न चाहेमा त्यस्तो आवेदनको सारभूत परीक्षण गर्नुपूर्व एक पटकको लागि अनुसूची-२ बमोजिमको आवेदन संशोधन शुल्क दाखिल गरी अनुसूची-१३ बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दाबी विरोधको लागि बुलेटिनमा सूचना प्रकाशन भएपछि पेस भएको उजुरी उपर कुनै कारबाही हुने छैन।

(३) कार्यालयले दर्ताको लागि पेस भएको औद्योगिक सम्पत्ति सम्बन्धी आवेदनमा कुनै संशोधन गर्नु पर्ने देखेमा आवेदकलाई पैंतिस दिनको समयावधि दिई त्यस्तो संशोधन पेस गर्न लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र सम्बन्धित आवेदकले संशोधन पेस नगरेमा औद्योगिक सम्पत्ति दर्ताको लागि पेस भएको त्यस्तो आवेदन स्वतः फिर्ता लिएको मानिनेछ।

९५. **<u>प्रमाणपत्रमा भएको भूल सुधार:</u>** (१) औद्योगिक सम्पत्ति दर्ता वा दर्ताको प्रमाणपत्रमा उल्लेख गर्दा कार्यालयबाट निर्णय भएको व्यहोरा भन्दा फरक व्यहोरा उल्लेख हुन गएको रहेछ भने कार्यालयले निर्णय गरी त्यस्तो त्रुटि वा भूल सुधार गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवेदकको कारणबाट औद्योगिक सम्पत्ति दर्ताको प्रमाणपत्रमा कुनै त्रुटि हुन गएमा सम्बन्धित औद्योगिक सम्पत्ति धनीले संशोधन गर्नु पर्ने व्यहोरा खुलाई अनुसूची-२ बमोजिमको भूल सुधार शुल्क दाखिल गरी आवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको आवेदन उपर जाँचबुझ गर्दा साबिकको आवेदनमा सारभूत भिन्नता नहुने देखिएमा त्यस्तो भूल सुधार गर्ने सम्बन्धमा कार्यालयले आवश्यक निर्णय गर्न सक्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(४) उपदफा (१) वा (३) बमोजिम कार्यालयबाट दर्ता प्रमाणपत्रमा त्रुटि वा भूल सुधार गर्ने गरी निर्णय भएमा सोको अभिलेख राखी त्यस्तो संशोधनको सूचना वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

९६. <u>आवेदनको मिति कायम हुने:</u> (१) औद्योगिक सम्पत्ति दर्ताको लागि यस ऐन बमोजिम पेस गर्नु पर्ने आवेदन वा कागजात, उत्पादन वा प्रयोग गरिने वस्तु वा सेवाको विवरण, नमुना वा रेखाचित्र समेत समावेश गरी आवेदन दर्ता भएको मितिबाट आवेदन मिति कायम गरिनेछ।

(२) यस ऐन बमोजिम कार्यालयमा दर्ता भएको औद्योगिक सम्पत्ति दर्ताको आवेदन अनुसूची-१४ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।

९७. <u>पहिलो आवेदनलाई मान्यता:</u> कुनै औद्योगिक सम्पत्तिको सम्बन्धमा एउटै वर्गको वस्तु वा सेवाको लागि दुई वा दुईभन्दा बढी आवेदन परेमा पहिलो आवेदनलाई मान्यता दिइनेछ।

९८. <u>आवेदन दर्ताको जानकारी:</u> पेरिस महासन्धिको प्रयोजनको लागि ग्राह्यता मिति खुलाउन अनुसूची-२ बमोजिमको शुल्क दाखिल गरी कार्यालयले निर्धारण गरेको ढाँचामा आवेदन दिएमा कार्यालयले सात दिनभित्र सम्बन्धित आवेदकलाई सोको विवरण उपलब्ध गराउनु पर्नेछ।

९९. <u>औद्योगिक सम्पत्ति अधिकार संरक्षणको समयावधि:</u> (१) औद्योगिक सम्पत्ति अधिकार संरक्षणको अवधि कार्यालयमा आवेदन दर्ता भएको मितिबाट देहाय बमोजिम हुनेछ:-

(क) पेटेन्टको हकमा एक्काइस वर्ष,

(ख) उपयोगी नमुनाको हकमा नौ वर्ष,

(ग) औद्योगिक डिजाइनको हकमा पन्ध्र वर्ष,

(घ) व्यापार चिन्हको हकमा दश वर्ष,

(ङ) इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको हकमा पन्ध्र वर्ष,

(च) भौगोलिक सङ्केतको बहाल अवधि सो सङ्केत प्रयोग भएको वस्तु प्रचलनमा रहेसम्म,

(छ) व्यावसायिक गोपनीयताको अवधि करारको अवधि बहाल रहेसम्म,

(ज) परम्परागत तथा मौलिक ज्ञान र परम्परागत सांस्कृतिक अभिव्यक्ति तथा अमूर्त सांस्कृतिक सम्पदाको बहाल अवधि नेपालको सम्पदाको रूपमा चिरकालसम्म।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक सम्पत्ति अधिकारको संरक्षणको निरन्तरताको लागि सम्बन्धित औद्योगिक सम्पत्ति धनीले त्यस्तो संरक्षण प्रारम्भ भएको मितिले देहायको औद्योगिक सम्पत्तिको लागि देहाय बमोजिमको अवधिमा अनुसूची-२ बमोजिमको नवीकरण शुल्क दाखिल गरी कार्यालयमा अनुसूची-१५ बमोजिमको ढाँचामा आवेदन दिई आफ्नो औद्योगिक सम्पत्तिको नवीकरण वा अद्यावधिक गराउनु पर्नेछ:-

(क) औद्योगिक डिजाइन र इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको हकमा प्रत्येक पाँच वर्षमा,

(ख) व्यापार चिन्हको हकमा प्रत्येक दश वर्षमा।

(३) पेटेन्ट र उपयोगी नमुनाको हकमा प्रत्येक तीन वर्षमा अनुसूची-२ बमोजिमको सम्भार शुल्क (एन्युटी चार्ज) बुझाउनु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(४) उपदफा (२) बमोजिम नवीकरण वा अद्यावधिक गराउने प्रयोजनको लागि नवीकरण वा अद्यावधिक गराउनु पर्ने संरक्षण अवधि समाप्त हुन छ महिना बाँकी रहँदा वा संरक्षण अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र आवेदन दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम कुनै कारणले नवीकरण वा अद्यावधिक गराउने म्यादभित्र आवेदन गर्न नसकेमा त्यस्तो आवेदन गर्ने म्याद नाघेको मितिले छ महिनाभित्र अनुसूची-२ बमोजिमको पुनर्स्थापना शुल्क बुझाई पुनर्स्थापनाको लागि अनुसूची-१५ बमोजिमको ढाँचामा कार्यालयमा आवेदन दिई नवीकरण वा अद्यावधिक गराउन सकिनेछ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र नवीकरण वा अद्यावधिक नगराइएको औद्योगिक सम्पत्तिको संरक्षण अवधि स्वतः समाप्त हुनेछ।

(७) कार्यालयले उपदफा (२) र (५) बमोजिम नवीकरण, अद्यावधिक वा पुनर्स्थापना भएको र उपदफा (६) बमोजिम स्वतः समाप्त भएको औद्योगिक सम्पत्तिको अभिलेख बुलेटिनमा प्रकाशन गर्नु पर्नेछ।

१००. **औद्योगिक सम्पत्तिको हक हस्तान्तरण:** (१) यस ऐन बमोजिम आफ्नो नाममा दर्ता कायम रहेको औद्योगिक सम्पत्ति अधिकार अन्य व्यक्तिलाई हक हस्तान्तरण गर्न सकिनेछ।

तर भौगोलिक सङ्केत चिन्हको हक हस्तान्तरण हुन सक्ने छैन र सामूहिक चिन्हको हक हस्तान्तरण सामूहिक चिन्ह लिन योग्य संस्थाबीच मात्र हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पेटेन्ट सम्बन्धी दफा १७, १८ र १९ मा उल्लिखित अनिवार्य अनुमतिपत्र सम्बन्धी व्यवस्थाको हकमा सोही दफाको व्यवस्था लागु हुनेछ।

(३) कुनै औद्योगिक सम्पत्ति धनीको औद्योगिक सम्पत्तिको संरक्षण अवधि बहाल रहेको अवस्थामा मृत्यु भएमा वा बेपत्ता भई प्रचलित कानून बमोजिमको अवधिसम्म निज फेला नपरेमा प्रचलित कानून बमोजिमको उत्तराधिकारीमा सो औद्योगिक सम्पत्तिको हक हस्तान्तरण हुनेछ।

(४) कुनै औद्योगिक सम्पत्ति धनीले आफ्नो हक कायम रहेको औद्योगिक सम्पत्तिको हक हस्तान्तरण गर्न चाहेमा वा उपदफा (३) बमोजिम उत्तराधिकारीमा हक हस्तान्तरण हुने भएमा अनुसूची-२ बमोजिमको हक हस्तान्तरण शुल्क दाखिल गरी कार्यालयमा अनुसूची-७ बमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरी आवेदन दिनु पर्नेछ:-

(क) हक हस्तान्तरण गर्ने सम्बन्धमा भएको लिखतको सक्कल प्रति वा नोटरी पब्लिकद्वारा प्रमाणित प्रति वा उपदफा (३) बमोजिमको अवस्थाको हकमा सो सम्बन्धी प्रमाणित कागजात,

(ख) औद्योगिक सम्पत्ति दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(ग) कानूनी प्रतिनिधि भए नोटरी पब्लिकद्वारा प्रमाणित अख्तियारनामाको कागजात।

तर औद्योगिक सम्पत्ति धनी एकभन्दा बढी भएमा संयुक्त रूपमा आवेदन दिनु पर्नेछ।

(५) कुनै औद्योगिक सम्पत्तिको सम्बन्धमा उपदफा (४) बमोजिमको आवेदन परेमा कार्यालयले सोको व्यहोरा जनाई आवेदकलाई निस्सा दिनु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(६) उपदफा (४) बमोजिमको आवेदनसाथ पेस भएका कागजात तथा विवरण जाँचबुझ गर्दा औद्योगिक सम्पत्तिको हक हस्तान्तरण हुनु पर्ने देखेमा कार्यालयको प्रमुखले आवेदन दर्ता भएको तीस दिनभित्र निर्णय गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

१०१. **स्वेच्छिक अनुमतिपत्र करारः** (१) कुनै औद्योगिक सम्पत्ति धनीले निजको नाममा दर्ता कायम रहेको कुनै औद्योगिक सम्पत्तिको व्यावसायिक उत्पादन गर्नको लागि कुनै व्यक्तिलाई अवधि तोकी वा नतोकी करारको माध्यमबाट औद्योगिक सम्पत्तिको प्रयोग गर्न अनुमति दिन सक्नेछ।

तर भौगोलिक सङ्केतको अनुमतिपत्र करार हुन सक्ने छैन र सामूहिक चिन्हको अनुमतिपत्र करार सामूहिक चिन्ह लिन योग्य संस्थाबीच मात्र हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको करार गर्न कार्यालयमा अनुसूची-२ बमोजिमको अनुमति करार शुल्क दाखिल गरी देहायका कागजात संलग्न गरी आवेदन दिनु पर्नेछः-

(क) प्रयोग गर्न दिने र लिने सम्बन्धमा भएको सम्झौताको सक्कल प्रति वा नोटरी पब्लिकद्वारा प्रमाणित प्रति,

(ख) औद्योगिक सम्पत्ति दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(ग) कुनै संस्थाले प्रयोग अनुमति लिने भए त्यस्तो संस्थाको सञ्चालक समितिको बैठकको निर्णय, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र,

(घ) प्रयोगको अनुमति दिने र लिने व्यक्तिको नागरिकता वा राहदानी वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) कानूनी प्रतिनिधि भए नोटरी पब्लिकद्वारा प्रमाणित अख्तियारनामाको कागजात।

(३) उपदफा (२) बमोजिम आवेदन पेस हुन आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी पन्ध्र दिनभित्र त्यस्तो अनुमतिपत्र करारको अभिलेख राखी जानकारी दिनु पर्नेछ।

१०२. **आवेदन वा दर्ता विवरणको जानकारीः** (१) कार्यालयमा दर्ता भएको वा दर्ताको लागि आवेदन परी कारबाहीमा रहेको वा विचाराधीन रहेको कुनै आवेदनको विषयमा सरोकारवालाले जानकारी लिन चाहेमा अनुसूची-२ बमोजिमको आवेदन दर्ताको विवरण माग शुल्क दाखिल गरी कार्यालयले निर्धारण गरेको ढाँचामा आवेदन दिनु पर्नेछ।

तर दुई वा दुईभन्दा बढी औद्योगिक सम्पत्तिको बारेमा जानकारी लिन चाहेमा प्रत्येक विषय वा शीर्षकको लागि थप शुल्क दाखिल गरी आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदन परेमा कार्यालयले देहाय बमोजिमको विवरण उपलब्ध गराउनु पर्नेछः-

(क) आवेदकको नाम र ठेगाना,

(ख) आवेदन दर्ता नम्बर र मिति,

(ग) वर्ग, वस्तु वा सेवाको सूची,

(घ) कुनै व्यक्ति वा संस्थाको नाममा आवेदन वा दर्ता भएको औद्योगिक सम्पत्तिको दर्ता नम्बर र मितिसहितको सूची।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१०३. **आवेदन वा दर्ता फिर्ता लिन सक्ने:** (१) यस ऐन बमोजिम औद्योगिक सम्पत्तिको लागि दर्ता गरेको आवेदन आवेदकले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(२) औद्योगिक सम्पत्ति धनीले कार्यालयबाट जारी भएको औद्योगिक सम्पत्ति दर्ताको प्रमाणपत्र संलग्न गरी त्यस्तो औद्योगिक सम्पत्तिको दर्ता खारेज गरी पाउँ भनी लिखित आवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम आवेदन दर्ता भएमा कार्यालयले त्यस्तो औद्योगिक सम्पत्ति धनीलाई सनाखत गराई दर्ता भएको औद्योगिक सम्पत्ति प्रमाणपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम खारेज भएको प्रमाणपत्रको विवरण बुलेटिनमा प्रकाशन गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम खारेज भएको व्यापार चिन्ह वा औद्योगिक डिजाइन खारेज भएको मितिले एक वर्षसम्म सोही व्यापार चिन्ह वा डिजाइन दर्ता हुने छैन।

१०४. **अभिलेख अद्यावधिक राख्नु पर्ने:** (१) कार्यालयले दर्ता भएको औद्योगिक सम्पत्तिको शीर्षक, सारांश, मूल दाबी, आवेदकको नाम र ठेगाना, सम्पर्क नम्बर, इमेल, आवेदन नम्बर, आवेदन मिति, औद्योगिक सम्पत्तिको अन्तर्राष्ट्रिय वर्ग, औद्योगिक सम्पत्तिको विवरण, प्रकाशन मिति, दाबी विरोधको स्थिति, प्रमाणपत्र जारी मिति, म्याद समाप्त हुने मिति समेतको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण विद्युतीय माध्यममा समेत अभिलेख गर्नु पर्नेछ।

(३) दर्ता भएको औद्योगिक सम्पत्ति धनीको नाम, ठेगाना जस्ता विवरणमा परिवर्तन भएमा धनीले सो सम्बन्धी प्रमाण कागजातसहित कार्यालयमा आवेदन दिई अभिलेख अद्यावधिक गराउनु पर्नेछ।

(४) कुनै औद्योगिक सम्पत्ति धनीले आफूसँग सम्बन्धित औद्योगिक सम्पत्ति सम्बन्धी कागजात वा अभिलेख कार्यालयमा आवेदन दिई माग गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आवेदन पर्न आएमा तोकिएको शुल्क लिई कार्यालयमा रहेको कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ।

(६) कुनै कारणले कार्यालयमा रहेको अभिलेख नष्ट भएको वा फेला पर्न नसकेको अवस्थामा कार्यालयले सरोकारवाला अन्य सरकारी निकायमा रहेको कागजात वा अभिलेख तथा सम्बन्धित औद्योगिक सम्पत्ति धनीले पेस गरेको अन्य कागजातलाई आधार मानी निर्णय गरी अभिलेख कायम गरी उपदफा (५) बमोजिमको प्रतिलिपि उपलब्ध गराउन सक्नेछ।

१०५. **औद्योगिक सम्पत्तिको वर्गीकरण:** (१) औद्योगिक सम्पत्तिको प्रशासन तथा व्यवस्थापन प्रयोजनको लागि औद्योगिक सम्पत्तिको वर्गीकरण गर्दा पेटेन्ट, औद्योगिक डिजाइन वा व्यापार चिन्ह लगायत अन्य औद्योगिक सम्पत्तिको अन्तर्राष्ट्रिय वर्गीकरण सम्बन्धी सम्झौताको पछिल्लो संस्करणलाई आधार मानी सोही बमोजिमको वर्ग र उपवर्ग प्रयोग गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले वर्ग र उपवर्ग प्रयोग गर्दा औद्योगिक सम्पत्तिको सूचीलाई आधार मानी दर्ता, परीक्षण, अभिलेख आदि गर्नु पर्नेछ।

(३) औद्योगिक सम्पत्तिको राष्ट्रिय वर्गीकरणको लागि कार्यालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।



कृष्ण बहादुर राउत
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

(४) औद्योगिक सम्पत्तिको संरक्षणको लागि कार्यालयमा आवेदकले फरक फरक वर्गको लागि फरक फरक शुल्क दाखिल गरी एउटै आवेदनबाट पनि आवेदन गर्न सक्नेछ।

१०६. <u>रोक्का राख्न सक्ने</u>: (१) औद्योगिक सम्पत्ति धनीले आफ्ना नाममा दर्ता कायम रहेको औद्योगिक सम्पत्तिको अधिकार उल्लङ्घन भएको वा हुन सक्ने प्रमाण संलग्न गरी रोक्का राख्न आवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको आवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गरी रोक्का राख्न आवश्यक निर्देशन जारी गर्न सक्नेछ र त्यस्तो निर्देशन बुलेटिनमा प्रकाशन गर्नु पर्नेछ।

१०७. <u>कारबाही गरी जानकारी दिनु पर्ने</u>: यस ऐनको अधिकारक्षेत्रभित्र पर्ने औद्योगिक सम्पत्ति अधिकारको उल्लङ्घनको विषयमा नेपाल सरकारको कुनै निकायबाट कारबाहीको लागि लेखी आएमा कार्यालयले सोको कारबाही र किनारा गरी त्यस्तो निकायलाई जानकारी दिनु पर्नेछ।

१०८. <u>प्रोत्साहन गर्न सकिने</u>: नेपाल सरकारले औद्योगिक सम्पत्तिको आविष्कार, सिर्जना र उपयोगमा प्रवर्धन गर्न सो कार्यमा संलग्न नेपाली नागरिकलाई आवश्यक प्रोत्साहन गर्न सक्नेछ।

१०९. <u>प्रमाणपत्रको नक्कल</u>: औद्योगिक सम्पत्तिको दर्ताको प्रमाणपत्र हराए वा झुत्रो भएमा सम्बन्धित औद्योगिक सम्पत्ति धनीले कार्यालयमा अनुसूची-२ बमोजिमको दर्ता प्रमाणपत्रको नक्कल शुल्क दाखिल गरी तोकिए बमोजिमको ढाँचामा आवेदन दिई प्रमाणपत्रको नक्कल लिन सक्नेछ।

११०. <u>अख्तियारनामा दिन सकिने</u>: (१) यस ऐन बमोजिम औद्योगिक सम्पत्ति धनीले आफूले गर्नु पर्ने काम कारबाही गर्न अवधि तोकी प्रचलित कानून बमोजिम प्रतिनिधि मुकरर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अख्तियारनामा प्राप्त व्यक्तिले आफूलाई प्राप्त अख्तियार अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सक्ने छैन।

(३) उपदफा (१) बमोजिम अख्तियारनामा प्रदान गर्ने व्यक्तिले आफूले प्रदान गरेको अख्तियारनामा जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

१११. <u>विचाराधीन आवेदन सम्बन्धी व्यवस्था</u>: यो ऐन लागु हुनुअघि प्रचलित कानून बमोजिम कार्यालयमा पेटेन्ट, डिजाइन र व्यापार चिन्ह दर्ताको लागि आवेदन परी विचाराधीन रहेको वा बुलेटिनमा प्रकाशित भई प्रमाणपत्र नलिएको आवेदनको सम्बन्धमा एक पटकको लागि देहाय बमोजिम हुनेछः-

(क) दर्ताको लागि आवेदन परी आवश्यक कागजात पूरा नभएको कारणले दर्ता प्रक्रियामा लैजान नसकिएको विचाराधीन आवेदनको सम्बन्धमा आवश्यक कागजात पेस गर्न नब्बे दिनको समय दिई कार्यालयले सार्वजनिक सूचनामार्फत् जानकारी गराउने,

(ख) खण्ड (क) बमोजिमको अवधिभित्र पेस हुन आएको आवेदन उपर यस ऐन बमोजिम कार्यालयले दर्ता गर्ने वा नगर्ने निर्णय गर्ने,

(ग) यो ऐन लागु हुनुभन्दा अघि कार्यालयबाट दर्ताको लागि निर्णय भएको तथा बुलेटिनमा प्रकाशित भई प्रमाणपत्र नलिएको आवेदनको सम्बन्धमा प्रमाणपत्र लिन एक वर्षको समय दिई कार्यालयले सार्वजनिक सूचनामार्फत् जानकारी गराउने,

कृष्ण बहादुर राउत
सचिव
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

(घ) खण्ड (ग) बमोजिमको म्यादभित्र सम्बन्धित औद्योगिक सम्पत्ति धनी वा निजको प्रतिनिधिले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी कार्यालयमा अनुसूची-२ बमोजिमको शुल्क दाखिल गरी आवेदन पेस गरेमा कार्यालयले दर्ता प्रमाणपत्र उपलब्ध गराउने।

तर खण्ड (ख) वा (घ) बमोजिम आवेदन पेस नगर्ने आवेदकको हकमा कार्यालयले निर्णय गरी खारेज गर्नेछ।

११२. समान व्यवहार गरिने: पेरिस महासन्धि र ट्रिप्स सम्झौताको पक्षराष्ट्रको औद्योगिक सम्पत्तिलाई स्वदेशी औद्योगिक सम्पत्ति सरह समान व्यवहार गरिनेछ।

११३. अतिसौविध्यपूर्ण व्यवहार गरिने: ट्रिप्स सम्झौताको पक्षराष्ट्रको औद्योगिक सम्पत्तिलाई समान संरक्षण र व्यवहार गरिनेछ।

११४. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने: कार्यालयले यस ऐन बमोजिम औद्योगिक सम्पत्तिको प्रशासन, अभिलेख व्यवस्थापन, प्रकाशन लगायतको काम कारबाहीलाई विद्युतीय प्रणालीको स्थापना, विकास र सञ्चालन गरी गर्न सक्नेछ।

११५. आवश्यक व्यवस्था गर्ने: यस ऐनको कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले यस ऐन तथा यो ऐन अन्तर्गतको नियमको अधीनमा रही त्यस्तो समस्या समाधानको लागि आवश्यक निर्णय गर्न सक्नेछ।

११६. निर्देशन दिन सक्ने: (१) कार्यालयले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही औद्योगिक सम्पत्ति धनीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित औद्योगिक सम्पत्ति धनीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने औद्योगिक सम्पत्ति धनीलाई जुन परिच्छेदसँग सम्बन्धित विषयमा निर्देशन दिइएको हो सोही परिच्छेदमा निर्धारण गरिएको सजायलाई आधार मानी उचित जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यालयले जरिबाना गर्नुअघि सम्बन्धित औद्योगिक सम्पत्ति धनीलाई सुनुवाईको उचित मौका दिनु पर्नेछ।

११७. दर्ता नगरी अधिकार कायम नहुने: (१) कुनै औद्योगिक सम्पत्ति कार्यालयमा दर्ता नगराई अधिकार कायम हुने छैन।

(२) पेरिस महासन्धिको पक्षराष्ट्रको आवेदकले कुनै औद्योगिक सम्पत्तिको दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी दर्ताको लागि आवेदन गरेमा कार्यालयले त्यस्तो औद्योगिक सम्पत्ति उपर जाँचबुझ नगरी दर्ता गर्न सक्नेछ।

११८. विवाद समाधान सम्बन्धी व्यवस्था: (१) यस ऐन बमोजिम देवानी प्रकृतिको औद्योगिक सम्पत्ति सम्बन्धी विवाद समाधानको लागि वैकल्पिक विवाद समाधानको लागि विश्व बौद्धिक सम्पत्तिद्वारा अभ्यास गरिएको मेलमिलाप वा मध्यस्थतासहितको उपाय अपनाउन सकिनेछ।

(२) पेरिस महासन्धिको व्याख्या वा कार्यान्वयनको सिलसिलामा नेपाल र अन्य पक्षराष्ट्र बीच विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवादको समाधान गरिनेछ।

११९. प्रतिवेदन पेस गर्नु पर्ने: (१) कार्यालयले प्रत्येक वर्ष आफूले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यालयमा दर्ता भएका औद्योगिक सम्पत्तिको सङ्ख्या, औद्योगिक सम्पत्तिको उल्लङ्घन विरुद्धमा गरिएको कारबाहीको विवरण,



कृष्ण बहादुर राउत
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक सम्पत्ति प्रशासन सम्बन्धमा रहेका समस्या, चुनौती र समाधानका उपाय समेतका विवरण समावेश गर्नु पर्नेछ।

१२०. <u>नियम बनाउने अधिकार</u>: यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१२१. <u>कार्यविधि वा मापदण्ड बनाउने अधिकारः</u> (१) यस ऐनको अधीनमा रही मन्त्रालयले आवश्यक कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएको कार्यविधि वा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

१२२. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१२३. <u>खारेजी र बचाउः</u> (१) पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ खारेज गरिएको छ।

(२) पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम भए गरेको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची-१

(दफा ४ को उपदफा (१), दफा १० को उपदफा (१), दफा २१ को उपदफा (१), दफा २४ को उपदफा (१), दफा ३१ को उपदफा (१), दफा ४२ को उपदफा (१), दफा ४४ को उपदफा (१), दफा ४५ को उपदफा (२), दफा ४६ को उपदफा (२), दफा ४७ को उपदफा (१), दफा ५० को उपदफा (२), दफा ५१ को उपदफा (२), दफा ५२ को उपदफा (१) र दफा ६७ को उपदफा (१))

### ................ दर्ताको लागि दिइने आवेदन फारामको ढाँचा

**(कार्यालय प्रयोजनको लागि मात्र)**

| | | |
|---|---|---|
| आवेदन दर्ता नम्बर | | कार्यालयको छाप |
| मिति | | |
| आवेदन दर्ता शुल्क बुझाएको रसिद नम्बर | | |
| बुझाएको शुल्क रु. | | |

१. **आवेदनः**

श्री कार्यालय प्रमुखज्यू,
औद्योगिक सम्पत्ति कार्यालय, .............।

विषयः- ..................: दर्ता गराई पाऊँ।

म/हामी देहायका विवरण बमोजिमको ................ मा औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ बमोजिम अधिकार प्राप्त गर्न आवश्यक कागजात संलग्न गरी यो आवेदन पेस गरेको छु/छौं। आवश्यक प्रक्रिया पूरा गरी माग बमोजिमको ........... दर्ता गरी प्रमाणपत्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/छौं।

२. **आवेदक/आवेदकहरूको विवरणः** (धेरै आवेदक भएमा थप कागज प्रयोग गर्न सकिने)

नाम, थरः
स्थायी ठेगानाः
नागरिकता प्रमाणपत्र नम्बर/राष्ट्रिय परिचयपत्र नम्बरः
सम्पर्क नम्बर — इमेलः
राष्ट्रियताः — हालको ठेगानाः
हस्ताक्षरः — मितिः

३. **दर्ता गर्न चाहेको औद्योगिक सम्पत्तिः** (√ चिन्ह लगाउनु होस्।)

(क) पेटेन्ट ☐ (ख) औद्योगिक डिजाइन ☐



कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| | | | |
|---|---|---|---|
| (ग) व्यापार चिन्ह | | (घ) उपयोगी नमुना | |
| (ङ) इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन | ☐ | (च) परम्परागत तथा मौलिक ज्ञान | ☐ |
| (छ) परम्परागत सांस्कृतिक अभिव्यक्ति | ☐ | (ज) भौगोलिक सङ्केत चिन्ह | ☐ |
| (झ) अन्य | ☐ | | |

४. **औद्योगिक सम्पत्तिको शीर्षक र संक्षिप्त विवरणः**

५. **ग्राह्यता दाबी सम्बन्धी आवेदकको हकमा ग्राह्यता सम्बन्धी पूर्ण विवरणः**

देश/युनियनः आवेदन नम्बर आवेदन दर्ता मितिः

६. **औद्योगिक सम्पत्तिको आविष्कार वा सिर्जना गर्नेको नाम, ठेगानाः**

| क्र.सं. | आविष्कार वा सिर्जनाकर्ताको नाम र ठेगाना |
|---|---|
| | |
| | |
| | |
| | |

व्यापार चिन्ह भए धनी (व्यक्ति, कम्पनी वा अन्य सङ्घ, संस्था) को नाम, थर, स्थायी ठेगाना, हाल बसोबास गरिरहेको ठेगाना, सम्पर्क नम्बर र इमेल उल्लेख गर्नु पर्नेछ।

७. **कानूनी प्रतिनिधिको पत्राचारको पूरा ठेगानाः**

नाम :

ठेगानाः

फोन/मोबाइल नम्बरः

इमेलः

औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को व्यवस्था विपरीत आवेदन गरेको वा सो ऐनको प्रावधानको बर्खिलाप भएको पाइएमा प्रचलित कानून बमोजिम हुन मञ्जुर गर्दछु/छौं।

प्रस्तावित औद्योगिक सम्पत्ति मेरो आफ्नै मौलिक चयन वा सिर्जना हो। पूर्ण वा आंशिक रूपमा पनि अरु कसैको नक्कल गरेको होइन। साबिकमा कसैले आवेदन गरेको वा प्रचलनमा ल्याई ख्याति आर्जन गरिसकेको देखिएमा वा पेरिस महासन्धि अनुसार संरक्षण गरिदिनु पर्ने भएमा यो औद्योगिक सम्पत्ति जुनसुकै बखत खारेज गरी दिएमा मेरो मञ्जुरी छ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

आवेदनमा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो हो, झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

८. आवेदक वा कानूनी प्रतिनिधिको नाम, हस्ताक्षर र मितिः

हस्ताक्षरः कम्पनी वा संस्था भए छाप

नाम, थरः

मितिः

९. साक्षीहरूः

(क)

(ख)

१०. संलग्न गर्नु पर्ने कागजात तथा विवरणः

(क) आवेदकको पूरा नाम, ठेगानासहितको विवरण,

(ख) अख्तियारनामा,

(ग) आवेदक नेपाली नागरिक भएमा नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र, विदेशी नागरिक भएमा राहदानीको प्रमाणित छायाँप्रति,

(घ) फर्म, कम्पनी, निकाय, प्रतिष्ठान वा संस्था भएमा सोको दर्ता र नवीकरण अद्यावधिक रहेको प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रमाणित प्रतिलिपि,

(ङ) आवेदन दर्ता शुल्क तिरेको रसिद।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची-२

दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (५), दफा ८ को उपदफा (१), दफा ९ को उपदफा (३) र (५), दफा १० को उपदफा (२), दफा २० को उपदफा (३), दफा २१ को उपदफा (५), दफा २२ को उपदफा (१), दफा २४ को उपदफा (२), दफा २६ को उपदफा (५), दफा २८ को उपदफा (१), दफा २९ को उपदफा (२), दफा ३१ को उपदफा (२), दफा ३३ को उपदफा (५), दफा ३५ को उपदफा (१), दफा ३६ को उपदफा (२), दफा ४२ को उपदफा (२), (३) र(४), दफा ४४ को उपदफा (२), दफा ४५ को उपदफा (३), दफा ४६ को उपदफा (३), दफा ४७ को उपदफा (२), दफा ५० को उपदफा (३), दफा ५१ को उपदफा (३), दफा ५२ को उपदफा (२), दफा ५८ को उपदफा (५), दफा ६० को उपदफा (१), दफा ६१ को उपदफा (२) र (४), दफा ६७ को उपदफा (२), दफा ६९ को उपदफा (२), दफा ७१ को उपदफा (२), दफा ९४ को उपदफा (१), दफा ९५ को उपदफा (२), दफा ९८, दफा ९९ को उपदफा (२), (३) र (५), दफा १०० को उपदफा (४), दफा १०१ को उपदफा (२), दफा १०२ को उपदफा (१), दफा १०९ र दफा १११ को खण्ड (घ) सँग सम्बन्धित)

### शुल्क सम्बन्धी विवरण

(रकम रुपैयाँमा)

| क्र. सं. | शीर्षक | पेटेन्ट | उपयोगी नमुना | औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन | व्यापार चिन्ह, व्यापारिक नाम, व्यापार सङ्केतको समग्र स्वरूप, अन्तरसम्बन्धित चिन्ह, श्रृङ्खला चिन्ह | सामूहिक चिन्ह, प्रमाणीकरण चिन्ह | ख्यातिप्राप्त चिन्ह | भौगोलिक सङ्केत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आवेदन दर्ता शुल्क | १०००० | ५००० | १०००० | १०००० | १५००० | ५०००० | १५००० |
| २ | आवेदन संशोधन शुल्क | ५००० | २००० | २००० | २००० | २००० | ५००० | ५००० |
| ३ | उपयोगी नमुनामा परिवर्तन शुल्क | | ५००० | | | | | |
| ४ | दाबी विरोध शुल्क | | | | १०००० | १०००० | २०००० | १०००० |
| ५ | प्रति औद्योगिक सम्पत्ति आवेदनको प्रमाणित जानकारी माग शुल्क (एउटा वर्गको लागि) | ५००० | १००० | २००० | २००० | २००० | ५००० | ५००० |

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| क्र. सं. | शीर्षक | पेटेन्ट | उपयोगी नमुना | औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन | व्यापार चिन्ह, व्यापारिक नाम, व्यापार सङ्केतको समग्र स्वरूप, अन्तरसम्बन्धित चिन्ह, श्रृङ्खला चिन्ह | सामूहिक चिन्ह, प्रमाणीकरण चिन्ह | ख्यातिप्राप्त चिन्ह | भौगोलिक सङ्केत |
|---|---|---|---|---|---|---|---|---|
| ६ | सारभूत परीक्षण शुल्क | २०००० | १०००० | ५००० | | १०००० | | |
| ७ | दर्ता प्रमाणपत्र शुल्क | १५००० | १०००० | १०००० | १०००० | १०००० | १५००० | १०००० |
| ८ | प्रमाणपत्रको प्रतिलिपि उतार शुल्क | ५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| ९ | भुल सुधार आवेदन शुल्क | २००० | २००० | २००० | २००० | २००० | ५००० | २००० |
| १० | सम्भार शुल्क | १०००० | ५००० | | | | | |
| ११ | नवीकरण शुल्क | | | १०००० | १०००० | १०००० | १५००० | |
| १२ | पुनर्स्थापना शुल्क | ५००० | २००० | ५००० | ५००० | ५००० | १०००० | |
| १३ | हक हस्तान्तरण अभिलेखीकरण शुल्क | ५००० | ३००० | ५००० | ५००० | ५००० | १०००० | |
| १४ | प्रयोग अनुमति करार शुल्क | ५००० | २००० | ५००० | ५००० | ५००० | १०००० | |
| १५ | अभिलेख प्रतिलिपि उतार प्रतिपृष्ठ | १० | १० | १० | १० | १० | १० | १० |

द्रष्टव्यः लघु उद्यम, स्टार्टअप उद्यम र साना उद्योगलाई आवेदन दर्ता शुल्क बापत लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची–३

(दफा ६ को उपदफा (१) र (५), दफा २६ को उपदफा (१) र (५), दफा ३३ को उपदफा (१) र (५), दफा ५८ को उपदफा (१) र (५) तथा दफा ६९ को उपदफा (२) सँग सम्बन्धित)

आवेदनको प्रारम्भिक परीक्षण प्रतिवेदनको ढाँचा

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
औद्योगिक सम्पत्ति कार्यालय

आवेदनको प्रारम्भिक परीक्षण प्रतिवेदन

आवेदकको नामः .................................... ठेगानाः ..............................................
आवेदन दर्ता नम्बरः ................................ मितिः ..............................................

| परीक्षणको विवरण | कैफियत व्यहोरा |
|---|---|
| आवेदन फाराम पूर्ण रूपमा भरे वा नभरेको | |
| आवेदन बापत लाग्ने शुल्क बुझाएको रसिद संलग्न भए वा नभएको | |
| आवेदक आफैंले औद्योगिक सम्पत्तिको आविष्कार वा सिर्जना नगरेको भए त्यस्तो आविष्कार वा सिर्जना गर्ने व्यक्तिबाट हक प्राप्त गरेको व्यहोरा खुल्ने कागजात संलग्न भए वा नभएको | |
| औद्योगिक सम्पत्तिको दाबी सम्बन्धमा विस्तृत रूपमा खुलेको कागजात तथा रेखाचित्र संलग्न भए वा नभएको | |
| औद्योगिक तथा व्यावसायिक रूपमा प्रयोगमा आउन सक्ने विषय स्पष्ट भएको कागजात संलग्न भए वा नभएको | |
| औद्योगिक सम्पत्ति नवीन भएको स्वघोषणा संलग्न भए वा नभएको | |
| वस्तु वा सेवाको वर्ग खुलाए वा नखुलाएको | |
| औद्योगिक सम्पत्तिमा ग्राह्यता मिति दाबी गर्ने भए पेरिस महासन्धिको कुनै सदस्य राष्ट्रमा प्रथम पटक आवेदन गरेको दाबी नम्बर, मिति र देश स्पष्ट रूपमा खुलेको नोटरी पब्लिकद्वारा प्रमाणित कागजात संलग्न भए वा नभएको | |
| वारिस वा कानून व्यवसायी नियुक्त गरेको भए अख्तियारनामा संलग्न भए वा नभएको | |
| पेरिस महासन्धिको पक्षराष्ट्र औद्योगिक सम्पत्तिको हकमा सम्बन्धित देशमा दर्ता भएको नोटरी पब्लिकद्वारा प्रमाणित कागजात संलग्न भए वा नभएको | |
| नेपाली आवेदकको हकमा नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र, फर्म/कम्पनी/उद्योग वा संस्थाको दर्ता प्रमाणपत्र र कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न भए वा नभएको | |
| आवेदन नेपाली भाषा बाहेक अन्य भाषामा दिइएको भए देवनागरी लिपिको | |

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| परीक्षणको विवरण | कैफियत व्यहोरा |
|---|---|
| रुपान्तरण पेस भए वा नभएको | |
| **पेटेन्टको हकमाः** | |
| (क) आवेदित पेटेन्ट कुनै सिद्धान्त वा सूत्रमा आधारित भए सो सिद्धान्त वा सूत्र समेत खुलेको कागजात संलग्न भए वा नभएको | |
| (ख) आविष्कार गरिएको आवेदित पेटेन्टको निर्माण, सञ्चालन वा उपयोग गर्ने तरिका खुलाए वा नखुलाएको | |
| **भौगोलिक सङ्केत समेत व्यापार चिन्हको हकमाः** | |
| (क) वस्तु वा सेवाको वर्ग खुलाए वा नखुलाएको | |
| (ख) प्रयोगमा आइसकेको भए सोको मिति खुलाए वा नखुलाएको | |
| (ग) व्यापार चिन्हमा प्रयोग हुने वस्तु वा सेवा खुलाए वा नखुलाएको | |
| (घ) प्रस्तावित व्यापार चिन्हमा प्रयोग गरिएको शब्द, सङ्केत वा चित्रको उत्पत्ति, चयन र तात्पर्य सम्बन्धी अभिव्यक्ति खुलाए वा नखुलाएको | |
| (ङ) व्यापार चिन्ह र औद्योगिक डिजाइनको हकमा चार प्रति नमुनाहरू संलग्न भए वा नभएको | |
| (च) कार्यालयमा यसअघि सोही औद्योगिक सम्पत्तिको आवेदन र दर्ताको अवस्था | |
| (छ) आवेदकको हस्ताक्षर भए वा नभएको | |
| (ज) साक्षीहरू संलग्न गरे वा नगरेको | |
| (झ) आवश्यक देखिएका अन्य कागजात संलग्न रहे वा नरहेको | |
| (ञ) संलग्न कागजातहरूको पछाडि आवेदकले हस्ताक्षर गरी प्रमाणित गरे वा नगरेको | |

माथि उल्लिखित कागजात तथा विवरण रीतपूर्वक भएकोले सारभूत परीक्षणको लागि यो प्रतिवेदन पेस गरेको छु।

आवेदन दर्ता गर्ने कर्मचारीको,-

दस्तखतः

नामः

पदः

मितिः

Kishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची–४

(दफा ६ को उपदफा (३), दफा २६ को उपदफा (३), दफा ३३ को उपदफा (३) र दफा ५८ को उपदफा (३) सँग सम्बन्धित)

**थप कागजात पेस गर्ने आवेदनको ढाँचा**

श्री कार्यालय प्रमुखज्यू,
औद्योगिक सम्पत्ति कार्यालय, ............।

विषयः थप कागजात पेस गरेको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा म/हामी .................................... (आवेदकको नाम) ले त्यस कार्यालयमा तपसील बमोजिमको विवरणसहित पेटेन्ट/उपयोगी नमुना/औद्योगिक डिजाइन/व्यापार चिन्ह/भौगोलिक सङ्केत वा ................ को दर्ताको लागि आवेदन गरेकोमा औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा ....... बमोजिम तहाँ कार्यालयबाट थप कागजात माग गरिएकोले देहायका कागजात यसै आवेदनसाथ संलग्न गरी पेस गरेको/का छु/छौं।

संलग्न कागजातहरू:

१. ...............................................
२. ...............................................
३. ...............................................

आवेदकको,-
हस्ताक्षरः
नाम, थरः
सम्पर्क नम्बरः
इमेलः

फर्म, कम्पनी वा संस्थाको छापः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची–५

(दफा ७ को उपदफा (१), दफा २७ को उपदफा (१), दफा ३४ को उपदफा (१), दफा ५९ को उपदफा (१) र दफा ७० को उपदफा (१) सँग सम्बन्धित)

**आवेदनको सारभूत परीक्षण प्रतिवेदनको ढाँचा**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
औद्योगिक सम्पत्ति कार्यालय

**आवेदनको सारभूत परीक्षण प्रतिवेदन**

आवेदकको नामः .................................... ठेगानाः ................................................
आवेदन दर्ता नम्बरः .................................... मितिः ..........................................

| परीक्षणको विवरण | कैफियत व्यहोरा |
|---|---|
| प्रस्तावित औद्योगिक सम्पत्तिको पूर्णतः नवीनता (Novelty) भए वा नभएको | |
| पेटेन्टको हकमा आविष्कारका चरणहरू (Inventive Steps) समावेश भए वा नभएको | |
| प्रस्तावित .................. को औद्योगिक उपयोगी भए वा नभएको | |
| प्रचलित कानूनले बन्देज लगाएको वा निषेध गरेको कुनै विषय भए वा नभएको | |
| औद्योगिक सम्पत्ति सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता विपरीतको कुनै विषय भए वा नभएको | |
| देशको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा औद्योगिक क्षेत्र लगायत राष्ट्र हितमा प्रतिकूल प्रभावको विषय भए वा नभएको | |
| कार्यालयले अघि नै सोही औद्योगिक सम्पत्ति अस्वीकृत गरे वा नगरेको | |
| ग्राह्यता मिति सम्बन्धी पत्र संलग्न भए वा नभएको | |
| अन्तर्राष्ट्रिय वर्ग समावेश भए वा नभएको | |
| औद्योगिक सम्पत्तिको प्रकृति अनुसार आवश्यक देखिएका अन्य विषयहरूः | |
| | |
| | |
| | |

माथि उल्लिखित कागजात तथा विवरण रीतपूर्वक भएकोले आवश्यक निर्णयको लागि यो प्रतिवेदन पेस गरेको छु।

परीक्षकको,-
दस्तखतः
नाम, थरः
पदः
परीक्षण मितिः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची–६

(दफा ९ को उपदफा (३), दफा २२ को उपदफा (१), दफा २९ को उपदफा (२), दफा ३६ को उपदफा (२), दफा ४२ को उपदफा (४), दफा ४४ को उपदफा (८), दफा ६१ को उपदफा (१) र दफा ७१ को उपदफा (१) सँग सम्बन्धित)

**.................. दर्ता प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक सम्पत्ति कार्यालय

**.................. दर्ता प्रमाणपत्र**

प्रमाणपत्र दर्ता नम्बर

जारी मितिः

तपाईले यस कार्यालयमा मिति .................. मा आवेदन नम्बर ........... बाट गर्नु भएको आवेदन र दाबी उपर आवश्यक परीक्षण गरी औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा ........ बमोजिम देहायमा उल्लेख भएको विवरण र संलग्न नमुना बमोजिमको पेटेन्ट/औद्योगिक डिजाइन /व्यापार चिन्ह/ ................... दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छः-

(१) धनीको नामः

(२) ठेगानाः

(३) ................ को शीर्षक वा नामः

(४) औद्योगिक सम्पत्तिको किसिमः

(५) ग्राह्यता सम्बन्धी विवरणः

(६) वर्गः

(७) प्रयोग हुने वस्तु वा सेवाः

(८) संरक्षण अवधि समाप्त हुने मितिः

प्रमाणपत्र जारी गर्ने अधिकृतको,-

दस्तखतः

नामः

पदः

मितिः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**Ministry of Industry, Commerce and Supplies**
**Industrial Property Office, Nepal.**

**…………………. Registration Certificate**

Registration No.:
Issuing Date:

Upon carrying out necessary examination on your application and your claim filed in this office on ……………..…….., it is hereby certified that the Patent/Industrial Design/Trademark/………………… having the following particulars has been registered pursuant to Section…… of Industrial Property Act, 2025:-

Name and Address of the ………………………… Owner:
Title of …………………………………………………..:
Type of Industrial Property:
Priority Details:
Class:
Used product or services:
Validity period:

………………………
Issuing Officer
Signature:
Name and Designation:
Date:

| नवीकरण गरेको मिति Renewal Date | म्याद समाप्त हुने मिति Expiry Date | नवीकरण गर्ने अधिकारीको सहीछाप Signature of Renewing Officer | कार्यालयको छाप Office Seal |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नोट: डिजाइनको हकमा यस प्रमाणपत्रसाथ संलग्न स्केच/नक्सा/फोटो/चित्र/रेखाङ्कनको डिजाइनको ………… ………… भागमा मात्र ……………. धनीको अधिकार रहनेछ।

Note: In case of design, the right of design owner will be limited on the sketch, map and picture which has been attached along with the design certificate.

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची–७

(दफा २० को उपदफा (२) र दफा १०० को उपदफा (४) सँग सम्बन्धित)

## ..................को हक हस्तान्तरण/प्रयोग अनुमतिको अभिलेखीकरणको आवेदनको ढाँचा

मितिः

श्री कार्यालय प्रमुखज्यू,
औद्योगिक सम्पत्ति कार्यालय, .............।

विषयः .................. को हक हस्तान्तरण/प्रयोग अनुमति अभिलेखीकरण गरी पाऊँ।

उपरोक्त सम्बन्धमा त्यस कार्यालयमा ........................ (धनीको नाम, ठेगाना) को नाममा दर्ता रहेको देहाय बमोजिमको विवरणको ...................... को स्वामित्व/प्रयोगको अनुमति ......................... (हस्तान्तरण गरी लिनेको नाम ठेगाना) को नाममा कायम गर्ने/प्रयोगको अनुमति प्रदान गर्ने सम्बन्धमा मिति .................. मा भएको सम्झौता अनुसार सो ......................... को हक हस्तान्तरणको लागि दाखिल गर्नु पर्ने दस्तुर बुझाएको रसिद यसै आवेदनसाथ संलग्न गरी अनुरोध गरेको/का छु/छौं। औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा २० को उपदफा (२) बमोजिम .................................. को हक हस्तान्तरण/प्रयोगको अनुमतिको अभिलेखीकरण गरी दिन हुन अनुरोध गर्दछु/छौं।

................................ को विवरणः

(क) .............. धनीको नाम, ठेगानाः
(ख) .............. को शीर्षक वा नामः
(ग) प्रमाणपत्र दर्ता नम्बर र जारी मितिः
(घ) वर्ग र प्रयोग हुने वस्तु वा सेवाः
(ङ) संरक्षण अवधि समाप्त हुने मितिः

हक हस्तान्तरणको हकमा सोको आधारः

(क) बिक्रीबाट हक हस्तान्तरण गरेको;
(ख) संस्था वा कारोबार गाभिएको;
(ग) .................... धनीको मृत्युपछि कानून बमोजिमको हकवालामा हुने हस्तान्तरण;
(घ) अन्यः

प्रयोग अनुमतिको हकमाः

प्रयोग अनुमति सम्बन्धी करारको सर्त, मिति र बहाल रहने अवधिः

संलग्न कागजातहरूः

(क) शुल्क बुझाएको रसिद,
(ख) सक्कल प्रमाणपत्र,
(ग) हक हस्तान्तरण वा प्रयोग अनुमतिको लागि भएको लिखत वा करार,

Krishna
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(घ) अधिकृत वारेसनामा/अख्तियारनामा।

| हक हस्तान्तरण गरिदिने वा प्रयोग अनुमति दिने ................ धनीको | .................. हक हस्तान्तरण गरी लिने वा प्रयोग अनुमति लिनेको |
|---|---|
| हस्ताक्षरः<br>नामः<br>मितिः<br>फोन नम्बरः<br>इमेल ठेगानाः | हस्ताक्षरः<br>नामः<br>मितिः<br>फोन नम्बरः<br>इमेलः |

<u>नोटः</u> कानूनी प्रतिनिधिमार्फत् प्रयोग अनुमति प्रदान वा हक हस्तान्तरण गराउने भएमा अख्तियारनामा वा अख्तियारी पाउनेको नाम, ठेगाना र परिचय खुल्ने अन्य कागजात संलग्न राख्नु पर्नेछ।

आवेदकको,-
हस्ताक्षरः
नाम, थरः
फोन नम्बरः
इमेलः
मितिः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची–८

(दफा ७ को उपदफा (९), दफा २७ को उपदफा (९), दफा ३४ को उपदफा (९) र दफा ५९ को उपदफा (९) सँग सम्बन्धित)

**................सम्बन्धमा बुलेटिनमा प्रकाशन गरिने विवरणको ढाँचा**

## औद्योगिक सम्पत्ति बुलेटिन

वर्ष: अङ्क: प्रकाशन मितिः साल/महिना/गते/बार (अङ्ग्रेजीमा समेत):

औद्योगिक सम्पत्तिसँग सम्बन्धित विवरण

| |
|---|
| आवेदकको नाम/Applicant's Name:<br>आवेदकको पूरा ठेगाना/Applicant's Full Address:<br>औद्योगिक सम्पत्ति/व्यापार चिन्हको नाम/Industrial Property/Mark Name:<br>औद्योगिक सम्पत्ति/व्यापार चिन्हको प्रकार/Industrial Property/Mark Type:<br>आवेदन नम्बर/Application No.:<br>कम्प्युटरमा प्रविष्ट गरेको मिति/Computer Entry Date:<br>अन्तर्राष्ट्रिय वर्ग/International Class (WIPO):<br>राष्ट्रिय वर्ग/National Class:<br>वस्तु/सेवा/Good/Services:<br>आवेदकको इमेल र मोबाइल नम्बर/Applicant's e-mail and Mobile No.:<br>औद्योगिक सम्पत्तिको संक्षिप्त विवरण/Brief description of Industrial Property: |

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची–९

(दफा ८ को उपदफा (१), दफा २८ को उपदफा (१), दफा ३५ को उपदफा (१) र दफा ६० को उपदफा (१) सँग सम्बन्धित)

दाबी विरोधको उजुरीको ढाँचा

श्री औद्योगिक सम्पत्ति कार्यालय, ........................ मा पेस गरेको

दाबी विरोधको उजुरी

.............................................................................................................. पक्ष

विरुद्ध

.............................................................................................................. विपक्ष

विषयः ................................।

दाबी विरोधको उजुरीको लागि सार्वजनिक भएको औद्योगिक सम्पत्ति (पेटेन्ट/औद्योगिक डिजाइन/व्यापार चिन्ह/ .............. ...............) को विवरणः

विपक्षीको नाम र ठेगानाः

आवेदन दर्ता नम्बरः

दाबी विरोधको उजुरी गरिएको औद्योगिक सम्पत्तिसँग सान्दर्भिक अन्य औद्योगिक सम्पत्तिको नामः

वर्ग र वस्तु वा सेवाः

औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशित मितिः

उल्लिखित पेटेन्ट/औद्योगिक डिजाइन/व्यापार चिन्ह/...................... औद्योगिक सम्पत्ति उपर मेरो पक्षको उजुरी/दाबी विरोध रहेकोले औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा ............ बमोजिम यो दाबी विरोधको उजुरी लिई उपस्थित भएको छु। सो सम्बन्धमा देहाय बमोजिमको दाबी जिकिर प्रस्तुत गर्दछु:-

१. दाबी विरोधको आधार तथा जिकिरको व्यहोराः
   (क) ..............................................................................
   (ख) ..............................................................................
   (ग) ..............................................................................
२. दाबी विरोधको आधार पुष्ट्याई गर्ने प्रमाणहरूः
   (क) ..............................................................................
   (ख) ..............................................................................
   (ग) ..............................................................................
३. औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा ....... बमोजिम लाग्ने शुल्क तिरेको रसिद यसै आवेदनसाथ संलग्न छ।
४. कानून व्यवसायी नियुक्त गरेको भए कानून व्यवसायीको नाम र प्रमाणपत्र नंः
५. संगठित संस्थाको तर्फबाट उजुरी गरेको भएमा त्यस्तो उजुरी गर्न अधिकार दिएको अख्तियारनामाको प्रमाणित प्रतिलिपि,

Bishnu
कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

६. यस दाबी विरोधको दाउजुरीमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दाबी विरोधको उजुरीकर्ताको,-

दस्तखतः

नाम, थरः

ठेगानाः

इमेलः

फोन/मोबाइल नम्बरः

इति संवत् ........... साल .................. महिना ........ गते .......... रोज........शुभम्।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची–१०

(दफा ८ को उपदफा (२), दफा २८ को उपदफा (२), दफा ३५ को उपदफा (२), दफा ६० को उपदफा (२) र दफा ८४ को उपदफा (३) सँग सम्बन्धित)

### उजुरी/दाबी विरोधको उजुरीको दर्ता किताबको ढाँचा

| क्र. सं. | उजुरी/दाबी विरोधको उजुरी दर्ता मिति | उजुरी/दाबी विरोधको उजुरी दर्ता नम्बर | वर्ग | आवेदक/पक्षको नाम | विपक्षको नाम | उजुरी/दाबी विरोधको उजुरीको विषय | निर्णय मिति | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विवरण तयार र पेस गर्नेको,-
हस्ताक्षर
नाम, थरः
पदः
मितिः

प्रमाणित गर्नेको,-
हस्ताक्षरः
नाम थरः
पदः
मितिः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**अनुसूची–११**

(दफा ४२ को उपदफा (३), दफा ५० को उपदफा (२) र दफा ५१ को उपदफा (२) सँग सम्बन्धित)

**व्यापार चिन्हको वस्तु र सेवाको वर्गीकरणको संक्षिप्त सूची**

| वर्ग | वस्तु र सेवाको प्रकार | वस्तु वा सेवाको नाम |
|---|---|---|
| १ | रासायनिक पदार्थ | कृषि रसायन र मल, औद्योगिक रसायन, चम्काउने वस्तु आदि |
| २ | रङ्गरोगन | विभिन्न रङ्गहरू, पोलिस, घोलक वस्तु आदि |
| ३ | श्रृङ्गार र सरसफाइको वस्तु | साबुन, सर्फ, क्रिम, पाउडर, कपालको तेल आदि |
| ४ | इन्धन र लुब्रिकेन्ट | पेट्रोल, ब्रिकेट, ग्रिज, मैनबत्ती आदि |
| ५ | औषधी | मानिस र पशुपन्छी समेतको औषधी आदि |
| ६ | धातुको सामग्री | विभिन्न धातु पदार्थ, निर्माणको सामग्री आदि |
| ७ | मेसिनरी सामान | मेसिन र मेसिनको सामान, मोटर र इन्जिन (जमिनमा चल्ने मोटर बाहेक), कृषि उपकरण आदि |
| ८ | हातेऔजार | चक्कु, कैंची, कुटो, कोदालो, दाह्री काट्ने मेसिन आदि |
| ९ | विद्युतीय र वैज्ञानिक उपकरण | फोटोग्राफीको र सर्भेको उपकरण, श्रव्यदृश्यको उपकरण, कम्प्युटर आदि |
| १० | चिकित्सा उपकरण | दात बनाउने, उपचार गर्ने, फिजियोथेरापी गर्ने, रोग पहिचान गर्ने उपकरण आदि |
| ११ | वातावरणीय अनुकूलको उपकरण | तताउने, चिस्याउने, पकाउने, सुकाउने, उज्यालो पार्ने खालको उपकरण आदि |
| १२ | सवारी साधन | गाडी, पानी जहाज, हवाईजहाज र तिनको पाटपुर्जा तथा इन्जिन आदि |
| १३ | हातहतियार | प्रहार गर्ने कुनै पनि शस्त्र अस्त्र, मिसायल आदि |
| १४ | गरगहना | मूल्यवान धातु पदार्थ जस्तै- सुन, चाँदी, हिरा आदि र तिनबाट बनेको सामान र घडी समेत |
| १५ | सङ्गीतको उपकरण | हार्मोनियम, मादल, बाँसुरी, पियानो आदि विद्युतीय सङ्गीत उपकरण आदि |
| १६ | कागज र कागजको सामान | किताब, कापी, पत्रिका, फोटोहरू, पोस्टर, कलम र विभिन्न शैक्षिक सामग्री आदि |
| १७ | रबर तथा प्लास्टिक | कच्चा पदार्थको रूपमा वा तिनबाट बनेको सामान, प्याकिङ गर्ने सामान, पाइप आदि |
| १८ | छाला र नक्कली छालाको सामान | बाकस, झोला, काटी छाता, टेक्ने लठ्ठी आदि |
| १९ | निर्माण सामग्री (गैरधातु) | पाइप, काठ, ईंटा, रोडा, ढुङ्गा, अलकत्रा, बासको खम्बा आदि |
| २० | फर्निचर सम्बन्धी सामान | फर्निचर, ऐना, फ्रेम, हाड र काठ, बासको छवाली आदिबाट तयार गरिएको सामान आदि |



कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| वर्ग | वस्तु र सेवाको प्रकार | वस्तु वा सेवाको नाम |
|---|---|---|
| २१ | घरायसी सामान | माटाको सामान, सरसफाइको उपकरण, ब्रस, काच र माटो पोर्सिलिनको सामान आदि |
| २२ | प्राकृतिक रेशा र डोरीको सामान | रेशा पदार्थ, डोरी, धागो, जाली बोरा आदिको सामान आदि |
| २३ | धागो र डोरी (लुगा बुन्ने) | लुगा बुन्ने प्रयोजनको विभिन्न धागो, डोरी आदि |
| २४ | कपडा | थान कपडा, तन्ना, टेबुलपोस, अन्य वर्गमा नपरेको वर्गको सामान आदि |
| २५ | लुगा लत्ता | शरीरमा लगाउने, टाउकोमा लगाउने, खुट्टामा लगाउने जुत्ता, मोजा आदि |
| २६ | फेन्सी सामान | रिबन, टाक, हुक आदि |
| २७ | भुइँ सजावटको सामान | कार्पेट, भित्ता सजाउने वस्तु, डोरम्याट आदि |
| २८ | खेलौना, खेलकुदको सामान | खेल्ने सामान, चाडपर्वमा सजाउने सामान, पुतली आदि |
| २९ | मासु र प्रशोधित खाद्यपदार्थ | माछा, मासु, कुखुरा, सुकुटी, फलफूल र तरकारीबाट बनाएको खाना, खाने तेल, जाम, जेली आदि |
| ३० | दैनिक निर्वाहको परिकार | चामल, पिठो, कफी, चिया, चिनी, विभिन्न मर मसला, नून, मिठाई, बिस्कुट आदि |
| ३१ | प्राकृतिक कृषि उत्पादन | जिउँदा पशुपन्छी, ताजा फलफूल तथा तरकारी, जङ्गलबाट पाउने खाद्य पदार्थ आदि |
| ३२ | हल्का पेय पदार्थ | वियर, जुस, प्रशोधित पानी आदि |
| ३३ | मदिराजन्य पदार्थ | वियर बाहेक सबै वाईन, हुस्की, रम, जिन आदि |
| ३४ | सुर्तीजन्य पदार्थ | चुरोट, बिंडी, खैनी, गुट्खा आदि |
| ३५ | विज्ञापन र व्यवसाय सेवा | विज्ञापन, व्यवस्थापन, प्रशासन र अफिस चलाउने कार्य आदि |
| ३६ | बीमा र वित्तीय सेवा | मुद्राको कारोबार, घरजग्गा कारोबार, लेखा कारोबार, बीमा आदि |
| ३७ | निर्माण तथा मर्मत सेवा | भवन निर्माण कार्य, मर्मत, जडान सेवा आदि |
| ३८ | दूरसञ्चार सेवा | एक व्यक्तिले अर्कोसँग सूचना सम्प्रेषण गर्ने सेवा र तरिका आदि |
| ३९ | यातायात र पारवहन | वस्तु प्याकेजिङ, ढुवानी यातायात सेवा, ट्राभल एजेन्सी, परिवहन सेवा आदि |
| ४० | वस्तुमा सञ्चालित प्रक्रिया | यान्त्रिक तथा रासायनिक प्रक्रिया, वस्तुको रुपान्तरण गर्ने, रङ्गाउने, दाग हटाउने, धुने, धार लगाउने आदि |
| ४१ | शैक्षिक र मनोरञ्जनात्मक | शिक्षा, तालिम, खेलकुद, सांस्कृतिक कार्यक्रम आदि |
| ४२ | वैज्ञानिक तथा प्राविधिक सेवा | अनुसन्धान र औद्योगिक विश्लेषण सम्बन्धी, कम्प्युटर हार्डवेयर र सफ्टवेयर सम्बन्धी सेवा आदि |
| ४३ | होटल तथा रेस्टुरेन्ट | कुनै पनि खाना र अस्थायी बसोबास उपलब्ध गराइने सेवा आदि |
| ४४ | स्वास्थ्य, सौन्दर्य र कृषिसेवा | औषधी उपचार, फिजियोथेरापी, पशु चिकित्सा, नर्सिङहोम, कुनै पनि कृषि सेवा आदि |



कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

| वर्ग | वस्तु र सेवाको प्रकार | वस्तु वा सेवाको नाम |
|---|---|---|
| ४५ | व्यक्तिगत सेवा | सेक्युरिटी, घरेलु कामदार, कुचिकार आदि |

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची-१२

(दफा ८४ को उपदफा (१) सँग सम्बन्धित)

**उजुरीको ढाँचा**

कार्यालयले भर्ने

उ. दर्ता नं.:

श्री औद्योगिक सम्पत्ति कार्यालयमा पेश गरेको

उजुरी

................................................................................ पक्ष/उजुरीकर्ता

विरुद्ध

................................................................................ विपक्ष

विषयः ...........................

१. म/हामी निवेदक निम्नलिखित प्रकरणमा लेखिए बमोजिम निवेदन गर्दछु/गर्दछौंः (उजुरीको विषयवस्तु, दाबी गर्ने आधार, दाबी र क्षतिपूर्तिको माग भए सो समेत प्रकण प्रकरणमा उल्लेख गर्ने)

(क)

(ख)

२. (ग)

(घ)

३. दाबी पुष्टि गर्ने कागज/प्रमाणः-

(क)

(ख)

(ग)

(घ)

४. कानून व्यवसायी नियुक्त गरेको भए कानून व्यवसायीको नाम र प्रमाणपत्र नंः

५. संगठित संस्थाको तर्फबाट उजुरी गरेको भएमा त्यस्तो उजुरी गर्न अधिकार दिएको अख्तियारनामाको प्रमाणित प्रतिलिपि,

६. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

उजुरीकर्ताको,-

दस्तखतः

नाम, थरः

ठेगानाः

इमेलः

फोन/मोबाइल नम्बरः

इति संवत् .......... साल ............ महिना ........ गते .......... रोज ........शुभम्।

*द्रष्टव्यः सङ्गठित संस्थाको तर्फबाट उजुरी दिँदा त्यस्तो संस्थाको नाम तथा ठेगाना र त्यस्तो संस्थाको तर्फबाट उजुरी दिन अधिकार पाएको व्यक्तिको नाम, थर र पद उल्लेख गर्नु पर्नेछ ।*

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# अनुसूची-१३

(दफा ९४ को उपदफा (१) सँग सम्बन्धित)

**................ आवेदनको विवरण संशोधन फारामको ढाँचा**

श्री कार्यालय प्रमुखज्यू,
औद्योगिक सम्पत्ति कार्यालय, ............।

विषयः आवेदनको विवरण संशोधन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा म/हामी ........................................................ (आवेदकको नाम) ले त्यस कार्यालयमा तपसील बमोजिमको विवरणसहित पेटेन्ट/उपयोगी नमुना/औद्योगिक डिजाइन/व्यापार चिन्ह/ ............................ दर्ताको लागि आवेदन गरेकोमा साबिकको आवेदन वा दर्तामा सारभूत रूपले भिन्नता नहुने देहायको विवरण औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा ९३ बमोजिम संशोधनको लागि आवेदन गरेको छु/छौं। अतः आवेदनसाथ संलग्न कागजात त्यस कार्यालयको अभिलेख फाइलमा राखी आवश्यक संशोधन गरी दिनुहुन अनुरोध छ।

१. आवेदित औद्योगिक सम्पत्तिको साबिकको विवरणः
   (क) औद्योगिक सम्पत्तिको नाम तथा विवरणः
   (ख) औद्योगिक सम्पत्ति आवेदन नम्बरः
   (ग) औद्योगिक सम्पत्ति प्रमाण पत्र नम्बरः
   (घ) वर्ग र वस्तु वा सेवाः
   (ङ) अन्य केही भएमाः
२. संशोधन माग गरिएको विवरणः
   (क) नाम, ठेगानाः
   (ख) स्वामित्व परिवर्तन (विदेशीको हकमा)
   (ग) उद्देश्य, इजाजत, सर्तको परिवर्तनः
   (घ) अन्य विवरणः
३. परिवर्तन गर्नुपर्नाको कारणः
४. संशोधनको व्यहोरा पुष्टि गर्ने प्रमाण कागजातः

आवेदकको,-
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
टेलिफोन नम्बरः
इमेलः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नोटः कानूनी प्रतिनिधिमार्फत् आवेदन गरेको भएमा अख्तियारनामा र अख्तियारी प्राप्त गर्ने व्यक्तिको परिचय खुल्ने कागज संलग्न गर्नु पर्नेछ।

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची– १४

(दफा ९६ को उपदफा (२) सँग सम्बन्धित)

**.................... आवेदन दर्ता किताबको ढाँचा**

| क्र. सं. | आवेदन दर्ता मिति | ................ धनीको नाम, ठेगाना | कानूनी प्रतिनिधि भए निजको नाम ठेगाना | ................ को स्वरूप | वर्ग | वस्तु वा सेवा वा प्रक्रिया | दर्ता नम्बर | भौचर नम्बर | रकम | बुझ्नेको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोटः औद्योगिक सम्पत्तिको प्रत्येक किसिमको लागि छुट्टाछुट्टै अभिलेख किताब राख्नु पर्नेछ।

विवरण तयार र पेस गर्नेको,-
हस्ताक्षर
नाम, थरः
पदः
मितिः

प्रमाणित गर्नेको,-
हस्ताक्षर
नाम, थरः
पदः
मितिः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची-१५

(दफा ९९ को उपदफा (२) र (५) सँग सम्बन्धित)

**...................... नवीकरण/अद्यावधिक गर्ने आवेदनको ढाँचा**

मितिः ......................

श्री कार्यालय प्रमुखज्यू,
औद्योगिक सम्पत्ति कार्यालय, .............।

विषयः ..................... नवीकरण/अद्यावधिक गरी पाउँ।

उपरोक्त सम्बन्धमा त्यस कार्यालयमा ............................................ (................ धनीको नाम, ठेगाना) को नाममा दर्ता रहेको तपसील बमोजिम विवरणको .................... को संरक्षण अवधि समाप्त हुन लागेको/समाप्त भएकोले औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ बमोजिम लाग्ने शुल्क बुझाएको रसिद यसैसाथ संलग्न गरी ................ को अवधि नवीकरण/अद्यावधिकको लागि अनुरोध गरेको/का छु/छौं। औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, २०८२ को दफा ........ बमोजिम .................. को नवीकरण/अद्यावधिक गरी दिन हुन सादर अनुरोध गर्दछु/छौं।

(१) .............. धनीको नाम, ठेगानाः
(२) औद्योगिक सम्पत्तिको नामः
(३) दर्ता प्रमाणपत्र नम्बर र जारी मितिः
(४) वर्ग र प्रयोग हुने वस्तु वा सेवाः
(५) संरक्षण अवधि समाप्त हुने मितिः

**संलग्न कागजातहरूः**
(१) शुल्क बुझाएको रसिद,
(२) सक्कल प्रमाणपत्र,
(३) अख्तियारनामा।

आवेदकको,-
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
फोन नम्बरः
इमेलः
मितिः

कृष्ण बहादुर राउत
सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय